“सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष”

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१/८२

कर्मचारी सञ्चय कोष
पुल्चोक, ललितपुर
www.epf.org.np

# कर्मचारी सञ्चय कोष

## सञ्चालक समिति



**श्री भुपाल बराल**
अध्यक्ष
सचिव (राजश्व), नेपाल सरकार



**प्रा.डा. तारा प्रसाद भुसाल**
(प्रा.डा., त्रिभुवन विश्वविद्यालय)



**श्री ईश्वर कार्की**
(प्रहरी अतिरिक्त महानिरीक्षक,
नेपाल प्रहरी)



**डा. धनिराम शर्मा**
सहसचिव, अर्थ मन्त्रालय



**श्री बिनोद थापा**
(सहायक रथी, नेपाली सेना)



**श्री देवेन्द्र रमण खनाल**
(प्रमुख कार्यकारी अधिकृत,
राष्ट्रिय वाणिज्य बैंक)



**सि.ए. जितेन्द्र धिताल**
(प्रशासक,
कर्मचारी सञ्चय कोष)

# कर्मचारी सञ्चय कोष

## व्यवस्थापन समूह



सि.ए. जितेन्द्र धिताल
प्रशासक



श्री जीवन कुमार कट्वाल
सह प्रशासक



श्री भरतराज वस्ती
का.मु.सह प्रशासक



श्री बिजय कुमार श्रेष्ठ
मुख्य प्रबन्धक



सि.ए. ध्रुव प्रसाद अधिकारी
मुख्य प्रबन्धक



श्री दामोदर प्रसाद सुवेदी
मुख्य प्रबन्धक



सि.ए. ठाकुर जंग थापा
मुख्य प्रबन्धक



श्री वीरेन्द्र पौडेल
मुख्य प्रबन्धक



श्री सुवास खड्का
मुख्य प्रबन्धक



श्री दर्शन भट्टराई
मुख्य प्रबन्धक



श्री सागर कुमार सिंह
मुख्य प्रबन्धक



श्री शान्ता गौतम
मुख्य प्रबन्धक



श्री नगेन्द्र प्रसाद पौडेल
का.मु. मुख्य प्रबन्धक



श्री नवराज पौडेल
का.मु. मुख्य प्रबन्धक



श्री राजेन्द्र भण्डारी
का.मु. मुख्य प्रबन्धक

## तथ्य चित्रमा

# कर्मचारी सञ्चय कोष

### कार्यालय तथा योगदानकर्ता विवरण

- सञ्चयकर्ता कार्यालय: ३३,३००
- योगदानकर्ता कार्यालय: ४,२००
- सञ्चयकर्ता: ५,७८,०००
- योगदानकर्ता: ९६,०००

### कुल स्रोत संकलन

| | |
|---|---|
| सञ्चय कोष | : रू. ५६३.१५ अर्ब |
| निवृत्तभरण कोष | : रू. १५.९७ अर्ब |
| जगेडा तथा बचत | : रू. ३९.७९ अर्ब |

- कुल आम्दानी: रू. ३९.८७ अर्ब
- स्रोत वृद्धि: रू. ५४.१२ अर्ब

### • कोषको कुल स्रोत परिचालनको अवस्था

**कुल स्रोत परिचालन**

कुल कर्जा तथा लगानी रू. ६००.३५ अर्ब

- रू. ०.२० अर्ब — सहायक कम्पनीहरूको शेयर पूँजी
- रू. १५५.४३ अर्ब — बैंक तथा वित्तीय संस्थाहरूमा रहेको मौज्दात
- रू. ०.९६ अर्ब — सम्पत्तिहरूमा लगानी
- रू. ८७.२२ अर्ब — परियोजना तथा संगठित संस्थाहरूलाई कर्जा तथा सापटी
- रू. २८२.८८ अर्ब — सञ्चयकर्तालाई कर्जा तथा सापटी
- रू. १.४३ अर्ब — सम्बद्ध कम्पनीहरूमा लगानी
- रू. ७२.२३ अर्ब — धितोपत्रहरूमा लगानी

## कोषमा सञ्चयकर्ताको क्षेत्रगत आबद्धता




## आबद्धताको आधारमा कूल सञ्चय कोष रकममा योगदान




- निजामती कर्मचारी
- नेपाल प्रहरी र सशस्त्र प्रहरी
- नेपाली सेना
- सामुदायिक तथा संस्थागत विद्यालय
- सार्वजनिक संस्थान र संगठित क्षेत्र

## सञ्चयकर्ता आवद्धता र बृद्धिको प्रतिशत




## वित्तीय प्रणालीमा कोषको सम्पत्तिको प्रतिशत



## सञ्चयकर्ता सापटी प्रवाह रकम

| | |
|---|---|
| घर सापटी | रू. ३,९३९.९४ करोड |
| जग्गा खरिद सापटी | रू. १३६.७० करोड |
| घर मर्मत सापटी | रू. १९७.७६ करोड |
| शैक्षिक सापटी | रू. ५१.३६ करोड |
| सरल सापटी | रू. ५७६ करोड |
| विशेष सापटी | रू. २३,९११.३१ करोड |

## सामाजिक सुरक्षा सुविधाको भुक्तानी

(आ.व. २०८१/८२)




- सञ्चयकर्ता स्वास्थ्य उपचार योजना
  ५,३५५ जना, रकम रू. ३३ करोड ९७ लाख
- काजकिरिया अनुदान योजना
  ६०५ जना, रकम रू. २ करोड ४२ लाख
- दुर्घटना क्षतिपूर्ति योजना
  १७० जना, रकम रू. ३ करोड ३८ लाख
- सुत्केरी तथा शिशु स्याहार योजना
  १९,१११ जना, रकम रू. १४ करोड ३३ लाख

**कुल जम्मा: २५,२४१ जना**

**कुल रकम: रू. ५४ करोड ११ लाख**

## कोषबाट प्रदान गरिएको कुल प्रतिफलको तुलनात्मक विवरण




## सञ्चय कोष रकम वृद्धिको प्रवृत्ति



## निवृत्तभरण कोष रकम वृद्धिको प्रवृत्ति




## पूर्वाधार क्षेत्रमा स्रोत परिचालनको अवस्था

(रकम रू. करोडमा)



# विषयसूची


| परिच्छेद | विषय | पृष्ठ संख्या |
|---|---|---|
| परिच्छेद १ | परिचय | १ |
| १.१ | कोषको स्थापना | १ |
| १.२ | कोषको ऐतिहासिक पृष्ठभूमि | १ |
| १.३ | दूरदृष्टि (Vision) | २ |
| १.४ | दीर्घकालीन लक्ष्य (Mission) | २ |
| १.५ | कोषको उद्देश्य | २ |
| १.६ | प्रमुख रणनीति तथा कार्ययोजना | ३ |
| १.७ | व्यवस्थापकीय मान्यता (Core Values) | ३ |
| १.८ | अन्तर्राष्ट्रिय आबद्धता | ३ |
| १.९ | आर्थिक वर्ष २०८१/८२ का प्रमुख उपलब्धि | ४ |
| परिच्छेद २ | संस्थागत संरचना र सुशासन | ८ |
| २.१ | सङ्गठनात्मक संरचना | ८ |
| २.२ | समिति तथा उपसमिति | ९ |
| २.३ | कार्यसम्पादन र मानव संसाधन व्यवस्थापन तथा विकास | १४ |
| २.४ | संस्थागत सुशासन | १८ |
| २.५ | व्यावसायिक मूल्य मान्यता तथा नैतिकता | १९ |
| २.६ | सूचना प्रवाह प्रणाली | १९ |
| २.७ | संस्थागत सामाजिक उत्तरदायित्व | २० |
| २.८ | जोखिम व्यवस्थापन | २० |
| २.९ | लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली | २१ |
| परिच्छेद ३ | कोषको आन्तरिक तथा बाह्य पक्षको विश्लेषण | २२ |
| ३.१ | कोषको आन्तरिक वातावरण | २२ |
| ३.२ | बाह्य वातावरणको विश्लेषण | २३ |
| ३.३ | नेपालको वित्तीय प्रणाली र कुल ग्राहस्थ उत्पादनमा कोषको योगदान | २८ |
| ३.४ | कोषको सबल पक्ष, दुर्वल पक्ष एवम् अवसर र चुनौतीको विश्लेषण | ३० |

| परिच्छेद | विषय | पृष्ठ संख्या |
|---|---|---|
| परिच्छेद ४ | कोषको मुख्य कारोबार | ३४ |
| ४.१ | सञ्चयकर्ताको आबद्धता | ३४ |
| ४.२ | सञ्चयकर्ता वृद्धिको अवस्था | ३५ |
| ४.३ | सञ्चयकोष रकम वृद्धिको अवस्था | ३६ |
| ४.४ | निवृत्तभरण तथा उपदान कोष रकमको अवस्था | ३६ |
| ४.५ | सञ्चय कोष भुक्तानीको अवस्था | ३७ |
| ४.६ | निवृत्तभरण कोष भुक्तानीको अवस्था | ३८ |
| परिच्छेद ५ | सञ्चयकर्तालाई प्रदान गरिएको सेवा तथा सुविधाहरू | ३९ |
| ५.१ | वित्तीय प्रतिफल | ३९ |
| ५.२ | सापटी सुविधा | ४१ |
| ५.३ | सामाजिक सुरक्षा सुविधा | ४७ |
| ५.४ | कोषको सेवा प्रभावकारी बनाउन सञ्चालन गरिएका थप सेवा | ५१ |
| परिच्छेद ६ | वित्तीय विश्लेषण | ५४ |
| ६.१ | आर्थिक वर्ष २०८१/८२ को वित्तीय विश्लेषण | ५४ |
| ६.२ | कोषको विगत ५ वर्षको तुलनात्मक वित्तीय विवरण | ५६ |
| ६.३ | कोषको लेखा तथा लेखापरीक्षण | ५९ |
| परिच्छेद ७ | कोषको लेखापरीक्षण प्रतिवेदन तथा वित्तीय विवरण | ६१ |
| परिशिष्ट | सम्बन्धित ऐन, नियम, नीति तथा कार्यविधिहरूको सूची | ११८ |




कोषको सुन्धारा भवनको फाइल तस्वीर

परिच्छेद १

# परिचय

## १.१ कोषको स्थापना

नेपाल सरकारको विभिन्न सेवाका कर्मचारी लगायत संगठित संस्था तथा निजी क्षेत्रका कर्मचारी एवम् कामदारहरुको सञ्चय कोष व्यवस्थापन गर्ने उद्देश्यबाट कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुरुप कर्मचारी सञ्चय कोषको स्थापना वि.सं. २०१९ साल भाद्र ३१ गते भएको हो ।

कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा भएको नवौं संशोधनबाट नेपाल सरकार र संगठित संस्थाका कर्मचारीहरु, अन्य कर्मचारीहरु र स्वरोजगारमा संलग्न व्यक्तिहरुको निमित्त समेत सञ्चय कोष, निवृत्तभरण कोष लगायत अन्य सामाजिक सुरक्षा कोषहरु सञ्चालन गर्न सक्ने गरी कोषको कार्यक्षेत्र र दायरा विस्तार भएको छ । निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम योगदानमा आधारित निवृत्तभरण कोष सञ्चालनको अधिकार समेत कोषलाई प्राप्त भएको छ ।

## १.२ कोषको ऐतिहासिक पृष्ठभूमि

सैनिकहरूको सेवा निवृत्त जीवनमा आर्थिक राहत पुऱ्याउने उद्देश्यले वि.सं. १९९१ मा **सैनिक द्रव्य कोष** स्थापना भएको थियो । यस व्यवस्थालाई विस्तार गरी निजामती कर्मचारीका निमित्त वि.सं. २००१ मा **निजामती प्रोभिडेन्ट फण्ड**को व्यवस्था गरियो ।

सञ्चय कोष सम्बन्धी भएका यी दुवै व्यवस्थालाई एकीकृत गरी वि.सं.२०१७ सालमा अर्थ मन्त्रालय अन्तर्गत **कर्मचारी सञ्चय कोष विभाग**को स्थापना गरियो । देशमा सञ्चय कोषको व्यवस्थापनलाई अझ प्रभावकारी बनाउने उद्देश्यले वि.सं. २०१९ भदौ ३१ गते निजामती कर्मचारी, नेपाली सेना र नेपाल प्रहरीका कर्मचारी समेतका लागि कर्मचारी सञ्चय कोष ऐन, २०१९ जारी गरी एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्थाको रूपमा वर्तमान **कर्मचारी सञ्चय कोष**को स्थापना भएको हो ।

नेपाली सेना, नेपाल प्रहरी र निजामती कर्मचारीको सञ्चय कोष व्यवस्थापन गर्दै आएको कोषले वि.सं. २०३६ सालदेखि शिक्षकहरुको र वि.सं. २०४८ सालदेखि निजी क्षेत्रका संगठित संघ संस्थामा कार्यरत कर्मचारी तथा कामदारहरुलाई आफ्नो दायरामा समाहित गरेको छ । स्थापना कालमा २७ हजारभन्दा बढी सञ्चयकर्ताको रु.३७ लाखको व्यवस्थापन गर्ने जिम्मेवारी पाएको कोषले २०८२ असार मसान्तसम्ममा ५ लाख ७८ हजार सञ्चयकर्ताको रु. ५६३ अर्ब सञ्चय कोष र ९६ हजार योगदानकर्ताको रु. १६ अर्ब निवृत्तभरण कोषसमेत गरी करिब रु. ६२४ अर्ब कुल स्रोतको व्यवस्थापन गर्दै आएको छ । त्यसैले स्रोत परिचालनको दृष्टिकोणबाट कोष मुलुकको बृहत वित्तीय संस्थाको रुपमा स्थापित भइसकेको छ ।

ललितपुर जिल्ला, ललितपुर महानगरपालिकाको पुल्चोकमा केन्द्रीय कार्यालय रहेको कोषको उपत्यकाभित्र ठमेल र लगनखेलमा, ७ वटै प्रदेशका विभिन्न ८ स्थानमा शाखा कार्यालयहरू तथा ४ स्थानमा सेवाकेन्द्रहरू सञ्चालन गरी सबै क्षेत्रका सञ्चयकर्तालाई सेवा प्रवाहमा समेटिरहेको छ ।

## १.३ दूरदृष्टि (Vision)

**सञ्चय कोष, निवृत्तभरण कोष र अन्य सामाजिक सुरक्षा योजनाको व्यवस्थापनको माध्यमबाट कोषलाई सरकारी तथा सार्वजनिक क्षेत्रको एकीकृत सामाजिक सुरक्षा संस्थाको रूपमा विकास गर्ने ।**

## १.४ दीर्घकालीन लक्ष्य (Mission)

**(क) प्रभावकारी स्रोत परिचालन, दिगो एवम् गुणस्तरीय सेवा तथा आधारभूत सामाजिक सुरक्षण कार्यक्रमको विस्तारको माध्यमद्वारा कोषलाई सु-प्रतिष्ठित सामाजिक सुरक्षा प्रदायक संस्थाको रूपमा स्थापित गर्ने ।**

**(ख) चुस्त व्यवस्थापन, गुणात्मक सेवाको विकास र विस्तार, प्रतिस्पर्धी र सेवा मैत्री कार्यपद्धति, सहकार्य र साझेदारीका अवधारणा अवलम्वन गरी कोषलाई अन्तर्राष्ट्रिय स्तरको सक्षम सामाजिक सुरक्षण संस्थाका रूपमा विकास गर्ने ।**

**(ग) सञ्चय कोष, निवृत्तभरण कोष र अन्य सामाजिक सुरक्षा योजनाको सुव्यवस्थापनद्वारा कोषलाई सन्तुष्ट र स्वस्थ्य सञ्चयकर्ता परिवार** (A happy and healthy family of satisfied members) **बनाउने ।**

**(घ) कोषमा उपलब्ध दीर्घकालीन बचतलाई देशको उत्पादनशील तथा पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी दीगो आर्थिक विकासमा योगदान गर्ने ।**

## १.५ कोषको उद्देश्य

कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम कोषको उद्देश्य सञ्चय कोष व्यवस्थापन गर्ने रहेको छ । साथै, कोषले निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम योगदानमा आधारित निवृत्तभरण कोषको समेत व्यवस्थापन गरिरहेको छ । कोषले आफ्नो उद्देश्य प्राप्तिका लागि सञ्चय कोष र निवृत्तभरण कोषको व्यवस्थापन गर्ने, दीर्घकालीन वित्तीय स्रोत एवम् अन्य सम्पत्तिलाई आय आर्जनका क्षेत्रमा लगानी गर्ने, सञ्चयकर्ताहरुको सेवाकालीन आवश्यकता परिपूर्तिका लागि सापटी सुविधाहरुको व्यवस्थापन गर्ने, सञ्चयकर्ता तथा योगदानकर्ताहरुको अवकाशपछिको रकम भुक्तानी गर्ने, सञ्चयकर्ताको निमित्त आवास परियोजनाको सञ्चालन गर्ने, कोषले सम्पादन गर्नुपर्ने कामलाई व्यवस्थित रुपले सम्पादन गर्न संस्था वा कम्पनीको स्थापना र सञ्चालन गर्ने तथा मुनाफाबाट सृजना गरिएका जगेडा कोषहरुबाट खर्च व्यहोर्ने गरी सञ्चयकर्ताहरुलाई विभिन्न प्रकारका सामाजिक सुरक्षा सुविधा प्रदान गर्ने लगायतका सञ्चयकर्ता तथा योगदानकर्ताको हितसँग सम्बन्धित अन्य कार्य गर्नु कोषको प्रमुख जिम्मेवारी रहेको छ ।

## १.६ प्रमुख रणनीति तथा कार्ययोजना

निर्धारित दूरदृष्टि र दीर्घकालीन लक्ष्य अनुरुप कोषलाई सुदृढ र गतिशील तथा सशक्त संस्थाको रुपमा विकास गर्न देहायका पाँचवटा प्रमुख रणनीतिहरु अवलम्वन गरिने छ :

(क) एकीकृत अवकाश कोषको रुपमा कोषलाई सरकारी, तथा सार्वजनिक एवम् औपचारिक क्षेत्रको सामाजिक सुरक्षा प्रदायक संस्था बनाई यस क्षेत्रमा काम गर्ने कर्मचारीहरुको समाजिक सुरक्षाका सम्पुर्ण सुविधा वा योजना सञ्चालन तथा कार्यान्वयन गर्ने ।

(ख) संस्थागत सुशासन कायम गरी वित्तीय स्रोतको सुरक्षित, प्रभावकारी, प्रतिफलयुक्त र दक्षतापूर्ण परिचालन मार्फत दीर्घकालीन रुपमा सञ्चयकर्ताहरुको हित तथा राज्यको आर्थिक विकासमा योगदान पुऱ्याउने ।

(ग) सञ्चयकर्ता सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी र सञ्चयकर्तामैत्री बनाई नवप्रर्वतनको अवधारणा र अन्य सामाजिक सुरक्षा संस्थाका असल अभ्यासको अवलम्वन मार्फत सेवाग्राहीहरुको सन्तुष्टी अभिवृद्धि गर्ने ।

(घ) श्रोतको सङ्कलन तथा प्रभावकारी परिचालन, कोषको लेखाङ्कन र सञ्चयकर्ता सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग गर्ने ।

(ङ) मानव संसाधनको प्राप्ति, विकास, उपयोग तथा व्यवस्थापनलाई दक्षतापूर्ण एवम् कोषलाई गतिशील सामाजिक सुरक्षा संस्थाको रुपमा प्रभावकारी बनाई स्थापित गर्ने ।

## १.७ व्यवस्थापकीय मान्यता (Core Values)

कोषले आफ्नो कार्यसम्पादन गर्दा देहायका व्यवस्थापकीय मूल्य मान्यतालाई आत्मसात गर्नेछ :




## १.८ अन्तर्राष्ट्रिय आबद्धता

(क) कर्मचारी सञ्चय कोषले अन्तर्राष्ट्रिय सामाजिक सुरक्षण संस्था (International Social Security Association-ISSA) को सन् १९८० मा Associate सदस्यता प्राप्त गरेकोमा सञ्चय कोष व्यवस्थापनका अतिरिक्त सामाजिक सुरक्षाका क्षेत्रमा महत्वपूर्ण कार्यहरु गरेको फलस्वरुप वि.सं. २०७९ मा कोषले सो संस्थाको Affiliate सदस्यता प्राप्त भएको छ ।

issa

(ख) कर्मचारी सञ्चय कोष, एशिया तथा प्रशान्त क्षेत्रका विकास वित्त कम्पनीहरुको संस्था (Association of Development Financing Instititutions in Asia and the Pacific-ADFIAP) को सदस्य रहेको छ । देशमा वित्तीय स्रोत परिचालन गर्ने अग्रणी संस्था भएकोले कोषले सन् २०१४ मा ADFIAP को सदस्यता प्राप्त गरेको हो ।

ADFIAP
financing sustainable development

## १.९ आर्थिक वर्ष २०८१/८२ का प्रमुख उपलब्धि

### १.९.१ नीतिगत तथा कानुनी सुधारः

(क) कोष ऐनमा समयानुकुल सुधार गरी कोषको कार्यक्षेत्रमा वृद्धि गर्न तथा लगानीको दायरा विस्तार गर्न आवश्यक भएकाले कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा आवश्यक संशोधन गर्न नेपाल सरकार, अर्थ मन्त्रालय मार्फत प्रक्रिया अगाडि बढाइएको छ ।

(ख) कोषको काम कारबाहीलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन र कर्मचारी सञ्चय कोष ऐन, २०१९ को उद्देश्य पूरा गर्नका लागि नेपाल सरकारको स्वीकृतिमा कर्मचारी सञ्चय कोष नियमावली, २०८१ कार्यान्वयनमा आएको छ ।

(ग) कोषलाई सरकारी तथा सार्वजनिक क्षेत्रको एकीकृत सामाजिक सुरक्षा संस्थाको रूपमा विकास गर्ने योजनास्वरुप सार्वजनिक निकायका कर्मचारीको निवृतभरण तथा उपदान कोष सञ्चालन विनियमावली, २०८१ बनाई कार्यान्वयन गरिएको छ ।

(घ) सञ्चयकर्तालाई सरल, स्पष्ट र व्यवस्थित ढङ्गले कर्जा तथा सापटी प्रवाह गर्न तथा कर्जा प्रवाहको दायरा बिस्तार गर्नका लागि कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता सापटी प्रवाह विनियमावली, २०८० र सञ्चयकर्ता कर्जा असुली विनियम, २०७९ मा समयानुकुल संशोधन गरिएको छ । साथै, कोषले सञ्चयकर्तालाई उपलब्ध गराउने सेवालाई थप सरल र प्रभावकारी बनाउनका लागि कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता कार्यालय तथा संस्था सूचीकरण विनियमावली, २०८१ बनाई लागु गरिएको छ ।

(ङ) अभिलेख व्यवस्थापनलाई थप सुरक्षित बनाउनको लागि कर्मचारी सञ्चय कोष, अभिलेख व्यवस्थापन विनियमावली, २०८१ स्वीकृत भई लागुभएको छ ।

(च) कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम १६६ बमोजिम करार सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी विनियमावली, २०८१ स्वीकृत भई लागु भएको छ ।

(छ) कोषको योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनलाई तथ्यपरक, गुणस्तरीय, पारदर्शी र विश्वसनीय बनाउनका लागि कर्मचारी सञ्चय कोष, वार्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मापदण्ड, २०८२ बनाई लागु गरिएको छ ।

(ज) कोषको जोखिम व्यवस्थापनको लागि कर्मचारी सञ्चय कोष, जोखिम व्यवस्थापन निर्देशिका, २०८१ लागु गरी त्रैमासिक रुपमा जोखिम विवरण (Risk Profile) अद्यावधिक गर्दै लगिएको छ ।

(झ) कोषको वित्तीय श्रोतलाई सुरक्षित, प्रभावकारी र न्यून जोखिमयुक्त बनाई बजारमा उपलब्ध अवसरहरुको सदुपयोग गर्न लगानीको विनिवेश गर्ने प्रक्रियालाई सरल, स्पष्ट र व्यवस्थित गर्ने उद्देश्यले कर्मचारी सञ्चय कोष, लगानी विनिवेश विनियमावली, २०८२ लागु गरिएको छ ।

### १.९.२ सञ्चयकर्ता सेवाः

(क) सञ्चयकर्ताको सेवाकालीन आवश्यकतालाई सम्बोधन गर्न विभिन्न प्रकारका धितोमा आधारित सापटी प्रदान गरिदैं आएकोमा २०८२ असार मसान्तसम्ममा घर सापटी ३३,३१५, घरमर्मत सापटी २,९३५, शैक्षिक सापटी १,६४०, सरल सापटी ६,७३६ र जग्गा खरिद सापटी ७५३ गरी जम्मा ४५,३७९ को संख्यामा धितोमा आधारित सापटीमा जम्मा रकम रु. ४९ अर्ब २ करोड प्रवाह गरिएको छ ।

(ख) सञ्चयकर्ता कर्जाको दायरा बिस्तार गर्ने उद्देश्यअनुरुप आर्थिक वर्ष २०८१/८२ मा संखुवासभा, म्याग्दी, जाजरकोट, बैतडी र डडेलधुरा गरी ५ वटा नयाँ जिल्लामा धितोमा आधारित सञ्चयकर्ता कर्जाको क्षेत्र विस्तार गरिएको छ । उपरोक्त क्षेत्र बिस्तार पश्चात ४३ वटा जिल्लामा कोषको धितोमा आधारित कर्जा लागु भएको छ ।

(ग) सञ्चयकर्ता भुक्तानीलाई पूर्ण रुपमा Faceless र Counterless बनाउने योजना अन्तर्गत Online Repayment, Online Full Payment र Online Special Loan Payment का तीन वटै प्रणालीहरू कार्यान्वयनमा आईसकेको छ । सञ्चयकर्ताको छुट रकम भुक्तानी र Bulk Payment सम्बन्धी कारोबारहरु अनलाइन प्रणालीमार्फत भुक्तानी गर्न सुरु गरिएको छ ।

(घ) विशेष सापटी मध्ये करीब ९९ प्रतिशत अनलाइन पद्धतिबाट प्रवाह भएको छ । आंशिक भुक्तानी र Full Payment अनलाइन पद्धतिबाट प्रवाह गर्न सुरु गरिएको छ । आगामी वर्षबाट आंशिक भुक्तानी र Full Payment को भुक्तानी समेत शतप्रतिशत अनलाइन पद्धतिबाट हुने व्यवस्था मिलाइएको छ ।

(ङ) प्रभावकारी र गुणस्तरीय सेवाका लागि सञ्चयकर्ताको तथ्याङ्क डिजिटल स्वरुपमा सङ्कलन गर्ने कार्य अन्तर्गत अवकाश प्राप्त समेत गरी हालसम्म ७ लाख ९७ हजार सञ्चयकर्ताको विवरण अद्यावधिक गरिएको छ । साथै ३० हजार ७ सय सञ्चयकर्ता कार्यालयको Office KYC अद्यावधिक गरिएको छ । व्यक्तिगत KYC Verification विवरणलाई नागरिक एपसँग समेत आबद्ध गरिएको छ ।

(च) सञ्चयकर्ता परिचयपत्रको भौतिक स्वरुपमा परिमार्जन गरी परिचयपत्रलाई विद्युतीय परिचयपत्रले प्रतिस्थापन गर्ने लक्ष्य अनुरुप Digital Platform मा उपलब्ध हुने परिचयपत्रलाई मान्यता दिई सञ्चयकर्तालाई KYC Verification सँगै Digital Device मा परिचयपत्र उपलब्ध हुने प्रणाली लागु गरिएको छ ।

(छ) सञ्चयकर्ताको जिज्ञासा तथा गुनासो व्यवस्थापन गर्न कल सेन्टरलाई आधुनिक प्रविधियुक्त बनाई व्यवस्थित रुपमा कल सेन्टर सञ्चालन गरिएको छ । कल सेन्टरबाट गत आर्थिक वर्षमा सञ्चयकर्ताका ५६,०५१ वटा जिज्ञासा तथा गुनासो सम्बोधन भएको छ ।

(ज) नियमित सञ्चयकर्ता माझ ई-सर्भिस सेवाको उपलब्धता सत प्रतिशत पुर्याइएको छ । साथै, कोषको मोवाईल एपबाट समेत अनलाइन विशेष सापटी प्राप्त गर्न आवेदन दिन सक्ने व्यवस्था मिलाइएको छ ।

(झ) नेपाल सरकारबाट कार्यान्वयनमा ल्याइएको CGAS र SuTRa तथा कोषको Web Portal बाट समेत फाँटवारी सङ्कलन गरी पूर्ण रुपमा Digital फाँटवारी प्राप्त गरी सोझै खातामा प्रविष्टि गर्ने व्यवस्था मिलाइएको छ । आ.व.२०८१/८२ को अवधिमा कोषमा प्राप्त डिजिटल फाँटवारी र कुल फाँटवारीको अनुपात करिब सत प्रतिशत पुगेको छ ।

(ञ) कोषका सञ्चयकर्ताको व्यक्तिगत विवरण नेपाल सरकारको राष्ट्रिय परिचयपत्रमा उल्लेखित विवरणसँग भिडान गरी सेवा प्रवाह गर्नको लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग समन्वय गरी System Intregate को Testing गरी सकिएको छ । API मार्फत System Intregate गर्नको लागि प्रक्रिया अघि बढाइएको छ ।

## १.९.३ लगानी व्यवस्थापन:

(क) सुरक्षित, प्रतिफलयुक्त एवम् दिगो लगानी गरी प्राप्त प्रतिफलको न्यायोचित वितरणबाट सञ्चयकर्तालाई सन्तुष्टि दिने मूल उद्देश्य राखी लगानी व्यवस्थापन गरिएको छ ।

(ख) कोषको कुल कर्जा तथा लगानी रु. ६००.३५ अर्ब मध्ये सञ्चयकर्ता कर्जा तथा सापटीमा ४७.१२ प्रतिशत, मुद्दती निक्षेपमा २५.८९ प्रतिशत, परियोजना कर्जामा १४.५३ प्रतिशत, पुँजी बजारमा १२.३१ प्रतिशत र अन्य क्षेत्रमा ०.१६ प्रतिशत परिचालन गरिएको छ ।

(ग) कोषमा उपलब्ध दीर्घकालीन बचतलाई देशको उत्पादनशील तथा पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी दिगो आर्थिक विकासमा योगदान गर्ने कोषको दीर्घकालीन लक्ष्य (Mission) अनुरुप कोषको कुल लगानी रु. ५९९.६१ अर्ब मध्ये पूर्वाधार क्षेत्रमा रु. १००.१८ अर्ब (करीब १६.७१ प्रतिशत) लगानी प्रवाह गरिएको छ ।

(घ) सार्वजनिक/सार्वजनिक तथा सार्वजनिक/निजी साझेदारी अन्तर्गत रु १ अर्ब ५९ करोड कर्जा स्वीकृत गरिएको छ । ब्याज पुँजीकरण सहित आ.व. २०८१/८२ मा एकल कर्जा तर्फ करिव रु.३.३९ अर्ब र सहवित्तीयकरण कर्जा तर्फ रु. ०.९६ अर्ब कर्जा लगानी गरिएको छ ।

(ङ) आर्थिक वर्ष २०८१/८२ मा कोषबाट प्रवाह भएका परियोजना कर्जा सहित उर्जा, खानी, पर्यटन, स्वास्थ्य र आवास क्षेत्रसमेतमा गरी कुल रु. ९७ अर्ब ७९ करोड परियोजना कर्जा प्रवाह भएको छ । परियोजना कर्जा अन्तर्गत उर्जा क्षेत्रमा कोषको लगानी रु. ६९ अर्ब २३ करोड रहेको छ । देशको कुल जलविद्युत उत्पादन क्षमता मध्ये करिव ३७ प्रतिशत अर्थात १३२२.३० मेगावाट जलविद्युतमा कोषको लगानी रहेको छ ।

### १.९.४ निवृत्तभरण कोष व्यवस्थापन:

(क) निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम २०७६ साल साउन महिनादेखि नयाँ नियुक्त भएका कर्मचारीको योगदानमा आधारित निवृत्तभरण कोष अन्तर्गत आर्थिक वर्ष २०८१/८२ सम्ममा करीब ९६ हजार योगदानकर्ताको रु. १६ अर्ब सञ्चित भएको छ ।

(ख) निवृत्तभरण कोषमा जम्मा भएको रकम मध्ये २०८२ असारमसान्त सम्ममा सरकारी सुरक्षण पत्रमा करीब रु.७ अर्ब १७ करोड, वाणिज्य बैंकहरुको डिवेञ्चरमा करीब रु.५ अर्ब ८१ करोड र मुद्दती निक्षेपमा रु.९० करोड लगानी गरिएको छ ।

(ग) सार्वजनिक निकायका कर्मचारीको लागि सुरु गरिएको योगदानमा आधारित निवृत्तभरण तथा उपदान योजनामा २०८२ आषाढ मसान्तसम्ममा सार्वजनिक क्षेत्रका थप ७ वटा सार्वजनिक निकाय सहित २७ वटा आवद्ध भएका छन् ।

### १.९.५ सामाजिक सुरक्षा, सञ्चयकर्ता सापटी र कोष भुक्तानी:

(क) कोषबाटै दायित्व व्यहोर्ने गरी सामाजिक सुरक्षा सुविधा अन्तर्गत आर्थिक वर्ष २०८१/८२ को अवधिमा २५ हजार २४० जना सञ्चयकर्ता तथा सञ्चयकर्ताको हकवाला समेतलाई करिब रु. ५४ करोड १० लाख वितरण गरिएको छ ।

(ख) आर्थिक वर्ष २०८१/८२ को आषाढ मसान्तसम्ममा मातृत्व तथा शिशु स्याहार अन्तर्गत १९,१११ जना, काजकिरिया अनुदान खर्च ६०४ जना, दुर्घटना क्षतिपूर्ति १७० जना, विशेष आर्थिक सुविधा शोधभर्ना ११५ जना, साधारण औषधोपचार ३,९५९ जना र कडारोग औषधोपचार १,३९६ जना सञ्चयकर्तालाई रु. ५५ करोड ८२ लाख सामाजिक सुरक्षा योजनामार्फत वितरण गरिएको छ ।

(ग) सञ्चयकर्ताको सेवाकालको आवश्यकता तथा आधारभूत सुविधा प्रदान गर्ने उद्देश्यले सञ्चालित विशेष सापटी, घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी, सरल सापटी र जग्गा खरिद सापटी अन्तर्गत आर्थिक वर्ष २०८१/८२ मा १ लाख ५८ हजार ३४० सञ्चयकर्तालाई रु. ५४ अर्ब ७७ करोड कर्जा तथा सापटी प्रवाह गरिएको छ ।

(घ) कोषले आर्थिक वर्ष २०८१/८२ मा ४० हजार १९९ जना सञ्चयकर्तालाई कोष रकम भुक्तानी र ७४ हजार १३४ जना सञ्चयकर्तालाई आंशिक कोष रकम भुक्तानी गरी कुल जम्मा रु.१८ अर्ब ८७ करोड भुक्तानी गरिएको छ ।

### १.९.६ मानव संसाधन व्यवस्थापन तथा विकास:

(क) सबै कर्मचारीलाई पेशागत तालिमको माध्यमबाट दक्ष बनाउने कोषको नीति अनुरुप आर्थिक वर्ष २०८१/८२ को अवधिमा ५३८ जना कर्मचारीलाई स्वदेशमा तथा ८२ जना कर्मचारीलाई वैदेशिक तालिम प्रदान गरिएको छ ।

(ख) कर्मचारीहरुको वृत्ति विकास तथा पदपूर्तिको लागि आर्थिक वर्ष २०८१/८२ मा पदपूर्तिको प्रक्रिया मार्फत् २९ जना नयाँ कर्मचारी नियुक्त भएका छन् भने २२ जना कर्मचारीको कार्यक्षमता मूल्याङ्कन बढुवा भएका छन् ।

(ग) कर्मचारीहरुको सरुवा, बढुवालाई व्यवस्थित गर्न Human Resources Information Management System कार्यान्वयन गरी Automation मा लगिएको छ ।

(घ) कोषको सङ्गठनात्मक संरचना पुनरावलोकन गरी कार्यात्मक (Functional) संरचना लागु गर्ने उद्देश्यले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँग कार्यसम्पादन सम्झौता भई उक्त प्रतिष्ठानले कोषको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) को कार्य गरीरहेको छ ।

## १.९.७ सम्पत्ति व्यवस्थापनः

(क) कोषको स्वामित्वमा रहेका जग्गाहरुको विकास गर्ने, भवनहरुको मर्मत सम्भार गर्ने, नयाँ भवन निर्माण गर्ने, आवास योजना सञ्चालन गर्ने वा जग्गा तथा भवनको भाडा व्यवस्थापन गर्ने उद्देश्यले कोषको पूर्ण स्वामित्वमा स्थापित सञ्चय कोष घरजग्गा व्यवस्थापन कम्पनी प्रा.लि. मार्फत पोखरा, हेटौंडा र जनकपुर कार्यालयको भवन निर्माण सम्पन्न भई उक्त कार्यालयहरुको दैनिक कार्य सञ्चालन नयाँ भवनबाट सुरु गरिएको छ ।

(ख) सञ्चयकर्तालाई सहुलियत दरमा आवास उपलब्ध गराउने उद्देश्यले सञ्चय कोष घर जग्गा व्यवस्थापन कम्पनी मार्फत चितवनमा जग्गा विकासको कार्य सम्पन्न भई आवास आयोजना निर्माणको कार्य अगाडि बढाइएको छ ।

(ग) कोषको स्थिर सम्पत्तिको व्यवस्थापनमा सूचना प्रणाली लागु गर्न एकीकृत सम्पत्ति व्यवस्थापन सूचना प्रणाली (Asset Management System) र बहाल व्यवस्थापनको लागि बहाल व्यवस्थापन प्रणाली (Rental Management System) लागु गरिएको छ ।

## १.९.८ सूचना प्रविधिः

(क) कोषमा डाटावेस सहितको MIS तथा HRIMS प्रणाली लागु भएको छ । साथै, MIS मा उपलब्ध सूचनाका आधारमा Offsite लेखापरीक्षणको व्यवस्था कार्यान्वयन भएको छ । उच्च व्यवस्थापनको लागि आवश्यक Executive Information System (EIS) प्रणाली निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

(ख) कोषका कागजातको संरक्षण तथा व्यवस्थापनको लागि अभिलेख व्यवस्थापन प्रणाली (Document Management System) प्रयोगमा ल्याइएको छ ।

(ग) सञ्चयकर्ताको व्यक्तिगत विवरण (KYC) अद्यावधिक गर्दाकै बखतमा नै User र Password प्रदान गरिने व्यवस्था बमोजिम ई सर्भिस (E- service) र कर्मचारी सञ्चय कोष मोवाइल एप (EPF Mobile Apps) प्रयोग गर्ने सञ्चयकर्ता र कुल सञ्चयकर्ता सङ्ख्याको अनुपात ९९.०४ प्रतिशत रहेको छ ।

(घ) सञ्चयकर्ता सेवा प्रवाहमा Artificial Intelligence को Implementation Model सम्बन्धमा वाह्य विज्ञ मार्फत अध्ययन सम्पन्न गरी कार्यान्वयनको चरणमा रहेको छ ।



परिच्छेद २

# संस्थागत संरचना र सुशासन

## २.१ संगठनात्मक संरचना

कोषको संगठनात्मक संरचनामा सात सदस्यीय एक सञ्चालक समिति रहेको र सञ्चालक समिति मातहत विभिन्न समिति तथा उपसमिति रहेका छन् । कोषको विद्यमान संस्थागत संरचना देहाय अनुरुप रहेको छ :



### २.१.१ कोषको प्रशासक:

कर्मचारी सञ्चय कोष ऐन, २०१९ (संशोधन सहित) को दफा ६(क) ले कोषको दैनिक कार्य सञ्चालनका लागि कोषको प्रशासकीय प्रमुखका रुपमा प्रशासकको व्यवस्था गरेको छ। मिति २०७९/०८/२० देखि प्रशासकको रुपमा श्री जितेन्द्र धिताल कार्यरत हुनुहुन्छ । साथै, नेपाल सरकार, अर्थ मन्त्रालय र कोषका प्रशासकबीच भएको कार्यसम्पादन सम्झौताले कोषको आगामी दिशानिर्देश गरेको छ।

### २.१.२ संगठनात्मक संरचना:

कोष सञ्चालक समितिको मिति २०७९/१२/१४ को बैठकद्वारा स्वीकृत संगठनात्मक संरचनाअनुसार कोषमा कार्य सञ्चालन र संस्थागत व्यवस्थापन तर्फ दुई जना सहप्रशासक (मुख्य अधिकृत), एघार वटा विभागहरु, आठ वटा शाखा कार्यालयहरु र पाँच वटा सेवा केन्द्रहरु सहितको संस्थागत संरचना कायम भएको छ। कोषका सहप्रशासक (मुख्य अधिकृत)हरु अन्तरगत हाल निम्न विभागहरु रहेका छन् :

**क) कार्य सञ्चालनतर्फ :**

१) कर्जा, लगानी तथा ट्रेजरी व्यवस्थापन विभाग
२) सञ्चयकर्ता सेवा विभाग
३) कोष व्यवस्थापन विभाग
४) सञ्चयकर्ता कर्जा विभाग
५) निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभाग

**ख) संस्थागत व्यवस्थापनतर्फ**

१) मानव संसाधन व्यवस्थापन विभाग
२) योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग
३) आर्थिक प्रशासन विभाग
४) सूचना प्रविधि विभाग
५) सम्पत्ति व्यवस्थापन विभाग

संगठनात्मक संरचनामा कोषको लेखापरीक्षण समिति अन्तर्गत लेखापरीक्षण विभाग र प्रशासक अन्तर्गत शाखा कार्यालय तथा सेवाकेन्द्रहरु रहने व्यवस्था छ।

## २.२ समिति तथा उपसमिति

### २.२.१ सञ्चालक समिति

**(क) सञ्चालक समितिको गठन :** कर्मचारी सञ्चय कोष ऐन, २०१९ (संशोधन सहित) को दफा ४ ले कोषको सञ्चालन एवम् सुव्यवस्थापनको लागि नेपाल सरकारबाट नियुक्त अध्यक्षको अध्यक्षतामा नेपाल सरकारको विभिन्न सेवाबाट नेपाल सरकारले मनोनित गरेका ३ जना सञ्चालक, बैंक, वित्तीय संस्था तथा अन्य संगठित संस्थाहरुबाट नेपाल सरकारले मनोनित गरेका २ जना सञ्चालक र कोषका प्रशासक गरी सात सदस्यीय सञ्चालक समितिको व्यवस्था गरेको छ।

(ख) **वर्तमान सञ्चालक समिति :** हाल कोषको सञ्चालक समितिमा देहायबमोजिम सञ्चालकहरु रहनु भएको छ :

| पद | नाम | प्रतिनिधित्व | नियुक्त मिति |
|---|---|---|---|
| अध्यक्ष | श्री भूपाल बराल | राजश्व सचिव, अर्थ मन्त्रालय | २०८२/०८/१५ |
| सञ्चालक | प्रा.डा. तारा प्रसाद भुसाल | प्राध्यापक त्रिभुवन विश्वविद्यालय | २०८२/०५/१९ |
| सञ्चालक | श्री ईश्वर कार्की | प्रहरी अतिरिक्त महानिरिक्षक नेपाल प्रहरी | २०८२ /०८/२६ |
| सञ्चालक | डा. धनिराम शर्मा | सहसचिव, अर्थ मन्त्रालय | २०८१/११/११ |
| सञ्चालक | श्री बिनोद थापा | लेखा सहायक रथी, नेपाली सेना | २०८०/०६/१६ |
| सञ्चालक | श्री देवेन्द्र रमण खनाल | प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | २०८२/०७/१८ |
| सञ्चालक | श्री जितेन्द्र धिताल | प्रशासक, कर्मचारी सञ्चय कोष | २०७९/०८/२० |

(ग) **सञ्चालक समितिमा परिवर्तन:** आर्थिक वर्ष २०८१/८२ र त्यसपछि हालसम्ममा कोषको सञ्चालक समितिको अध्यक्ष र सञ्चालकमा देहायअनुरुप परिवर्तन भएको :

- सचिव श्री दिनेश कुमार घिमिरेले मिति २०८१/०५/२० देखि २०८२/०८/१४ सम्म कोषको सञ्चालक समितिको अध्यक्ष पदको जिम्मेवारी पूरा गर्नुभएको थियो ।
- त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्कायका सहप्राध्यापक डा. हरि प्रसाद अधिकारी मिति २०७९/०५/०६ गते देखि २०८२/०५/१८ सम्मा सञ्चालक समितिको सदस्यको जिम्मेवारीमा रहनुभएको थियो ।
- प्रहरी महानिरीक्षक श्री दिपक थापाले २०७९/१२/२६ देखि २०८२ /०८/२५ सम्म कोषको सञ्चालक समितिको सदस्यको रुपमा प्रतिनिधित्व गर्नुभएको थियो ।
- कृषि विकास बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री गोविन्द गुरुङ २०८१/०५/२० देखि २०८२/०७/१७ कोषको सञ्चालक समितिको सदस्यको रुपमा प्रतिनिधित्व गर्नुभएको थियो ।

(घ) **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार:**

- कर्मचारी सञ्चय कोष ऐन, २०१९ (संशोधन सहित) ले सञ्चालक समितिको काम, कर्तव्य, जिम्मेवारी तथा जवाफदेहिता स्पष्ट गरिदिएको छ।
- सञ्चालक समितिले कोषको कार्य व्यवस्थित एवम् संगठितरुपमा सञ्चालन गर्न आफूमा निहित अधिकार प्रशासक वा कुनै उपसमितिलाई र प्रशासकले आफूमा निहित अधिकार आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गरी कार्य सञ्चालन गर्ने गरिएको छ।

(ङ) **सञ्चालक समितिको खर्च:**

- सञ्चालक समितिका सदस्यले समितिको बैठकमा सहभागी भएबापत प्रति बैठक रु.८,०००/- का दरले बैठक भत्ता प्राप्त गर्ने व्यवस्था रहेको र यसबाहेक कोषबाट अन्य सुविधा प्रदान गर्ने व्यवस्था नरहेको।
- आर्थिक वर्ष २०८१/८२ मा कोष सञ्चालक समितिको २४ वटा बैठक बसेको र बैठक भत्ता वापत रु. १२ लाख ८० हजार खर्च भएको छ।

### २.२.२ लेखापरीक्षण समिति

(क) **लेखापरीक्षण समितिको गठन:** कर्मचारी सञ्चयकोष ऐन, २०१९ (संशोधन सहित) को दफा २३(क) बमोजिम आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न कोषमा एक लेखापरीक्षण समिति रहने र समितिको गठन, काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने व्यवस्था रहेको छ । कर्मचारी सञ्चय कोष नियमावली, २०८१ को नियम २४ ले कोषमा तीन सदस्यीय लेखापरीक्षणसमितिको व्यवस्था गरी काम, कर्तव्य र अधिकार तोकिदिएको छ।

(ख) **लेखापरीक्षण समितिका वर्तमान पदाधिकारीहरू:** हाल कोषको लेखापरीक्षण समितिमा देहायबमोजिम पदाधिकारीहरू रहनुभएको छः

| पदाधिकारी | पद | हालको प्रतिनिधित्व | नियुक्त/जिम्मेवारी मिति |
|---|---|---|---|
| सञ्चालक समितिले तोकेको सञ्चालक | अध्यक्ष | डा. धनिराम शर्मा | २०८१/११/२७ |
| सञ्चालक समितिले तोकेको चार्टर्ड एकाउण्टेण्ट | सदस्य | श्री मुकुन्द कुमार क्षेत्री चार्टर्ड एकाउण्टेण्ट | २०८२/११/२७ |
| लेखापरीक्षण विभागका विभागीय प्रमुख | सदस्य सचिव | श्री राजेन्द्र भण्डारी | २०८२/०९/०२ |

(ग) **लेखापरीक्षण समितिमा परिवर्तन:** आर्थिक वर्ष २०८१/८२ र त्यसपछि हालसम्ममा कोषको लेखापरीक्षण समितिको अध्यक्ष र सदस्यमा देहाय अनुरुप परिवर्तन भएको :

- श्री हरिशरण पुडासैनीले मिति २०८१/०५/२९ देखि २०८१/११/१० सम्म लेखापरीक्षण समितिको अध्यक्ष पदको जिम्मेवारी पूरा गर्नुभएको ।
- श्री प्रवीणध्वज जोशी मिति २०७६/१०/१४ देखि २०८२/०९/११ सम्मकोषको सञ्चालक समितिको निर्णयले समितिको विज्ञ सदस्यको जिम्मेवारीमा रहनुभएको ।
- श्री ध्रुव भट्टराई मिति २०८०/०६/०४ देखि २०८२/०७/२४ सम्म लेखापरीक्षण विभागको विभागीय प्रमुखको रुपमा समितिको सदस्य सचिव रहनुभएको ।

(घ) **लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार:** कर्मचारी सञ्चय कोष नियमावली, २०८१ को नियम २४(५) मा लेखापरीक्षण समितिको काम कर्तव्य अधिकार देहायबमोजिम तोकिएको छः

- कोषको लेखा तथा वित्तीय विवरणको पुनरावलोकन गर्ने र त्यस्ता विवरणहरुमा उल्लिखित तथ्यको सत्यता यकिन गर्ने,
- कोषको आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापन प्रणालीको पुनरावलोकन गर्ने,
- कोषको आन्तरिक लेखापरीक्षणसम्बन्धी कार्यको सुपरिवेक्षण गर्ने,
- लेखापरीक्षणगर्दा पालना गर्नुपर्ने भनी निर्धारण गरिएका आचरण, मापदण्ड तथा निर्देशिकाको परिपालना भए नभएको रेखदेख तथा पुनरावलोकन गर्ने,
- कोषको लेखा नीति सिफारिस गर्ने तथा त्यस्तो लेखा नीतिमा पुनरावलोकन गर्नुपर्ने भए समितिसमक्ष पेश गर्ने,
- कोषको वेरुजुको अवस्थाको समीक्षा तथा मूल्याङ्कन गर्ने,
- कोषको लेखा, वित्तीय व्यवस्था तथा लेखापरीक्षणको सम्बन्धमा सञ्चालक समितिले तोकिदिएका अन्य कार्य गर्ने ।

### २.२.३ जोखिम व्यवस्थापन समिति

(क) **जोखिम व्यवस्थापन समितिको गठन:** कर्मचारी सञ्चय कोष, जोखिम व्यवस्थापन निर्देशिका, २०८१ ले कोषमा तीन सदस्यीय जोखिम व्यवस्थापन समितिको व्यवस्था गरी काम, कर्तव्य र अधिकार उल्लेख गरेको छ । यस समितिमा सञ्चालक समितिले तोकेको सञ्चालक संयोजक, लेखापरीक्षण समितिको अध्यक्ष सदस्य र जोखिम व्यवस्थापन हेर्ने विभागीय प्रमुख सदस्य सचिव रहने व्यवस्था रहेको छ ।

(ख) **वर्तमान जोखिम व्यवस्थापन समिति:** कोषको जोखिम व्यवस्थापन समितिमा हाल देहायका पदाधिकारी रहनुभएको छः

| पदाधिकारी | पद | हालको प्रतिनिधित्व | नियुक्त मिति |
|---|---|---|---|
| सञ्चालक समितिले तोकेको सञ्चालक | संयोजक | प्रा.डा. तारा प्रसाद भुसाल | २०८२/०८/०९ |
| लेखापरीक्षण समितिको संयोजक | सदस्य | श्री धनिराम शर्मा | २०८१/११/२७ |
| जोखिम व्यवस्थापन विभागको विभागीय प्रमुख | सदस्य सचिव | श्री दामोदर प्रसाद सुवेदी | २०८२/०४/०६ गते देखि जिम्मेवारी |

(ग) **जोखिम व्यवस्थापन समितिमा परिवर्तनः** आर्थिक वर्ष २०८१/८२ र त्यसपछि हालसम्ममा कोषको जोखिम व्यवस्थापन समितिको अध्यक्ष र सदस्यमा देहायअनुरुप परिवर्तन भएको :

- श्री दीपक थापा मिति २०८०/०६/१६ देखि २०८२/०८/०८ सम्म कोषको सञ्चालक समितिको निर्णयले जोखिम व्यवस्थापन समितिको संयोजकको रुपमा रहनुभएको ।
- श्री हरिशरण पुडासैनी मिति २०८१/०५/२९ देखि २०८१/११/१० सम्म लेखापरीक्षण समितिको अध्यक्षको हैसियतले जोखिम व्यवस्थापन समितिको पदेन सदस्य रहनुभएको ।
- श्री नवराज पौडेल मिति २०८१/०७/०२ देखि २०८२/०४/०५ सम्म योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको विभागीय प्रमुखको हैसियतले समितिको सदस्य सचिव रहनुभएको ।

(घ) **जोखिम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

- जोखिम व्यवस्थापन संरचनाको आधारमा विभागले पहिचान गरेका जोखिम तथा यस्ता जोखिम न्यूनीकरणका लागि अपनाएका नीति, योजना तथा कार्यक्रमहरूको समीक्षा एवम् मूल्याङ्कन गर्ने ।
- जोखिम अभिलेख रजिष्टर तथा जोखिम सम्बन्धमा आन्तरिक तथा वाह्य लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियत सम्बन्धमा लेखापरीक्षण समितिमा पेश गर्ने । बाह्य लेखापरीक्षकसँग संयुक्त बैठक बस्ने गरी सम्बन्धित विभाग, शाखा कार्यालय प्रमुख, सेवा केन्द्र प्रमुख वा सम्बन्धित कर्मचारीसँग आवश्यक छलफल गर्ने ।
- जोखिम व्यवस्थापन प्रतिवेदनमा औँल्याएका विषयहरु कार्यान्वयन भए नभएको तथा जोखिम व्यवस्थापनका लागि कोषले गरेको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्था भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्ने गराउने र आवश्यकतानुसार निर्देशन दिने ।
- विभागले तयार पारेको वार्षिक जोखिम व्यवस्थापन प्रतिवेदनको समिक्षा गरी जोखिमको आँकलन, मूल्याङ्कन, नियन्त्रण तथा अनुगमन गरी जोखिम व्यवस्थापन गरिएको विवरण सहितको प्रतिवेदन समितिमा पेश गर्ने ।
- कोषको कार्यप्रणालीमा देखिएका वा देखिनसक्ने जोखिमहरुको अध्ययन मूल्याङ्कन गरी जोखिम व्यवस्थापनसम्बन्धी आवश्यक नीति, नियम, कार्यविधि तथा मापदण्ड तर्जुमा गर्ने ।
- जोखिम व्यवस्थापन समितिको वैठकमा विज्ञको सुझावको आवश्यकता भएमा सम्बन्धित विज्ञलाई आमन्त्रित गर्ने ।

## २.२.४ सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण अनुगमन समिति

(क) **सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण अनुगमन समितिको गठनः** सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण नीति, २०७८ ले कोषमा पाँच सदस्यीय सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण अनुगमन समितिको व्यवस्था गरी काम, कर्तव्य र अधिकार स्पष्ट गरिदिएको छ । यस समितिमा सञ्चालक समितिले तोकेको सञ्चालक संयोजक, कोषको प्रशासक सदस्य, सहप्रशासक १ जना सदस्य, जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख सदस्य र अनुपालन अधिकारी सदस्य सचिव रहने व्यवस्था छ ।

(ख) **वर्तमान सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण अनुगमन समितिः** कोषको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी निवारण अनुगमन समितिमा हाल देहायका पदाधिकारी रहनु भएको छः

| पदाधिकारी | पद | हालको प्रतिनिधित्व | नियुक्त/जिम्मेवारी मिति |
|---|---|---|---|
| सञ्चालक समितिले तोकेको सञ्चालक | संयोजक | श्री देवेन्द्र रमण खनाल | २०८२/०८/०९ |
| कोषको प्रशासक | सदस्य | श्री जितेन्द्र धिताल | २०७९/०७/२९ |
| सह प्रशासक | सदस्य | श्री जीवन कुमार कट्वाल | २०७९/०७/२९ |
| योजना अनुगमन तथा जोखिम व्य. विभागका विभागीय प्रमुख | सदस्य | श्री दामोदर प्रसाद सुवेदी | २०८२/०४/०६ |
| योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभागका वरिष्ठ प्रबन्धक (अनुपालन अधिकारी) | सदस्य सचिव | श्री सन्तोष पौड्याल | २०८२/०४/०८ देखि अनुपालन अधिकारीको जिम्मेवारी |

(ग) **सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण अनुगमन समितिमा परिवर्तन:** आर्थिक वर्ष २०८१/८२ र त्यसपछि हालसम्ममा कोषको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण अनुगमन समितिको अध्यक्ष र सदस्यमा देहायअनुरुप परिवर्तन भएको

- कोषका सञ्चालक डा. श्री हरिप्रसाद अधिकारी मिति २०७९/०७/२९ देखि २०८२/०८/०८ सम्म कोषको सञ्चालक समितिको निर्णयले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण अनुगमन समितिको संयोजकको रुपमा रहनुभएको ।
- श्री नवराज पौडेल मिति २०८१/०७/०२ देखि २०८२/०४/०५ सम्म योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको विभागीय प्रमुखको हैसियतले समितिको सदस्य एवम् अनुपालन अधिकारीका रुपमा समेत रहनुभएको ।

(घ) **सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण अनुगमन समितिको काम, कर्तव्य र अधिकार:**

- ऐन, नियम, निर्देशन तथा नीति र कार्यविधिबमोजिमका कार्य गर्न गराउन जिम्मेवारी तोक्ने,
- AML/CFT जोखिम मूल्याङ्कन गराई जोखिमका आधारमा काम कारवाही हुने व्यवस्था गर्ने,
- आवश्यक स्रोत साधनको व्यवस्था गर्ने,
- पदाधिकारी तथा कर्मचारीलाई आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रमको सिफारिस गर्ने,
- लेखापरीक्षण तथा अनुगमनबाट प्राप्त कैफियतमा सुधार गर्ने/गराउने,
- सम्बन्धित ऐन, नियम तथा नीति र कार्यविधिबमोजिम कार्य नगर्ने वा गलत कार्य गर्ने पदाधिकारी वा कर्मचारीलाई प्रभावकारी,अनुपातिक तथा निरोधात्मक कारवाहीको सिफारिस गर्ने,
- सम्पादित कार्य प्रभावकारी रहे/नरहेको सम्बन्धमा कम्तीमा त्रैमासिक रुपमा समीक्षा, मूल्याङ्कन तथा अनुगमन गरी आवश्यक सुधार गर्ने गराउने,
- नीति तथा कार्यविधिसँग सम्बन्धित विषयहरुलाई कोषको वार्षिक कार्यक्रम तथा प्रतिवेदनमा समावेस गराउने,
- सम्पादित कामहरुको त्रैमासिक प्रगति प्रतिवेदन सञ्चालक समितिसमक्ष पेश गर्ने ।

### २.२.५ लगानी प्रवर्द्धन समिति

कर्मचारी सञ्चय कोष ऐन, २०१९ (संशोधन सहित) को दफा १९(ख) ले प्रशासकको अध्यक्षतामा पाँच सदस्यीय लगानी प्रवर्द्धन समितिको व्यवस्था गरेको छ । यस समितिलाई कोषको रकम सुरक्षित तथा बढी प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्नको निमित्त लगानी नीति निर्धारण गरी सञ्चालक समितिमा सुझाव पेश गर्ने जिम्मेवारी प्रदान गरिएको छ ।

### २.२.६ पदपूर्ति समिति

कर्मचारी सञ्चय कोष कर्मचारी सेवा शर्त नियमावली, २०७८ को परिच्छेद ३, नियम ९ बमोजिम गठित पाँच सदस्यीय पदपूर्ति समितिको सोही नियमावलीको नियम १० मा उल्लिखित काम, कर्तव्य र अधिकार अन्तर्गत लोक सेवा आयोगसँग समन्वय गरी परीक्षाको पाठ्यक्रम निर्धारण, विज्ञापन प्रकाशन, परीक्षा सञ्चालनको लागि अनुरोध गरी पठाउने, परीक्षा सञ्चालन र अन्तर्वार्ता लिने, योग्यताक्रम तयार गर्ने, योग्यताक्रमका आधारमा नियुक्तिका लागि सिफारिस गर्ने, बढुवाद्वारा गरिने पदपूर्तिसम्बन्धी तोकिएका सम्पूर्ण कार्य गर्ने जिम्मेवारी रहेको छ ।

### २.२.७ दुर्घटना क्षतिपूर्ति रकम दावी फछ्र्यौट समिति

कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा योजना सञ्चालन विनियम, २०८० को विनियम १२ ले प्रशासकको अध्यक्षतामा पाँच सदस्यीय समितिको व्यवस्था गरी निम्नानुसार काम, कर्तव्य र अधिकार तोकिएको छ :

- समितिमा पेश हुन आएका दुर्घटना क्षतिपूर्तिको दावी सम्बन्धमा निर्णय गर्ने,
- दावीको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा सोको निरुपण गरी अन्तिम किनारा लगाउने,
- गलत नियत राखेर सुविधा लिने उपर कारबाही प्रक्रिया अघि बढाउन सिफारिस गर्ने,
- दुर्घटना क्षतिपूर्ति योजनाको सुधारको सम्बन्धमा सञ्चालक समितिलाई आवश्यक राय-सुझाव उपलब्ध गराउने,
- यस विनियमको प्रतिकुल नहुने गरी कार्यविधि तोकी काम गर्न सक्ने ।

### २.२.८ स्वास्थ्य उपचार दावी शोधभर्ना समिति

कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा योजना सञ्चालन विनियम, २०८० को विनियम १३ ले प्रशासकको अध्यक्षतामा चार सदस्यीय समितिको व्यवस्था गरी निम्नानुसार काम, कर्तव्य र अधिकार तोकिएको छ :

- समितिमा पेश हुन आएका घातक रोग उपचारको दावी सम्बन्धमा निर्णय गर्ने,
- दावीको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा सोको निरुपण गरी अन्तिम किनारा लगाउने,
- गलत नियत राखेर सुविधा लिने उपर कारवाही प्रक्रिया अघि बढाउन सिफारिस गर्ने,
- स्वास्थ्य उपचार योजना सुधारको सम्बन्धमा सञ्चालक समितिलाई आवश्यक राय-सुझाव उपलब्ध गराउने,
- यस विनियमको प्रतिकुल नहुने गरी कार्यविधि तोकी काम गर्न सक्ने ।

## २.३ कार्यसम्पादन र मानव संसाधन व्यवस्थापन तथा विकास

- तोकिएको समय र मापदण्ड भित्र रहेर कोषले दीर्घकालीन लक्ष्य तथा उद्देश्य प्राप्तिमा सुधार गर्न कोषका प्रशासक र सबै विभाग, शाखा कार्यालय र सेवाकेन्द्र प्रमुखहरुसँग आर्थिक वर्षको सुरुवातमा नै वार्षिक कार्यसम्पादन सम्झौता गर्ने गरिएको छ ।
- कार्यसम्पादनको लक्ष्य तोकी गरिएको सम्झौताको उपलब्धि मूल्याङ्कन गर्दा निर्दिष्ट कामलाई नतिजामुखी, उत्तरदायी, योजनाबद्ध रुपमा सम्पन्न गराउन योगदान पुगेको र विभाग, शाखा कार्यालय तथा सेवाकेन्द्रहरुको कार्यसम्पादन स्तरमा गुणात्मक सुधार भएको छ ।
- सबै कर्मचारीलाई पेशागत तालिमको माध्यमबाट दक्ष बनाउने कोषको नीति अनुरुप आर्थिक वर्ष २०८१/८२ को अवधिमा स्वदेशमा ५३८ जना कर्मचारी र वैदेशिक तालिममा ८२ जना कर्मचारीलाई सहभागी गराइएको ।
- कर्मचारीहरुको वृत्ति विकास तथा पदपूर्तिको लागि कार्यक्षमता मूल्याङ्कनबाट बढुवा, आन्तरिक प्रतियोगिता तथा खुला प्रतियोगिता मार्फत पदपूर्ति कार्य निरन्तर भइरहेको छ ।

- कर्मचारीहरुको सरुवा, बढुवालाई व्यवस्थित गर्न Human Resources Information Management System कार्यान्वयन गरिएको छ ।
- कोषको सङ्गठनात्मक संरचना पुनरावलोकन गरी कार्यात्मक (Functional) संरचना लागु गर्ने उद्देश्यले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँग कार्यसम्पादन सम्झौता भई उक्त प्रतिष्ठानले कोषको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) को कार्य अन्तिम चरणमा पुगेको छ ।

## २.३.१ उपलब्ध मानव संसाधनको विश्लेषण

कोषमा प्रशासन सेवा, प्राविधिक सेवा र अन्य सेवा अन्तर्गत आर्थिक वर्ष २०८१/८२ मा कार्यरत जम्मा ३९७ जना कर्मचारीमध्ये २९३ जना अधिकृत स्तरका र १०४ जना सहायक स्तरका कर्मचारी रहेका छन् । सोको विवरण देहायअनुरुप रहेको छ :

**(क) लिङ्गको आधारमा विश्लेषण:** कोषमा आर्थिक वर्ष २०८१/८२ मा कार्यरत जम्मा ३९७ जना कर्मचारीमध्ये २७८ जना पुरुष कर्मचारी र ११९ जना महिला कर्मचारी रहेका छन । लिङ्गको आधारमा २०८२ असार मसान्तसम्मको विवरण देहायअनुसार रहेको छ :

तालिका नं.२.३.१(क)

| क्र.सं. | लिङ्ग | अधिकृत स्तर | | सहायक स्तर | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | पुरुष | २११ | ७०.५७ | ६७ | ६८.३७ | २७८ | ७०.०३ |
| २ | महिला | ८८ | २९.४३ | ३१ | ३१.६३ | ११९ | २९.९७ |
| कुल जम्मा | | २९९ | १०० | ९८ | १०० | ३९७ | १०० |



**(ख) उमेरको आधारमा विश्लेषण:** कोषमा कार्यरत कर्मचारीहरु मध्ये युवा जनशक्तिको बाहुल्यता रहेको छ । सो अनुरुप ४० वर्षभन्दा कम उमेर समूहका कर्मचारीहरुको प्रतिशत ५८.१९ रहेको छ । उमेरको आधारमा कर्मचारीहरुको विवरण देहायबमोजिम रहेको छ :

तालिका नं.२.३.१(ख)

| क्र.सं. | उमेर समूह | अधिकृत स्तर | | सहायक स्तर | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ३० वर्षभन्दा कम | २१ | ७.०२ | ३५ | ३५.७१ | ५६ | १४.११ |
| २ | ३१ वर्ष देखि ४० वर्ष सम्म | १३२ | ४४.१५ | ४३ | ४३.८८ | १७५ | ४४.०८ |
| ३ | ४१ वर्ष देखि ५० वर्ष सम्म | ७८ | २६.०९ | ७ | ७.१४ | ८५ | २१.४१ |
| ४ | ५० वर्ष देखि ५८ वर्ष सम्म | ६८ | २२.७४ | १३ | १३.२७ | ८१ | २०.४० |
| कुल जम्मा | | २९९ | १०० | ९८ | १०० | ३९७ | १०० |

**उमेर समूहको आधारमा वर्गिकरण**




**(ग) शैक्षिक योग्यताको आधारमा विश्लेषण:** कोषमा कार्यरत कर्मचारीहरु मध्ये ७६.३२ प्रतिशत कर्मचारीहरुको शैक्षिक योग्यता स्नातकोत्तर वा सो भन्दा माथि रहेको छ । शैक्षिक योग्यताका आधारमा कर्मचारीहरुको विवरण देहायबमोजिम रहेको छ :

तालिका नं.२.३.१(ग)

| क्र.सं. | शैक्षिक योग्यता | अधिकृत स्तर | | सहायक स्तर | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | पी.एचडी. | १ | ०.३३ | ० | ० | १ | ०.२५ |
| २ | एम.फिल. | ६ | २.०१ | ० | ० | ६ | १.५१ |
| ३ | स्नातकोत्तर | २४३ | ८१.२७ | ५३ | ५४.०८ | २९६ | ७४.५६ |
| ४ | सी.ए. | ८ | २.६८ | ० | ० | ८ | २.०२ |
| ५ | स्नातक तह | २९ | ९.७० | २८ | २८.५७ | ५७ | १४.३६ |
| ६ | प्रविणता प्रमाणपत्र/कक्षा १२ वा सो भन्दा कम | १२ | ४.०१ | १७ | १७.३५ | २९ | ७.३० |
| कुल जम्मा | | २९९ | १०० | ९८ | १०० | ३९७ | १०० |




(घ) **प्रशासनिक/प्राविधिक समूहको आधारमा विश्लेषण:** कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा भएको संशोधन तथा कोषको कार्य प्रकृतिमा आएको परिवर्तन अनुरुप कोष सञ्चालक समितिको मिति २०७९/१२/१४ को निर्णयबाट कोषको नयाँ संगठन संरचना र दरवन्दीबमोजिम कोष कर्मचारी सेवामा रहने तह, पद, सेवा तथा समूह निर्धारण गरिएको छ । कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ बमोजिम कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा अन्तर्गत प्रशासन तथा प्राविधिक एवम् अन्य सेवामा वर्गिकरण गरी सो अन्तर्गत विभिन्न पद, तह, समूह तथा उप समूहहरु निर्दिष्ट गरिएको छ । जसअनुसार सेवा/समूहको आधारमा कोषमा कार्यरत कर्मचारीहरुको विवरण देहायबमोजिम रहेको छ :

तालिका नं.२.३.१(घ)

| क.सं. | सेवा समूह | अधिकृत स्तर | | सहायक स्तर | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | प्रशासन समूह | २७३ | ९६.४७ | ९६ | ८६.४९ | ३६९ | ९२.९५ |
| २ | प्राविधिक समूह | २६ | ९.१९ | २ | १.८० | २८ | ७.०५ |
| **कुल जम्मा** | | **२८३** | **१००** | **१११** | **१००** | **३९७** | **१००** |



### २.३.२ तालिम तथा विकास

कोषका कर्मचारीहरुलाई समयानुकुल ज्ञान सीपमा दक्ष र प्रतिष्पर्धी बनाई कोषको उत्पादकत्व बृद्धि गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आर्थिक वर्ष २०८१/८२ मा स्वदेश तालिममा ५३८ जना कर्मचारीहरुलाई र वैदेशिक तालिममा ८४ जना कर्मचारीहरुलाई तालिम तथा सेमिनार, गोष्ठी, सभा-सम्मेलन, अवलोकन भ्रमण एवम् अध्ययन भ्रमणमा सहभागी गराइएको छ ।

### २.३.३ कर्मचारी कल्याणकारी गतिविधि

कोषले आफ्ना कर्मचारीहरुका लागि विभिन्न कल्याणकारी गतिविधिहरु सञ्चालन गर्दै आएको छ । आफ्ना कर्मचारीको स्वास्थ्यप्रतिको संवेदनशीलतालाई दृष्टिगत गरी औषधी उपचार शोधभर्नाको व्यवस्था गरेको छ । यसका साथै व्यक्तिगत दुर्घटना वीमा, काजकिरिया खर्च, प्रसूति तथा शिशु स्याहार खर्च, पोशाक खर्च, आन्तरिक पर्यटन भ्रमण खर्च लगायतका सुविधाहरु प्रदान गर्दै आएको छ ।

### २.३.४ मानव संसाधन लेखाङ्कन

कोषले मानव संसाधन लेखाङ्कनका लागि कर्मचारीहरुको व्यवहारजन्य आचरण जस्तैः इमानदारिता, कौशल, उत्प्रेरणा तथा प्रभावकारी अन्तरक्रिया, सञ्चार र निर्णयको क्षमता जस्ता गुणहरुलाई मूल आधारका रुपमा लिइएको छ । मानव स्रोत व्यवस्थापन तथा विकास खर्चलाई कोषले मानव स्रोत पुँजी निर्माणमा गरिएको लगानीको रुपमा लिएको छ । कोषका ३९७ कर्मचारीले करिब ५ लाख ७८ हजार सञ्चयकर्तालाई सेवा प्रवाह गरिरहेका छन् । आर्थिक वर्ष २०८०/८१ मा मानव संसाधन विकास खर्चमा प्रति कर्मचारी औसत खर्च रु. ६३ हजार भएकोमा आर्थिक वर्ष २०८१/८२ मा सो खर्चमा प्रति कर्मचारी औसत खर्च रु. ५४ हजार भएको छ । कोषको कुल आयको आधारमा प्रति कर्मचारीको उत्पादकत्व ९ करोड ९१ लाख रहेको छ ।

## २.४ संस्थागत सुशासन

कोषमा कार्यकुशलता अभिवृद्धि गरी सञ्चयकर्ताको अधिकतम हित सुनिश्चित गर्न, आर्थिक अनुशासन कायम गर्न, स्रोतको कुशल व्यवस्थापन गर्न, जोखिम न्यूनीकरण गर्न, मानव संसाधनको उचित व्यवस्थापन गर्न, सूचना प्रविधिको अधिकतम प्रयोग गर्न, सम्पत्ति व्यवस्थापन गर्न, आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन र सञ्चयकर्ता सेवा प्रवाहमा प्रभावकारिता ल्याउन कर्मचारी सञ्चय कोष, संस्थागत सुशासन निर्देशिका, २०७१ कार्यान्वयनमा छ ।

- पारदर्शिता, जवाफदेहिता, कार्यदक्षता, प्रभावकारिता, निष्पक्षता र तटस्थता, सहकार्य र सहभागिता, नतिजाउन्मुख, सेवाको गुणस्तरमा निरन्तर सुधार जस्ता मूल्य मान्यताका आधारमा कोषका क्रियाकलाप सञ्चालन गरिएका छन् ।
- कर्मचारी सञ्चय कोष ऐन, २०१९ तथा कोषसँग सम्बन्धित प्रचलित कानूनमा उल्लिखित जिम्मेवारीका साथै कोषबाट सम्पादन हुने कार्य सम्बन्धी नीतिगत विषय कोषको सञ्चालक समितिको अधिनमा रहेको छ ।
- सञ्चालक समितिले कोषका प्रशासकलाई र प्रशासकले अन्तर्गतका कर्मचारीलाई आवश्यक अधिकार प्रत्यायोजन तथा निर्देशन दिन सक्ने व्यवस्था रहेको छ । साथै, अधिकार प्रत्यायोजन सम्वन्धी व्यवस्थालाई थप व्यवस्थित वनाउन अख्तियार प्रत्यायोजन सम्वन्धी व्यवस्था-२०८१ कार्यान्वयनमा रहेको छ ।
- कोषको संस्थागत सुशासन निर्देशिका, २०७१ मा भएका व्यवस्था लगायत प्रचलित कानून, नियम तथा निर्देशनहरु सबै पक्षबाट पालना हुने र वित्तीय स्वार्थ भएका क्रियाकलापमा संलग्न हुने तथा संस्थाको हित विपरीतका कार्य कसैले पनि गर्न गराउन नपाउने व्यवस्था सहितको आचार संहिता निर्माण गरिएको छ ।
- कोषको सञ्चालक समिति तथा अन्य समिति उपसमितिहरुको भूमिका तथा जिम्मेवारी स्पष्ट रुपमा व्यवस्था गरिएको छ । कोषका लागि बाध्यकारी कानूनी व्यवस्थाहरु तथा नेपाल सरकारका निर्देशनहरु कोषले पूर्ण रुपमा परिपालना गरेको छ ।
- कोषको काम कारबाहीको विषयमा सञ्चयकर्ता तथा सरोकारवालाहरुलाई नियमित रुपमा जानकारी दिन प्रवक्ताको व्यवस्था गरिएको छ ।

- कोषका कारोबार तथा वित्तीय विवरणहरुको त्रैमासिक रुपमा प्रकाशन गर्ने तथा लेखापरीक्षण समयमा नै सम्पन्न गरी नियमितरुपमा सार्वजनिक गर्दै आइरहेको छ ।
- कोषले वित्तीय प्रतिवेदनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बनाउने क्रममा नियमित सुधार गर्दै जाने नीति अनुरुप आर्थिक वर्ष २०७४/७५ देखिको वित्तीय विवरणलाई नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप तयार गर्दै आइरहेको छ ।

## २.५ व्यवसायिक मूल्य मान्यता तथा नैतिकता

- सञ्चय कोष रकमको सुरक्षा गरी सामाजिक सुरक्षा सुविधाहरुको सुव्यवस्थापनद्वारा सञ्चयकर्तालाई अधिकतम सन्तुष्टि प्रदान गर्नु कोषको मूल लक्ष्य रहेको छ ।
- सञ्चयकर्ताको आवश्यकता र अपेक्षा अनुरुप सञ्चयकर्तामुखी कार्य पद्धति अवलम्वन गर्नु र कोषको सेवा प्रवाह प्रणालीलाई मितव्ययी, पारदर्शी, सहभागितामूलक र उत्तरदायी बनाउनु तथा सञ्चयकर्ता सेवा व्यवस्थापनको उद्देश्य रहेको छ ।
- कोषले लिएका उद्देश्य प्राप्तिका लागि निश्पक्षता, तटस्थता, जवाफदेहिता, पारदर्शिता, सेवाको गुणस्तरमा निरन्तर सुधार, कार्यदक्षता र प्रभावकारिता, नतिजाउन्मुख, सहकार्य र सहभागिता जस्ता विषयहरुलाई आफ्नो व्यावसायिक मान्यताका रुपमा आत्मसात् गरेको छ ।
- कोषका कर्मचारी तथा पदाधिकारीहरुलाई पेशागत निष्ठा, दक्षता, व्यावसायिकता र इमानदारिता जस्ता नैतिक मापदण्डका आधारमा व्यवस्थापन गरिएको छ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन र सञ्चयकर्ताप्रतिको उत्तरदायित्व निर्वाह गर्न सञ्चयकर्ता बडापत्रको व्यवस्था, एकीकृत सेवा प्रवाह प्रणाली, नवीनतम् प्रविधिको उपयोग गरिएको छ ।
- कोषले सम्पादन गरेको काम कारबाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने त्रुटीको सम्बन्धमा गुनासो सुन्न गुनासो पेटिका र विद्युतीय माध्यमबाट सञ्चयकर्ताको सुझाव तथा गुनासाहरुको व्यवस्थापन गर्न Grievance Management System सञ्चालन गरिएको छ ।
- कोषले नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्राप्त निर्देशन तथा कोषका कानूनी व्यवस्थाहरुको पूर्ण रुपमा अनुपालना गर्दै आएको छ ।
- कोषका गतिविधिलाई पारदर्शी रुपमा सञ्चालन गर्न तथा सेवा प्रवाहमा प्रभावकारिता ल्याउन कार्यान्वयनमा ल्याएका ऐन, नीति, नियम, निर्देशन तथा कार्यविधिहरुको सूची ***परिशिष्ट-१*** मा समावेश गरिएको छ ।

## २.६ सूचना प्रवाह प्रणाली

### क) आन्तरिक सूचना प्रणाली

- कोषको आन्तरिक कारोवारको लागि In-house निर्माण गरिएको Contribution Management System (CMS) र Integrated Fund Management Solutions (iFunds) कार्यान्वयनमा रहेको छ ।
- कोषमा डाटावेस सहितको MIS तथा HRIMS प्रणाली लागू गरिएको छ । साथै, MIS मा उपलब्ध सूचनाको आधारमा Offsite लेखापरीक्षणको व्यवस्था कार्यान्वयन भएको छ । उच्च व्यवस्थापनको लागि निर्णय प्रक्रियामा आवश्यक सहयोग पुर्‍याउन Executive Information System (EIS) प्रणाली निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।
- कोषका कागजातहरुको संरक्षण तथा व्यवस्थापनको लागि अभिलेख व्यवस्थापन प्रणाली (Document Management System) प्रयोगमा ल्याइएको छ ।

### ख) बाह्य सूचना प्रणाली

- कोषले सञ्चयकर्ताको हिसाबको वार्षिक विवरण समयमा नै तयार गरी सञ्चयकर्ताले प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ । यसको लागि SMS प्रणाली, कोषको मोवाइल एप, नागरिक एप, कोषको वेब पोर्टलमार्फत् प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ ।
- कोषका गतिविधिहरु एवम् कोषले प्रदान गर्दै आएका सेवा सुविधाहरुको नियमित रुपमा कोषको आधिकारीक सामाजिक सञ्जाल, वार्षिक प्रतिवेदन, न्यूज लेटर, कोष पत्रिका, भित्तेपात्रो, वार्षिक प्रतिवेदन, बुकलेट तथा ब्रोसर मार्फत प्रकाशन तथा प्रशारण गर्ने गरिएको छ ।
- कोषको सम्पूर्ण सेवा सुविधा सम्बन्धी जानकारी, नीति नियम, कार्यविधि, सञ्चयकर्तालाई प्रवाह गरिने नियमित सूचनाहरु कोषको वेबसाईट www.epf.org.np मार्फत सार्वजनिक गरिँदै आएको छ ।
- कोषले सञ्चयकर्तालाई सेवा सुविधाहरुको जानकारी प्रभावकारी ढङ्गले प्रवाह गर्न कोष तथा सञ्चयकर्ता कार्यालय तथा सञ्चयकर्ताहरुसँग आ.व. २०८१/८२ मा विभाग, शाखा कार्यालय तथा सेवा केन्द्रबाट ७८ वटा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।
- सञ्चयकर्ता सचेतनाका लागि कोषको आधिकारिक सामाजिक सञ्जाल Facebook, Youtube, Instragram, Viber, Linkedin र X (Twitter) मार्फत विभिन्न प्रकारका जानकारीमूलक सामग्रीहरुको प्रकाशन तथा प्रसारण गर्दै आएको छ ।




- कोषको काम कारबाहीको विषयमा सञ्चयकर्ता तथा सरोकारवालालाई सार्वजनिक रुपमा आधिकारिक जानकारी प्रदान गर्न कोषले मुख्य प्रबन्धकलाई प्रवक्ताको रुपमा तोकेको छ ।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम कोषका कारोबार तथा क्रियाकलापको विवरण (स्वत: प्रकाशन) सार्वजनिक गर्ने गरिएको छ ।

## २.७ संस्थागत सामाजिक उत्तरदायित्व

कोषले संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा विभिन्न सामाजिक कार्यक्रमहरुमा समेत सहभागिता जनाउने गरेको छ । कोषले वार्षिकोत्सवको अवसरमा विभिन्न अतिरिक्त क्रियाकलापहरु तथा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । कोषले विभिन्न संघ-संस्थाहरु मार्फत् सञ्चालन गरिने विविध प्रकारका कल्याणकारी कार्यक्रमहरूमा समेत आर्थिक सहयोग प्रदान गर्दै आएको छ ।

## २.८ जोखिम व्यवस्थापन

- कर्मचारी सञ्चय कोषको कार्यक्षेत्र भित्रका जोखिम तथा सोबाट उत्पन्न हुन सक्ने सम्भावित नोक्सानीको पहिचान गरी कोषका कामकारबाहीहरुलाई कम जोखिमयुक्त बनाउन तथा सम्भावित जोखिमबाट पर्ने असरहरुलाई न्यूनीकरण गर्ने सम्बन्धमा व्यवस्था गर्न कर्मचारी सञ्चय कोष, जोखिम व्यवस्थापन निर्देशिका, २०८१ कार्यान्वयनमा रहेको छ ।
- कोषको सञ्चालक समितिले समग्र जोखिम व्यवस्थापनसम्बन्धी नीति, रणनीति निर्धारण गर्ने, आवश्यकता अनुसार जोखिम व्यवस्थापन समिति, उच्च व्यवस्थापन र विभागलाई मार्गदर्शन प्रदान गर्नेछ ।
- कोषको समग्र जोखिम व्यवस्थापन गर्न कोषमा कोषमा सञ्चालकस्तरीय जोखिम व्यवस्थापन समिति रहेको छ ।
- कोषको जोखिम व्यवस्थापनसम्बन्धी कार्यलाई नियमित रुपमा व्यवस्थित गर्न छुट्टै संरचनाको आवश्यकता रुपमा योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग रहेको छ ।

- कोषले सम्पादन गर्दै आएको समग्र कारोबारको प्रकृतिका आधारमा कोषको काम कारबाहीसँग सम्बन्धित जोखिम व्यवस्थापनका क्षेत्रहरु देहायबमोजिम पहिचान गरिएको छ :

  क. कर्जा जोखिम (Credit Risk)
  ख. सञ्चालन जोखिम (Operational Risk)
  ग. बजार जोखिम (Market Risk)
  घ. तरलता जोखिम(Liquidity Risk)
  ङ. सूचना प्रविधि सम्बन्धी जोखिम (Information Technology Risk)
  च. स्थिर सम्पत्ति जोखिम (Fixed Assets Risk)

- कोषले पहिचान गरी अभिलेख गरेको जोखिमलाई घटना घट्न सक्ने सम्भावना तथा त्यसले पार्न सक्ने सम्भावित असरको गाम्भीर्यताका आधारमा मापन गर्ने गरिएको छ ।
- सम्बन्धित विभाग, शाखा कार्यालय तथा सेवाकेन्द्रले तोकिएको ढाँचामा जोखिम अभिलेख विवरण तयार गरी प्रत्येक ३ महिना समाप्त भएको ७ कार्य दिनभित्र जोखिम व्यवस्थापन विभागमा पठाउनुपर्ने व्यवस्था गरिएको छ ।
- सम्बन्धित विभाग, शाखा कार्यालय र सेवाकेन्द्रले पठाएको त्रैमासिक जोखिम अभिलेख विवरणको वर्गिकरण तथा विश्लेषण गरी त्रैमासिक प्रतिवेदन तयार गर्ने गरिएको छ ।
- जोखिम व्यवस्थापन सम्बन्धी अर्धवार्षिक समीक्षा प्रतिवेदन माघ १५ गतेसम्म र वार्षिक प्रतिवेदन श्रावण मसान्तभित्र तयार गरी जोखिम व्यवस्थापन समितिसमक्ष पेश गर्ने व्यवस्थाबमोजिम नियमित रुपमा जोखिम विश्लेषण गरी सोको न्यूनिकरण तथा व्यवस्थापनको लागि जोखिम व्यवस्थापन समितिसमक्ष प्रतिवेदन पेश गरिएको र जोखिम व्यवस्थापन समितिको सिफारिस तथा निर्देशनबमोजिम जोखिम व्यवस्थापन तथा न्यूनिकरणको कार्य अगाडि बढाइएको छ ।
- आर्थिक वर्ष २०८१/८२ को जोखिम व्यवस्थापनको वार्षिक प्रतिवेदन जोखिम व्यवस्थापन समितिमार्फत् सञ्चालक समितिमा पेश भई स्वीकृत भएको छ ।

## २.९ लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली

- नेपाल वित्तीय प्रतिवेदनमानअनुरुप वित्तीय विवरण तयार गरी आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षणको कार्य महालेखापरीक्षकको कार्यालयबाट सम्पन्न भएको छ ।
- कोषको सङ्गठनात्मक संरचनाअनुरुप विभाग तथा शाखाहरुको उद्देश्य एवम् सम्पादन गर्ने कार्यहरूको कार्यविवरण बनाई लागु गरिएको छ ।
- कोषको सम्पूर्ण कारोबार स्पष्ट नीति, नियम र विनियम तथा निर्देशिकाको आधारमा सञ्चालन हुने र सोको Documentation हुने कुरा सुनिश्चित गरिएको छ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई सबल र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण कार्यमा बाह्य विज्ञलाई समेत संलग्न गराई संयुक्त टोलीबाट लेखापरीक्षण गर्ने कार्य गर्ने गरिएको छ ।
- आन्तरिक लेखापरीक्षण कार्यलाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षणमा कम्प्युटर असिस्टेड अडिट प्रविधिहरु (Computer Assisted Audit Techniques-CAATs) को प्रयोग गरिएको छ ।
- स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको अधीनमा रही खर्च गर्ने गरिएको छ ।
- खर्च स्वीकृत गर्ने, सम्पत्तिको संरक्षण गर्ने र अभिलेख राख्ने कामको जिम्मेवारी फरक-फरक विभाग तथा इकाइमा विभाजन गरिएको छ ।
- कोषका कर्मचारीहरुको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व सहितको कार्य विवरण लागु गरिएको छ ।

परिच्छेद- ३

# कोषको आन्तरिक तथा बाह्य पक्षको विश्लेषण

## ३.१ कोषको आन्तरिक वातावरण

कर्मचारी सञ्चय कोषलाई सञ्चय कोष, निवृत्तभरण कोष र अन्य सामाजिक सुरक्षा योजनाको व्यवस्थापनको माध्यमबाट सरकारी तथा सार्वजनिक क्षेत्रको एकीकृत सामाजिक सुरक्षा संस्थाको रुपमा विकास गर्ने दूरदृष्टि अनुरुप कोषको कार्यहरू अघि बढाइएका छन् । नीतिगत सुधार, वित्तीय स्रोत तथा लगानीको प्रभावकारी व्यवस्थापन, सूचना प्रविधिको प्रयोग तथा प्रविधिमैत्री सेवा प्रणालीमार्फत् सेवा प्रवाहको आधुनिकीकरण, मानव संसाधन विकास र सामाजिक सुरक्षा कार्यक्रमहरुको सुदृढ कार्यान्वयनद्वारा कोषको आन्तरिक वातावरणलाई सक्षम, उत्तरदायी र परिणाममुखी बनाउँदै लगिएको छ ।

कोषको कार्यक्षेत्र विस्तार र लगानीको दायरा बढाउन कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा संशोधन प्रक्रिया अघि बढाइएको छ । साथै कोषको कार्यसम्पादनलाई व्यवस्थित र प्रभावकारी बनाउन कर्मचारी सञ्चय कोष नियमावली, २०८१ लगायत विभिन्न विनियमावली तथा निर्देशिकाहरु कार्यान्वयनमा ल्याइएको छ ।

कोषले दीर्घकालीन बचतलाई सुरक्षित र प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने उद्देश्यले लगानी व्यवस्थापनतर्फ सुरक्षित, प्रतिफलयुक्त तथा दिगो लगानी नीति अवलम्बन गर्दै पूर्वाधार विकास, ऊर्जा, पर्यटन, स्वास्थ्य, आवास तथा अन्य उत्पादनशील परियोजनाहरुमा लगानी विस्तार गरेको छ ।

मानव संसाधन व्यवस्थापनतर्फ कार्यसम्पादन सम्झौता प्रणाली, तालिम कार्यक्रम, पदपूर्ति तथा संगठनात्मक पुनरावलोकनमार्फत संस्थागत क्षमता अभिवृद्धि गरिएको छ ।

सेवा प्रवाहलाई छिटो, सरल र पारदर्शी बनाउन अनलाइन भुक्तानी प्रणाली, ई-सर्भिस, मोबाइल एप तथा डिजिटल तथ्याङ्क व्यवस्थापनलाई प्रभावकारी रुपमा लागु गरिएको छ । सूचना प्रविधिको क्षेत्रमा MIS, HRMIS, EPF Mobile App, डिजिटल अभिलेख व्यवस्थापन तथा साइबर सुरक्षा परीक्षण लागु गरी संस्थाको डिजिटल रुपान्तरणलाई सुदृढ बनाइएको छ। डिजिटल प्रणाली, अनलाइन भुक्तानी, ई-सर्भिस तथा मोबाइल एपको प्रयोगमार्फत् सेवा प्रवाहलाई आधुनिक, सरलीकृत, प्रभावकारी र पारदर्शी बनाइएको छ ।

यसरी कोषमा विद्यमान कानुनी संरचना, सेवा प्रवाहमा हुँदै आएको निरन्तर गुणस्तरीय सुधार, प्रविधिको प्रयोगमा भएको विस्तार, कर्मचारीहरुमा विकसित हुँदै गएको व्यावसायिकता, सामाजिक सुरक्षा व्यवस्थापनसम्बन्धी प्राप्त अनुभव तथा आर्थिक स्रोतमा भइरहेको निरन्तर वृद्धिले सामाजिक सुरक्षाका थप कार्यक्रमहरु कार्यान्वयन गर्ने तथा सञ्चालनमा रहेका कार्यक्रमहरुलाई समयानुकुल परिमार्जन गर्ने पर्याप्त सम्भावना देखाएको छ ।

देशको अग्रणी सामाजिक सुरक्षा संस्थाको रुपमा स्थापित हुनका लागि कोषले नेपाल सरकारको अर्थ मन्त्रालय, सम्बन्धित अन्य सरकारी निकायहरु, रोजगारदाता संस्थाहरु, श्रम संगठनहरु तथा नीति निर्माताहरुसँग प्रभावकारी सहकार्य, साझेदारी र समन्वयलाई अझ मजबुत बनाउनु आवश्यक छ । साथै, स्थानीय तहसम्म सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले सङ्घीय संरचनाअनुसार संस्थागत रुपमा रुपान्तरण हुँदै जानुपर्ने, प्रविधिको प्रयोगमार्फत् डिजिटल सेवा प्रवाहलाई प्रवर्द्धन गर्नुपर्ने, उपलब्ध स्रोत-साधनहरुको सुरक्षित तथा दक्ष व्यवस्थापन गर्नुपर्ने तथा सामाजिक सुरक्षाको संस्थागत विकास गर्दै सञ्चयकर्ताहरुको अपेक्षाअनुरुपका योजनाहरु सञ्चालन गर्न थप प्रयास आवश्यक देखिन्छ ।

## ३.२ बाह्य वातावरणको विश्लेषण

### विश्व अर्थतन्त्रको अवस्था :

अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) ले सन् २०२५ को अक्टोबरमा प्रकाशित गरेको World Economic Outlook प्रतिवेदनका अनुसार सन् २०२४ मा विश्व अर्थतन्त्रको वृद्धिदर ३.३ प्रतिशत रहेकोमा सन् २०२५ र २०२६ मा विश्व आर्थिक वृद्धिदर क्रमशः ३.२ प्रतिशत र ३.१ प्रतिशत रहने प्रक्षेपण रहेको छ । त्यसैगरी, सन् २०२४ मा विकसित अर्थतन्त्रहरूको समग्र आर्थिक वृद्धिदर १.८ प्रतिशत रहेकोमा सन् २०२५ मा १.६ प्रतिशत र सन् २०२६ मा १.६ प्रतिशत रहने अनुमान गरिएको छ भने उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रहरूको आर्थिक वृद्धिदर सन् २०२४ मा ४.३ प्रतिशत रहेकोमा सन् २०२५ मा ४.२ प्रतिशत र सन् २०२६ मा ४.० प्रतिशत रहने कोषको प्रक्षेपण रहेको छ ।

सन् २०२४ मा विकसित राष्ट्रहरूमा उपभोक्ता मुद्रास्फीति २.६ प्रतिशत र उदीयमान तथा विकासोन्मुख राष्ट्रहरूमा उक्त दर ७.९ प्रतिशत रहेकोमा सन् २०२५ मा विकसित राष्ट्रहरूमा उपभोक्ता मुद्रास्फीति दर २.५ प्रतिशत र उदीयमान तथा विकासोन्मुख राष्ट्रहरूमा ५.३ प्रतिशत रहने मुद्रा कोषको प्रक्षेपण रहेको छ ।

### सामाजिक सुरक्षाको विश्वव्यापी परिदृश्य :

लोककल्याणकारी राज्यको अवधारणाको विकाससंगै विश्वमा सामाजिक सुरक्षा तथा संरक्षणको महत्व बढदै गएको पाईन्छ । सबै नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु राज्यको दायित्व हो भने नागरिको मौलिक अधिकार ।

विश्वव्यापी सन्दर्भमा सामाजिक सुरक्षा प्रणालीका मुख्य संरचनामालाई ३ भागमा बाँडेर हेर्न सकिन्छः Tax-funded, Contributory & Universal Social Security । विकासशील देशहरुमा Tax-funded सामाजिक सहायता कार्यक्रमहरु बढी प्रचलनमा रहेको छ भने विकसित देशहरुमा प्राय Contributory प्रणाली प्रभावकारी देखिएको छ । पछिल्लो समयमा Universal Social Security को अवधारणा अन्तराष्ट्रिय रुपमा प्राथमिकतामा परेको देखिन्छ । यसले सामाजिक सुरक्षाको न्यूनतम आवश्यकतालाई सुनिश्चित गर्ने लक्ष्य राख्दछ ।

विश्व सामाजिक संरक्षण प्रतिवेदन २०२४-२६ ले सन २०१५ मा विश्वको कुल जनसङ्ख्यामध्ये ४२.८० प्रतिशत जनसङ्ख्या कम्तीमा एउटा सामाजिक सुरक्षा सुविधाबाट लाभान्वित रहेकोमा पहिलोपटक विश्वको ५२.४० प्रतिशत जनसङ्ख्या कम्तीमा एउटा सामाजिक सुरक्षा सुविधाबाट लाभान्वित भएको देखाएको छ । तथापी, विश्वको झन्डै आधा जनसङ्ख्या कुनै पनि प्रकारको सामाजिक सुरक्षाको दायराबाट बञ्चित रहेको देखिएकोले यसलाई थप ब्यापक तथा समावेशी वनाउन आवश्यक रहेको देखिन्छ । साथै हालको प्रगति दरबमोजिम सम्पूर्ण नागरिकलाई कम्तीमा एउटा सामाजिक सुरक्षाको दायरामा ल्याउन थप ४९ बर्ष लाग्ने अनुमान सोही प्रतिवेदनले गरेको छ ।

प्रतिवेदनले विश्वव्यापी पछिल्लो आकडाको आधारमा सामाजिक सुरक्षा खर्च कुल ग्राहास्थ उत्पादनको आधारमा स्वास्थ्य सुविधा सहित १९.३० प्रतिशत र स्वास्थ्य सुविधा बाहेक १२.९० प्रतिशत रहेको देखाएको छ । उक्त खर्च देश, क्षेत्र र आयस्तरबमोजिम फरक फरक रहेको छ । उच्च आय भएका देशहरुमा उक्त खर्च स्वास्थ्य सुविधा सहित २४.९० प्रतिशत र स्वास्थ्य सुविधा बाहेक १६.२० प्रतिशत रहेको छ भने, न्यून आय

भएका देशहरुमा आधारमा स्वास्थ्य सुविधा सहित २ प्रतिशत र स्वास्थ्य सुविधा बाहेक ०.८० प्रतिशत रहेको देखिन्छ ।

मुख्यतया विकसित राष्ट्रहरुमा व्यापक पहुँच तथा उच्चस्तरको सामाजिक सुरक्षा रहेको छ भने विकासोन्मुख तथा अल्पविकसित देशहरुमा पहुँच सिमित र विस्तारको गती ढिलो रहेको छ । यस प्रकारको असमानताले विश्वव्यपी सामाजिक न्याय र समावेशी विकासमा चुनौती रहेको देखिन्छ । दिगो विकासको लक्ष्य (SDGs) हाँसिल गर्नका लागि समेत यस क्षेत्रमा तिव्र सुधार र लगानी आवश्यक रहेको छ ।

विश्वव्यापीरुपमा हेर्दा विश्वभर केवल २८ प्रतिशत बालबालिका मात्र कुनै न कुनै सामाजिक सुरक्षाबाट लाभान्वित रहेका छन भने करिब १.४ अर्ब बालबालिका सामाजिक सुरक्षाको दायराबाट बाहिर रहेको देखिन्छ । त्यस्तै गरी आर्थिकरुपमा सक्रिय कामकाजी उमेरका ठुलो जनसंख्या विशेषगरी अनौपचारिक क्षेत्रका श्रमिक तथा कामदारहरु सामाजिक सुरक्षाबाट बञ्चित रहेका छन् । सामाजिक सुरक्षा प्राप्त गरेको वर्गको पनि मातृत्व सुरक्षा, बेरोजगारी भत्ता, दुर्घटना सुरक्षा र अशक्तता सुरक्षा जस्ता सुविधाहरुमा पहुँच सीमित मात्र रहेको छ ।

पछिल्लो समयमा जलवायु परिवर्तनका कारण स्वास्थ्यसम्वन्धी जोखिमहरु बढदै गईरहेकोले Universal Health Coverage लाई सामाजिक सुरक्षा प्रणालीसँग एकीकृत गर्न समेत आवश्यक देखिएको छ । साथै, जलवायु परिवर्तनका घटनाले गरिब र कमजोर समुदायका मानिसलाई बढी असर गरिरहेकोमा यो सामाजिक सुरक्षा प्रणालीको लागि नयाँ चुनौतीको रुपमा देखापरिरहेको छ । त्यसैले सामाजिक सुरक्षा प्रणालीलाई केवल आय सुरक्षा मात्र नभई जलवायु जोखिम व्यवस्थापनसँग जोडनुपर्ने आवश्यकता बढ्दै गएको छ ।

विकासशिल तथा विकासोन्मुख मुलुकहरुमा अधिकांश सामाजिक सुरक्षा कार्यक्रमहरु Tax-funded सामाजिक सहायतामा आधारित रहेकोमा उक्त देशहरुमा सीमित बजेट र योगदानमुखि कार्यक्रम सञ्चालन गर्ने कमजोर संस्थागत क्षमता हुँदा दिगो सामाजिक सुरक्षा प्रणालीको निर्माणमा बाधा पुगेको देखिन्छ । हालका बर्षहरुमा परिवर्तित जानसाङ्ख्यिक संरचना, आर्थिक-सामाजिक जोखिम र सुचना प्रविधिमा आएको परिर्वतनलाई सामना गर्नको लागि सामाजिक सुरक्षा प्रणालीमा महत्वपूर्ण सुधारको आवश्यकता देखिएको छ ।

## राष्ट्रिय अर्थतन्त्रको अवस्था :

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक प्रक्षेपण अनुसार आर्थिक वर्ष २०८१/८२ मा देशको यथार्थ कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को वृद्धिदर आधारभूत मूल्यमा ३.९९ प्रतिशत तथा उत्पादकको मूल्यमा ४.६१ प्रतिशत रहने अनुमान गरिएको छ । अघिल्लो आर्थिक वर्षमा उक्त वृद्धिदर आधारभूत मूल्यमा ३.३६ प्रतिशत र उत्पादकको मूल्यमा ३.६७ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको हिस्सा ९३.७८ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ९३.४५ प्रतिशत रहेको आँकलन गरिएको छ । आर्थिक वर्ष २०८१/८२ मा कुल राष्ट्रिय खर्चयोग्य आय (Gross National Disposable Income at Current Prices) ७.४१ प्रतिशतले वृद्धि भएको छ । यसअघि अघिल्लो वर्ष यस्तो आय ८.४५ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय खर्चयोग्य आयको अनुपात १२९.६९ प्रतिशत रहेको छ भने अघिल्लो वर्ष यो अनुपात १२९.१६ प्रतिशत रहेको थियो ।

मुद्रास्फितितर्फ आर्थिक वर्ष २०८१/८२ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फिति ४.०६ प्रतिशतमा सीमित रहेको छ । अघिल्लो वर्ष यो दर ५.४४ प्रतिशत रहेको थियो ।

वैदेशिक व्यापार अन्तर्गत आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु निर्यात ८१.८ प्रतिशतले वृद्धि भई रु. २७७ अर्ब ३ करोड पुगेको छ । आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु आयात १३.३ प्रतिशतले वृद्धि भई रु. १,८०४ अर्ब १२ करोड पुगेको छ । यसअघि अघिल्लो आर्थिक वर्षमा यस्तो आयात १.२ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०८१/८२ मा निर्यात-आयात अनुपात १५.४ प्रतिशत कायम रहेको छ । अघिल्लो आर्थिक वर्षमा भने उक्त अनुपात ९.६ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु व्यापार घाटा ६.० प्रतिशतले बढेर रु. १,५२७ अर्ब ९ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो व्यापार घाटा १.० प्रतिशतले घटेको थियो । अघिल्लो आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कुल व्यापार घाटाको अनुपात २५.२ प्रतिशत रहेकोमा समीक्षा वर्षमा यो अनुपात २५.० प्रतिशत कायम रहेको छ ।

आर्थिक वर्ष २०८१/८२ मा विप्रेषण आप्रवाहमा १९.२ प्रतिशतको वृद्धि भई रु. १,७२३ अर्ब २७ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षमा उक्त आप्रवाह १६.५ प्रतिशतले बढेको थियो। त्यस्तै, अघिल्लो वर्ष विप्रेषण आप्रवाहको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २५.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा सो अनुपात बढेर २८.२ प्रतिशत पुगेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा चालु खाता रु. २२१ अर्ब ७१ करोडले बचतमा रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा चालु खाता रु. ४०९ अर्ब २० करोडले बचतमा रहेको छ । समीक्षा वर्षमा चालु खाता बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ६.७ प्रतिशत पुगेको छ । अघिल्लो वर्ष भने यस्तो अनुपात ३.९ प्रतिशत रहेको थियो ।

वित्तीय खाताअन्तर्गत खुद प्रत्यक्ष वैदेशिक लगानी अघिल्लो आर्थिक वर्ष रु. ८ अर्ब ४० करोड रहेकोमा समीक्षा वर्षमा १३.० प्रतिशतले कमी भई रु. ७ अर्ब ३१ करोड कायम भएको छ । समीक्षा वर्षमा शोधनान्तर स्थिति रु. ५९४ अर्ब ५४ करोडले बचतमा रहेको छ । अघिल्लो आर्थिक वर्षमा शोधनान्तर स्थिति रु. ५०२ अर्ब ४९ करोडले बचतमा रहेको थियो ।

२०८२ असार मसान्तसम्म आइपुग्दा कुल विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तको तुलनामा ३१.२ प्रतिशतले बढेर रु. २,६७७ अर्ब ६८ करोड पुगेको छ । यसरी आर्थिक वर्ष २०८१/८२ को कुल आयातलाई आधारका रुपमा लिँदा २०८२ असार मसान्तसम्म कायम रहेको विदेशी विनिमय सञ्चितिले १८.२ महिनासम्मको वस्तु आयात तथा १५.४ महिनासम्मको वस्तु तथा सेवा आयात धान्न सक्ने क्षमता रहेको देखिन्छ ।

नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) को तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारको राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँट हुने रकम तथा अन्य प्राप्ति समेत) १०.५ प्रतिशतले वृद्धि भई रु. १,१९६ अर्ब १९ करोड पुगेको छ । अघिल्लो वर्षमा सरकारको राजस्व परिचालन ७.१ प्रतिशतले वृद्धि भई रु. १०८२ अर्ब ७२ करोड रहेको थियो । आर्थिक वर्ष २०८१/८२ मा राजस्व/कुल गार्हस्थ उत्पादन अनुपात १९.६ प्रतिशत कायम भएको छ, अघिल्लो वर्ष सो अनुपात १९.० प्रतिशत रहेको थियो ।

अघिल्लो आर्थिक वर्षमा चालु खर्च रु. ९२९ अर्ब १३ करोड रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा चालु खर्च ५.५ प्रतिशतले बढेर रु. ९८० अर्ब ३८ करोड पुगेको छ । समीक्षा वर्षमा पुँजीगत खर्च १६.० प्रतिशतले वृद्धि भई रु. २२२ अर्ब ६८ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो पुँजीगत खर्च रु. १९२ अर्ब ३ करोड रहेको थियो । आर्थिक वर्ष २०८१/८२ मा कुल सरकारी खर्चमा पुँजीगत खर्च, चालु खर्च र वित्तीय व्यवस्था खर्चको हिस्सा क्रमशः १४.६ प्रतिशत, ६४.४ प्रतिशत र २१.० प्रतिशत रहेको छ । त्यसैगरी आर्थिक वर्ष

२०८१/८२ मा भएको चालु, पुँजीगत तथा वित्तीय व्यवस्थाअन्तर्गतका खर्चहरुको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः १६.१ प्रतिशत, ३.६ प्रतिशत र ५.२ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०८२ को असार मसान्तसम्म नेपाल सरकारको कुल तिर्न बाँकी बाह्य ऋण रु. १,४०१ अर्ब ४२ करोड तथा आन्तरिक ऋण रु. १,२६८ अर्ब २२ करोड गरी कुल तिर्न बाँकी सरकारी ऋण रु. २,६६९ अर्ब ६५ करोड पुगेको छ । सरकारी कुल तिर्न बाँकी ऋणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४३.७ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ४२.७ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०८१/८२ मा विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस प्रकारको मुद्राप्रदाय १२.९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा सङ्कुचित मुद्राप्रदाय २२.० प्रतिशतले वृद्धि भएको छ, अघिल्लो वर्ष यस्तो मुद्राप्रदाय १.७ प्रतिशतले कमी आएको थियो । त्यसैगरी, समीक्षा वर्षमा कुल आन्तरिक कर्जा ६.२ प्रतिशतले विस्तार भएको छ, अघिल्लो वर्ष उक्त कर्जा ६.१ प्रतिशतले वृद्धि भएको थियो ।

२०८२ असारमा वाणिज्य बैंकहरुको औसत आधार दर ६.०२ प्रतिशत, विकास बैंकहरुको ८.०३ प्रतिशत र वित्त कम्पनीहरुको ८.९७ प्रतिशत रहेको छ, अघिल्लो वर्ष २०८१ असारमा वाणिज्य बैंकहरुको औसत आधार दर ८.० प्रतिशत, विकास बैंकहरुको ९.७१ प्रतिशत तथा वित्त कम्पनीहरुको ११.२१ प्रतिशत थियो । यसरी २०८१ असारको तुलनामा २०८२ असारमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको औसत आधार दरहरुमा कमी आएको देखिन्छ ।

आर्थिक वर्ष २०८१/८२ मा वाणिज्य बैंकहरुको कुल सम्पत्ति र दायित्वमा १२ प्रतिशत अर्थात् रु. ८६७ अर्ब ७८ करोड वृद्धि भई रु. ८,०९५ अर्ब ३८ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षमा यस प्रकारको वृद्धि १२.९ प्रतिशत अर्थात् रु. ८२४ अर्ब २९ करोड रहेको थियो ।

आर्थिक वर्ष २०८१/८२ मा वाणिज्य बैंकहरुको कुल निक्षेप परिचालन १३.७ प्रतिशत (रु. ७८४ अर्ब ८७ करोड) ले वृद्धि भई २०८२ असार मसान्तमा रु. ६,५३१ अर्ब ८७ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षमा वाणिज्य बैंकहरुको कुल निक्षेप परिचालन १३.३ प्रतिशत (रु. ६७४ अर्ब ७७ करोड) ले वृद्धि भएको थियो । समीक्षा वर्षमा वाणिज्य बैंकहरुको चल्ती तथा बचत निक्षेप क्रमशः ३८.९ प्रतिशत र ३६.५ प्रतिशतले बढेको छ भने मुद्दती निक्षेप २.० प्रतिशतले घटेको छ । अघिल्लो वर्षमा चल्ती निक्षेप १६.० प्रतिशतले घटेको थियो भने बचत र मुद्दती निक्षेप क्रमशः २८.२ र ९.७ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा वर्षमा वाणिज्य बैंकहरुको कर्जा तथा लगानी ७.२ प्रतिशत (रु. ४२४ अर्ब ६१ करोड) ले वृद्धि भई २०८२ असार मसान्तमा रु. ६,२९५ अर्ब ६५ करोड पुगेको छ । अघिल्लो वर्ष वाणिज्य बैंकहरुको कर्जा तथा लगानी ७.७ प्रतिशत (रु. ४१९ अर्ब ७७ करोड) ले वृद्धि भएको थियो ।

२०८२ असार मसान्तमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त १०७ वटा बैंक तथा वित्तीय संस्थाहरु र सीमित बैंकिङ कारोबारका लागि इजाजत दिइएका १५ वटा अन्य संस्थासहित कुल १२२ वटा संस्थाहरु, ३७ वटा बीमा कम्पनीहरु, कर्मचारी सञ्चय कोष तथा नागरिक लगानी कोषसमेत गरी कुल १६१ वटा बैंक तथा गैरबैंक वित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन् । अघिल्लो वर्ष पनि कुल १६१ वटा बैंक तथा गैरबैंक वित्तीय संस्थाहरु सञ्चालनमा रहेका थिए ।

## सामाजिक सुरक्षाको राष्ट्रिय परिदृश्य :

नेपालको सविधान, २०७२ ले सामाजिक सुरक्षालाई नागरिकको मौलिक हकको रुपमा सुनिश्चित गरेको छ । संविधानले वृद्ध, अपाङ्गता भएका, एकल महिला, विपन्न र अशक्त नागरिकलाई राज्यद्वारा सामाजिक सुरक्षा सुविधा प्रदान गरिने सुनिश्चितता गरेको छ । सोहीबमोजिम सामाजिक सुरक्षाको नीति कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय तहहरुले विभिन्न प्रकारको नीति तथा कार्यक्रमहरु सञ्चालन गरिरहेका छन् ।

नेपालको सामाजिक सुरक्षा प्रणालीलाई मुख्यतया दुई खण्डमा विभाजित गरेर हेर्न सकिन्छ । Tax-funded मा आधारित सामाजिक सहायताको लागि लक्षित वर्गहरुलाई सरकारले नगद भत्ता तथा जिन्सी सहायता प्रदान गरिरहेको छ । जसले कमजोर, गरिब र जोखिममा रहेका वर्गको जीवनस्तर सुधार्न महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको देखिन्छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई संस्थागत गर्नको लागि कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषजस्ता संस्थाहरुको स्थापना गरिएको छ । यी संस्थाहरुले औपचारिक क्षेत्रमा कार्यरत कर्मचारीहरु तथा श्रमिकको अवकाश कोष, निवृत्तभरण कोष, उपदान, दुर्घटना क्षतिपूर्ति, स्वास्थ्य उपचार योजनाहरु सञ्चालन गरिरहेका छन् ।

मुलुक सङ्घीय संरचनामा रुपान्तरण भएपश्चात तीन तहकै सरकारहरूले सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालन गरिरहेका छन् । तीन तहकै सरकारले कार्यक्रमहरु सञ्चालन गर्दै गर्दा सामाजिक सुरक्षाको वित्तीय दिगोपना सुनिश्चित गर्दै दायरा विस्तार गर्नु, योगदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रमको दायरा फराकिलो र प्रभावकारी बनाई सबै प्रकारका श्रमिकलाई समेट्नु र योगदानमा आधारित एवम् उत्पादनशील सामाजिक सुरक्षा प्रणाली स्थापना गर्नु मुख्य चुनौतीको रुपमा रहेको छ ।

नेपालको सामाजिक सुरक्षामा राज्यको खर्च बढ्दै भइरहेको देखिए तापनि दायरा विस्तार तथा खर्च अन्य देशको तुलनामा अत्यन्तै न्यून रहेको र गैरयोगदानमुखी सामाजिक सुरक्षाका कार्यक्रमहरूको बाहुल्यता हुँदा दिगोपनामा समस्या रहेको छ । विश्व सामाजिक संरक्षण प्रतिवेदन २०२४-२६ नेपालको २१ प्रतिशत जनसङ्ख्याले कम्तीमा एउटा सामाजिक सुरक्षा सुविधा प्राप्त गरिरहेको देखिन्छ । साथै लैङ्गिक हिसाबले हेर्दा २२.१ प्रतिशत महिला र १९.८० प्रतिशत पुरुषले कम्तीमा एउटा सामाजिक सुरक्षा सुविधा प्राप्त गरिरहेको छ । २१ प्रतिशत मध्ये १८.१ प्रतिशत जनसङ्ख्याले Tax-funded सामाजिक सुरक्षा सुविधा प्राप्त गरिरहेको छ भने २.९ प्रतिशत जनसङ्ख्याले मात्र योगदानमुखी सामाजिक सुरक्षा सुविधा प्राप्त गरिरहेको देखिन्छ ।

सामाजिक सुरक्षा खर्च समेत नेपालको विश्वव्यापी औसतभन्दा न्यून रहेको देखिन्छ । नेपाल सामाजिक सुरक्षामा खर्च स्वास्थ्य सुविधा सहित कुल ग्राहस्थ्य उत्पादनको अनुपातमा चार प्रतिशत गरिरहेकोमा स्वास्थ्य सुविधा बाहेक २.२ प्रतिशत मात्र खर्च गरिरहेको देखिन्छ । यसरी हेर्दा सामाजिक सुरक्षामा राज्यको लगानी समेत न्यून देखिन्छ ।

समग्रमा, नेपालको सामाजिक सुरक्षालाई राज्यले प्राथमिकता दिई अगाडि बढाए तापनि यसको कार्यान्वयन, वित्तीय दिगोपना र दायरा विस्तारमा थप कार्य गर्न आवश्यक देखिन्छ । सोको लागि भविष्यमा सम्पूर्ण नागरिकलाई समेट्ने गरी एकीकृत सामाजिक सुरक्षा प्रणालीको आधुनिक अवधारणा सर्वव्यापी सामाजिक सुरक्षा (Universal Social Security) प्रणाली कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

## ३.३ नेपालको वित्तीय प्रणाली र कुल ग्राहस्थ उत्पादनमा कोषको योगदान

आर्थिक वर्ष २०८१/८२ मा कोषको कुल सम्पत्ति करिब रु. ६ खर्ब २३ अर्ब २१ करोड रहेको छ, जुन नेपालको वित्तीय प्रणालीको कुल सम्पत्तिको करिब ४.३४ प्रतिशत र कुल ग्राहस्थ उत्पादनको करिब १०.२० प्रतिशत रहेको छ । यसबाट देशको वित्तीय स्रोत सङ्कलन तथा परिचालनमा कोषको भूमिका महत्वपूर्ण देखिएको छ । विगत पाँच वर्षको कोषको कुल स्रोत/सम्पत्ति, मुलुकको अर्थतन्त्रको आकार र वित्तीय संरचनामा रहेको सम्पत्तिको मात्रासँगको तुलना तथा मुलुकको आ.व. २०८१/८२ को वित्तीय संरचना देहाय बमोजिम रहेको छ ।

तालिका नं.३.२ (१)

**नेपालको वित्तीय प्रणाली र कुल ग्राहस्थ उत्पादनसँग कोषको तुलना**

(रु. करोडमा)

| आर्थिक वर्ष | कोषको कुल सम्पत्ति | वित्तीय प्रणालीको सम्पत्ति | कुल ग्राहस्थ उत्पादन | वित्तीय प्रणालीमा कोषको सम्पत्ति (प्रतिशतमा) | कुल ग्राहस्थ उत्पादनमा कोषको सम्पत्ति (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| २०७७/७८ | ४४,५६६ | ९२४,६७४ | ४२७,७३० | ४.८२ | १०.४२ |
| २०७८/७९ | ४५,८३९ | १,०१२,०८७ | ४९७,६५६ | ४.५३ | ९.२१ |
| २०७९/८० | ५१,४२९ | १,०८०,४५४ | ५३४,८५३ | ४.७६ | ९.६२ |
| २०८०/८१ | ५७,१३३ | १,२५७,०६२ | ५७०,४८४ | ४.५४ | १०.०१ |
| २०८१/८२ | ६२,३२१ | १,४३५,५४४ | ६१०,७२२ | ४.३४ | १०.२० |

स्रोत: नेपाल राष्ट्र बैंक, वार्षिक प्रतिवेदनहरु

तालिका नं.३.२ (२)

**नेपालको वित्तीय प्रणालीको संरचना**

**आ.व. २०८१/८२**

(रु. करोडमा)

| विवरण | रकम | प्रतिशत | |
|---|---|---|---|
| | कुल सम्पत्ति/दायित्व | अंश | कुल गार्हस्थ उत्पादनसँगको अनुपात |
| **वित्तीय संस्थाहरु** | **१,२३२,७२०.६** | **८५.९** | **२०१.८** |
| नेपाल राष्ट्र बैंक | २६६,१४४.८ | १८.५ | ४३.६ |
| वाणिज्य बैंकहरु | ८०९,५३८.९ | ५६.४ | १३२.६ |
| विकास बैंकहरु | ७५,३५५.४ | ५.२ | १२.३ |
| वित्त कम्पनीहरु | १७,५५३.३ | १.२ | २.९ |
| लघुवित्त वित्तीय संस्थाहरु | ५९,८४३.८ | ४.२ | ९.८ |
| नेपाल पूर्वाधार बैंक | ४,२८४.४ | ०.३ | ०.७ |
| **सम्झौतित बचत संस्थाहरु** | **२०२,८२३.४** | **१४.१** | **३३.२** |
| कर्मचारी सञ्चय कोष | ६२,३२०.९ | ४.३ | १०.२ |
| नागरिक लगानी कोष | ३१,१०६.७ | २.२ | ५.१ |
| बीमा कम्पनीहरु | १०९,३९५.८ | ७.६ | १७.९ |
| **जम्मा** | **१,४३५,५४४.०** | **१००.०** | **२३५.१** |
| **कुल गार्हस्थ उत्पादन (रु. करोडमा)** | | | **६१०,७२२.१** |

स्रोत: नेपाल राष्ट्र बैंक, वार्षिक प्रतिवेदनहरु







(स्रोत: नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन)

मुलुकको वित्तीय बजारमा समय समयमा देखिएका उतार चढाव, सानो आकारको पुँजी बजार, लगानीमैत्री वातावरणको कमीको कारण वित्तीय स्रोतको प्रभावकारी व्यवस्थापन गरी सञ्चयकर्तालाई उचित प्रतिफल दिने विषय चुनौतीपूर्ण रहेको छ । यस वर्षसमेत बैकिङ्ग क्षेत्रमा तरलता अधिक भई लगानी गर्ने क्षेत्र तथा मागमा सङ्कुचन आई, वित्तीय बजारमा ब्याजदरमा भएको थप गिरावट, दीर्घकालीन श्रोत परिचालनको लागि क्षेत्र तथा उपकरणको अभावले कोषको लगानी व्यवस्थापनलाई प्रभाव पारेको देखिन्छ । जसले गर्दा उत्पादनशील, प्रतिफलयुक्त एवम् पूर्वाधार विकासको क्षेत्रमा लगानी विस्तार गर्ने कार्यमा सन्तोषजनक प्रगति हुन नसकेको देखिन्छ ।

कर्जा असुलीमा भएको समस्या र लगानीको वातावरणमा आएको सङ्कुचनका कारण  बैंक तथा वित्तीय संस्थाहरुको लगानी गर्ने क्षमतामा कमी देखिएको छ भने  कर्जा उल्लेख्य मात्रमा विस्तार भएको देखिदैन । नेपाललाई सन् २०२६ मा अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति गर्ने र सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरु

हासिल गर्न ठूलो परिमाणमा वित्तीय स्रोतसाधनको आवश्यकता पर्ने भएको तर राजस्व असुलीमा अपेक्षित सुधार नदेखिदा कोषको दीर्घकालीन बचतको प्रवर्द्धन र लगानीका अवसरहरु वृद्धि हुने सम्भावना देखिएको छ।

नेपाल सरकाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम निजी तथा अनौपचारिक क्षेत्रमा कार्यरत कामदार तथा कर्मचारीहरुको लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सामाजिक सुरक्षा कोषमार्फत् सञ्चालन गर्ने गरी २०७६ श्रावण महिनादेखि अनिवार्य गरेको छ । यो व्यवस्थाका कारण कोषले निजी क्षेत्रका सञ्चयकर्तालाई कोषमा आबद्ध गर्ने प्रक्रियामा केही न्यूनता आएको छ। तथापि नेपाल सरकारले निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम २०७६ साउन १ गतेदेखि नियुक्त हुने राष्ट्रसेवक कर्मचारीका लागि योगदानमा आधारित निवृत्तभरण प्रणाली लागु गरी कोषलाई उक्त योजना सञ्चालनको जिम्मेवारी प्रदान गरेको छ। कोषले उक्त प्रणाली कार्यान्वयन गर्न सुरु गरिसकेकाले स्रोत परिचालनमा थप सहयोग पुग्ने देखिन्छ।

## ३.४ कोषको सबल पक्ष, दुर्बल पक्ष एवम् अवसर र चुनौतीको विश्लेषण

कोषको भावी रणनीति, दीर्घकालीन लक्ष्य, अवकाश कोष तथा सामाजिक सुरक्षाको व्यवस्थापनसम्बन्धी नेपाल सरकारका मौजुदा नीतिगत व्यवस्था, कोषको वर्तमान व्यावसायिक, वित्तीय एवम् सांगठनिक अवस्था एवम् आन्तरिक तथा बाह्य वातावरणसमेतको आधारमा कोषका सबल पक्ष, दुर्बल पक्ष एवम् अवसर र चुनौतीलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :

### (क) सबल पक्ष (Strength)

**सबल पक्ष**

- कानूनबाट कोषको स्रोतको निरन्तरताको प्रत्याभूतिका कारण प्रत्येक वर्ष स्रोतमा वृद्धिको सुनिश्चितता,
- कानूनले सञ्चित कोष रकममा सुरक्षाको प्रत्याभूति,
- अवकाश कोषको रुपमा कोषको आयमा आयकर नलाग्ने व्यवस्था,
- आवास परियोजनाको लागि जग्गाको हदबन्दी नलाग्ने सुनिश्चितता,
- सामाजिक सुरक्षाका क्षेत्रमा अन्तर्राष्ट्रिय सम्बन्ध तथा सहकार्य,
- आधुनिक सूचना प्रविधिको प्रभावकारी उपयोगको संरचना,
- कोषरहित दायित्व (Non Funded Liabilities) नरहेको,
- मितव्ययी कार्य प्रणाली र छरितो संगठन,
- नियमित रुपमा लेखापरीक्षण सम्पन्न तथा वित्तीय अनुशासन र जवाफदेहिता कायम,
- संघीय संरचना अनुरुप कार्यालय सञ्चालन,
- समान प्रकृतिका अन्य निकायहरुले प्रदान गर्ने सुविधा तथा प्रतिफल दर भन्दा कोषले सञ्चयकर्तालाई प्रदान गरेको सुविधा तथा प्रतिफल दर उच्च रहेको,
- नेपाल सरकारले लागू गरेको योगदानमा आधारित निवृत्तभरण योजना कार्यान्वयनको लागि कोषलाई जिम्मेवारी प्रदान भई कोषले कार्य सञ्चालन गरिसकेको।

**माध्यम**

- प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, स्पष्ट नीति, निर्देशिका, कार्य प्रक्रियाको सुनिश्चितता,
- अन्तर्राष्ट्रियस्तरका प्रचलित मार्गदर्शनको पालना,
- सुरक्षा र प्रतिफलको प्रत्याभूति गर्दै नेपाल सरकारको सहयोगमा राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनामा दीर्घकालीन पुँजी परिचालन,
- दिगो सामाजिक सुरक्षा योजना सञ्चालन,
- निरन्तर सञ्चयकर्ताको उच्च सुविधा तथा प्रतिफल कायम,
- निवृत्तभरण योजनाको कुशल व्यवस्थापन।

**परिदृश्य**

- नयाँ योजना सञ्चालन,
- कुल स्रोतमा निरन्तर वृद्धि,
- दीर्घकालीन तथा राष्ट्रिय महत्वका परियोजनामा स्रोतको उपयोग,
- अन्तर्राष्ट्रिय प्रचलन अनुरुप प्रभावकारी सेवा प्रवाह तथा स्रोत परिचालन,
- स्वस्थ तथा प्रविधिमैत्री वित्तीय संस्था,
- उच्च सेवा सुविधा तथा प्रतिफलको निरन्तर व्यवस्था,
- निवृत्तभरण योजना व्यवस्थापनको स्थायी जिम्मेवारी।



## (ख) दुर्बल पक्ष (Weaknesses)

| दुर्बल पक्ष | माध्यम | परिदृश्य |
|---|---|---|
| • कर्मचारीमा व्यावसायिक एवम् प्राविधिक ज्ञान र व्यवस्थापकीय सीपको अपर्याप्तता तथा विशिष्टिकृत सेवाहरुमा विशिष्टिकृत कर्मचारी रहने व्यवस्थाको अभाव,<br>• कर्मचारीको सुविधालाई कार्य सम्पादन र कोषको मुनाफासँग आबद्ध गर्न नसक्नु,<br>• सञ्चयकर्ताको अपेक्षाअनुरुप सेवाको गुणस्तरीयता कायम गर्न कठिनाई, कोषको सेवा सुविधामा समान पहुँच कायम गर्न नसकिएको,<br>• सञ्चयकर्ता सापटीको मात्रा बढ्दै गएकोले जोखिम वृद्धि हुँदै गएको,<br>• कमजोर सूचना तथा अनुगमन प्रणाली,<br>• उद्देश्यअनुरुप क्षेत्रहरुमा लगानी प्रवाह गर्न नसकिएको,<br>• सञ्चय कोष र निवृत्तभरण व्यवस्थापन सम्बन्धमा एकीकृत कानुनी व्यवस्थाको अभाव । | • कोष तथा निवृत्तभरण सम्बन्धी एकीकृत कानुनको व्यवस्था,<br>• कोषका विद्यमान नीति, ऐन तथा कानून निर्माण तथा संशोधन,<br>• सञ्चयकर्ता मैत्री सेवा प्रवाह प्रक्रियाको व्यवस्था,<br>• आधुनिक बैकिङ्ग प्रणाली र सूचना प्रविधिको उच्चतम प्रयोग,<br>• मानवस्रोत व्यवस्थापन नीति तथा योजना कार्यान्वयन,<br>• जोखिम व्यवस्थापन/न्यूनीकरणका लागि संयन्त्रको प्रभावकारी परिचालन,<br>• सामाजिक सुरक्षा योजनाको अध्ययन, अनुसन्धानमार्फत् योजना विकास,<br>• कुल लगानी र सञ्चयकर्ता सापटीको सीमा कायम । | • नीति तथा कानून निर्माण तथा परिमार्जन,<br>• कर्मचारीको उत्पादकत्वमा वृद्धि,<br>• सेवाको गुणस्तरमा वृद्धि तथा प्रविधिमा आधारित सेवा प्रवाह,<br>• निर्णय प्रक्रियामा प्रभावकारिता,<br>• सञ्चयकर्तालाई अधिकतम सन्तुष्टि प्रदान ।<br>• नियन्त्रित जोखिम प्रणाली । |



## (ग) अवसर (Opportunities)

| अवसर | माध्यम | परिदृश्य |
| --- | --- | --- |
| • सङ्घीय संरचनाअनुरुप मुलुकको आर्थिक तथा पूर्वाधार विकासका लागि ठूलो परिमाणको आन्तरिक वित्तीय स्रोतको माग हुने सम्भावना रहेको,<br>• सामाजिक सुरक्षाको क्षेत्रमा आएको विकास एवम् विस्तार अनुरुप कोषलाई क्रमशः मुलुकको सार्वजनिक क्षेत्रमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको एकीकृत सामाजिक सुरक्षा संस्थाको रुपमा विकास गर्न सकिने,<br>• वित्तीय बजारमा कोषले नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने तथा पुँजी बजारको विकासमा सकारात्मक योगदान दिनसक्ने,<br>• पूर्वाधार विकास एवम् जलविद्युतसँग सम्बन्धित थप परियोजनाहरुका साथै तीनवटै तहका सरकार तथा अन्य संस्थागत लगानीकर्ताको सहकार्यमा उचित परियोजनाहरुमा कोषको स्रोत परिचालन गर्न सकिने सम्भावना रहेको,<br>• निवृत्तभरण कोष समेतबाट सङ्कलित स्रोतमार्फत् दीर्घकालीन आयोजना सञ्चालनको लागि अघि बढ्न सकिने आधार रहेको । | • कोषका विद्यमान नीति, ऐन तथा कानून निर्माण, संशोधन तथा एकीकरण,<br>• विभिन्न योजनाका लागि अल्पकालीन तथा दीर्घकालीन योजनाको तयारी तथा कार्यान्वयन,<br>• वित्तीय तथा पुँजी बजारको क्षेत्रमा थप लगानी,<br>• जोखिम न्यूनीकरण उपायहरुको अवलम्बन<br>• स्रोत परिचालनमा तीनै तहका सरकार, लगानी बोर्ड तथा अन्य संस्थागत लगानीकर्तासँग समन्वय,<br>• अन्तर्राष्ट्रिय स्तरका प्रचलित मार्गदर्शनको पालना । | • विभिन्न योजना विकास तथा कार्यक्रम सञ्चालन,<br>• तीनै तहका सरकार तथा अन्य निकायसँग दिगो सम्वन्ध विकास,<br>• दीर्घकालीन तथा राष्ट्रिय महत्वका परियोजनामा स्रोतको उपयोग,<br>• पुँजी बजारको क्षेत्रमा कोषको बलियो उपस्थिति,<br>• आवश्यक नीति तथा कानून निर्माण तथा परिमार्जन,<br>• वित्तीय तथा सार्वजनिक क्षेत्रका कर्मचारीको सामाजिक सुरक्षाका क्षेत्रमा नेतृत्वदायी संस्थाका रुपमा स्थापना । |



## (घ) चुनौती (Threats)

| चुनौती | माध्यम | परिदृश्य |
|---|---|---|
| • अन्य सामाजिक सुरक्षा योजना कार्यान्वयनका लागि विभिन्न निकायको स्थापनाका कारण प्रतिस्पर्धात्मक सक्षमता कायम राख्न कोषको संस्थागत क्षमताको विकास गर्नु,<br>• लगानी मैत्री वातावरणको अभाव हुनु,<br>• ब्याजदरको अस्थिरता र उच्च मुद्रास्फीति दर कायम रहेका कारण सकारात्मक प्रतिफल कायम गर्नु,<br>• आर्थिक वृद्धिका साथ साथै मध्यमस्तरका व्यक्तिहरुको संख्या तथा खर्च गर्न सक्ने सामर्थ्य बढ्दै जाने हुँदा मुद्रास्फितिदर उच्च रहने भएकाले सकारात्मक प्रतिफल कायम गर्नु,<br>• कोषको कुल लगानीको ७५ प्रतिशतभन्दा बढी रकम अनुत्पादनशील क्षेत्रमा प्रवाह भइरहेको सन्दर्भमा दीर्घकालीन तथा राष्ट्रिय महत्वका परियोजनामा राष्ट्रिय नीतिको अभावमा स्रोत परिचालन गर्नु। | • सञ्चयकर्तालाई उचित प्रतिफल र गुणस्तरीय सेवा प्रवाह र नयाँ योजना कार्यान्वयन,<br>• गुनासो व्यवस्थापनका लागि उचित संयन्त्रको निर्माण र कार्यन्वयन,<br>• सरकारी नियमनकारी संयन्त्र निर्माणमा सहयोग,<br>• कोषलाई सार्वजनिक क्षेत्रका कर्मचारीको एकीकृत सामाजिक सुरक्षण संस्थाको रुपमा स्थापित गर्ने,<br>• कोषको स्रोतलाई मुलुकको पूर्वाधार विकास तथा पुँजी बजारको विकासमा परिचालन। | • प्रतिफल तथा सेवा प्रवाहका आधारमा सञ्चयकर्तालाई निरन्तर उच्च सन्तुष्टि प्रदान,<br>• कोषको ब्याजदर मुद्रास्फीति दर भन्दा निरन्तर बढी,<br>• कोष सार्वजनिक क्षेत्रको एकीकृत सामाजिक सुरक्षण संस्था,<br>• कोष मुलुकको दीर्घकालीन पुँजीको बलियो आपूर्तिकर्ता। |



परिच्छेद ४

# कोषको मुख्य कारोबार

## ४.१ सञ्चयकर्ताको आबद्धता

कोषमा आ.व. २०८१/८२ मसान्तमा विभिन्न क्षेत्रबाट करिब ५ लाख ७८ हजार सञ्चयकर्ता आबद्ध रहेका छन्। आ.व. २०८१/८२ मसान्तमा सञ्चयकर्ताहरुको आबद्धता (प्रतिशत) कुल सञ्चयकर्तामध्ये निजामतीतर्फ करिब १८.९८ प्रतिशत, नेपाल प्रहरी र सशस्त्र प्रहरीतर्फ १९.८४ प्रतिशत, नेपाली सेनातर्फ १५.९१ प्रतिशत, सामुदायिक तथा संस्थागत विद्यालयतर्फ २०.५४ प्रतिशत र सार्वजनिक संस्थान र संगठित क्षेत्रतर्फ २४.७३ प्रतिशत सञ्चयकर्ता रहेका छन्।




कोषमा आ.व. २०८१/८२ मसान्तमा सञ्चयकर्ताहरुको आबद्धताको आधारमा कुल सञ्चय कोष रकम देहायबमोजिम रहेको छ :

तालिका नं.४.१

**आबद्धताको आधारमा कुल सञ्चय कोष रकम**

| सञ्चयकर्ता | सञ्चयकोष रकम (रु. करोडमा) | कुल सञ्चय कोष रकममा योगदान (प्रतिशतमा) |
|---|---|---|
| निजामती | १४,३८५.६६ | २५.५५ |
| प्रहरी | ११,२३१.२९ | १९.९४ |
| जङ्गी | ७,५५४.५६ | १३.४१ |
| शिक्षा | १२,०४१.२५ | २१.३८ |
| संस्थान | ११,१०१.८० | १९.७१ |
| **जम्मा** | **५६,३१४.५७** | **१००.००** |




## ४.२ सञ्चयकर्ता वृद्धिको अवस्था

आर्थिक वर्ष २०८१/८२ मा कोषमा सञ्चयकर्ताको सङ्ख्या करीब ५ लाख ७८ हजार रहेको छ । गत वर्ष यो सङ्ख्या करीब ५ लाख ७५ हजार रहेको थियो । विगत पाँच वर्षको तथ्याङ्का आधारमा सञ्चयकर्ताको औसत वार्षिक वृद्धिदर (१.५६) प्रतिशत रहेको छ ।

कोषको विगत पाँच वर्षको सञ्चयकर्ता सङ्ख्या र वृद्धि प्रतिशत देहायअनुरुप रहेको छ :

तालिका नं.४.२

**सञ्चयकर्ता सङ्ख्या र वृद्धि प्रतिशत**

| आर्थिक वर्ष | सङ्ख्या (हजारमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७७/७८ | ५९८ | (४.७८) |
| २०७८/७९ | ५५५ | (७.१९) |
| २०७९/८० | ५८२ | ४.८६ |
| २०८०/८१ | ५७५ | (१.२०) |
| २०८१/८२ | ५७८ | ०.५२ |



## ४.३ सञ्चय कोष रकम वृद्धिको अवस्था

आर्थिक वर्ष २०८१/८२ मा कोषमा सञ्चयकर्ताको कुल रकम रु.५६३ अर्ब १४ करोड रहेको छ। विगत पाँच वर्षको तथ्याङ्कका आधारमा कुल कोष रकममा औसत वार्षिक वृद्धि रु.४१ अर्ब ७४ करोड अर्थात् वार्षिक ९.७४ प्रतिशत रहेको छ। कोषको विगत ५ वर्षको कोष रकम, वृद्धि रकम तथा वृद्धि प्रतिशत देहायअनुरुप रहेको छ :

तालिका नं.४.३

**सञ्चय कोष रकम, वृद्धि रकम तथा वृद्धि प्रतिशत**

| आर्थिक वर्ष | सञ्चय कोष कुल रकम (रु. करोडमा) | वृद्धि रकम (रु. करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २०७७/७८ | ३९,७५७.३५ | ४,३१६.५४ | १२.१८ |
| २०७८/७९ | ४१,६३६.११ | १,८७८.७६ | ४.७३ |
| २०७९/८० | ४६,५०२.०२ | ४,८६५.९१ | ११.६९ |
| २०८०/८१ | ५१,८४७.५३ | ५,३४५.५१ | ११.५० |
| २०८१/८२ | ५६,३१४.५७ | ४,४६७.०४ | ८.६२ |
| **औसत** | | **४,१७४.७५** | **९.७४** |

**सञ्चय कोष रकम वृद्धिको प्रवृत्ति**




## ४.४ निवृत्तभरण तथा उपदान कोष रकमको अवस्था

स्थापना कालदेखि सञ्चय कोष योगदानको मात्र व्यवस्थापन गर्दै आएको कर्मचारी सञ्चय कोषले निवृत्तभरण कोष ऐन, २०७५ जारी भएपछि योगदानमा आधारित निवृत्तभरण कोषको व्यवस्थापन गर्दै आइरहेको छ। कोषले नेपाल सरकारको निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नेपाल विशेष सेवा अन्तर्गत वि.सं. २०७६ साउनदेखि नयाँ नियुक्त भएका कर्मचारीहरुको योगदानमा आधारित निवृत्तभरण योजना तथा सार्वजनिक क्षेत्रका कर्मचारीहरुको निवृत्तभरण तथा उपदान योजनाहरुको व्यवस्थापन गर्दै आएको छ। आर्थिक वर्ष २०८०/८१ मा सञ्चयकर्ता कार्यालयबाट निवृत्तभरण तथा उपदान कोषबापत कट्टी भई निवृत्तभरण कोषमा जम्मा भएको रकम रु. ११ अर्ब २१ करोड रहेको थियो भने आर्थिक वर्ष २०८१/८२ मा सो रकम रु. १५ अर्ब ९७ करोड पुगेको छ।

तालिका नं. ४.४

**निवृत्तभरण तथा उपदान कोष रकम, वृद्धि रकम तथा वृद्धि प्रतिशत**

| आर्थिक वर्ष | निवृत्तभरण तथा उपदान कोष रकम (रु. करोडमा) | वृद्धि रकम (रु. करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २०७७/७८ | १४५.७४ | ९६.८४ | १९८.०४ |
| २०७८/७९ | ३३१.१७ | १८५.४३ | १२७.२३ |
| २०७९/८० | ६३५.८२ | ३०४.६५ | ९१.९९ |
| २०८०/८१ | १,१२१.३८ | ४८५.५६ | ७६.३७ |
| २०८१/८२ | १,५९७.१४ | ४७५.७५ | ४२.४३ |
| **औसत** | | **३०९.६५** | **१०७.२१** |




## ४.५ सञ्चय कोष भुक्तानीको अवस्था

आर्थिक वर्ष २०८१/८२ मा कोषबाट सञ्चयकर्तालाई रु.१८ अर्ब ८७ करोड कोष रकम भुक्तानी गरिएको छ । विगत पाँच वर्षको तथ्याङ्कका आधारमा कोष रकम भुक्तानी औसत वार्षिक रु.२२ अर्ब १९ करोड रहेको छ । कोषको विगत ५ वर्षको सञ्चयकर्ताको कोष रकम अवकाश भुक्तानी तथा सोको वृद्धिदर देहायअनुरुप रहेको छ :

तालिका नं.४.५

**सञ्चय कोष भुक्तानी**

| आर्थिक वर्ष | कोष भुक्तानी रकम (रु. करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७७/७८ | २,४०६.०३ | १३१.३४ |
| २०७८/७९ | २,८१४.३५ | १६.९७ |
| २०७९/८० | २,०७८.४२ | (२६.१५) |
| २०८०/८१ | १,९०९.०३ | (८.१५) |
| २०८१/८२ | १,८८७.६५ | (१.१२) |
| **औसत** | **२,२१९.१०** | |

**कोष भुक्तानीको प्रवृत्ति**




## ४.६ निवृत्तभरण कोष भुक्तानीको अवस्था

कोषले आ.व. २०८०/८१ मा १५० जना योगदानकर्ताको रु. १ करोड ३ लाख ९७ हजार र व्यक्तिगत उपदान भुक्तानीतर्फ २७ जना योगदानकर्ताको रु. २२ लाख ७१ हजार रकम भुक्तानी गरेकोमा आ.व. २०८१/८२ मा योगदानमूलक निवृत्तभरण योजना र सार्वजनिक निकायका कर्मचारीका निमित्त निवृत्तभरण तथा उपदान योजनाहरु अन्तर्गत जम्मा १,१६४ जना योगदानकर्ताको करिब रु. २२ करोड ६९ लाख ५० हजार रकम भुक्तानी गरेको छ ।



# सञ्चयकर्तालाई प्रदान गरिएका सेवा तथा सुविधाहरु

## ५.१ वित्तीय प्रतिफल

कोषले सञ्चयकर्ताको सञ्चित रकममा वार्षिक रुपमा निश्चित दरले ब्याज र मुनाफा उपलब्ध गराउँदै आएको छ । साथै, कोषले सञ्चयकर्ताका लागि विविध प्रकारका सापटी सुविधाहरु तथा सामाजिक सुरक्षा सुविधाहरु समेत उपलब्ध गराउँदै आएको छ । कोषले उपलब्ध गराएको ब्याज, मुनाफा, सापटी सुविधा र सामाजिक सुरक्षा सुविधाहरुको संक्षिप्त विवरण देहायअनुरुप रहेको छ :

### ५.१.१ ब्याजदरको अवस्था

कोषले सञ्चयकर्ताको सञ्चित रकममा वार्षिक रुपमा ब्याज प्रदान गर्ने गरेको छ । यस्तो ब्याजदर कर्मचारी सञ्चय कोष ऐन (संशोधन सहित), २०१९ बमोजिम कोषको कुल मौज्दात, लगानी, आम्दानी तथा सञ्चालन खर्चको विश्लेषणको आधारमा आर्थिक वर्ष २०८१/८२ सम्म वार्षिकरुपमा पुनरावलोकन गर्ने गरिएको छ । विगत पाँच वर्षमा प्रदान गरेको ब्याज दर, थप मुनाफा वितरणसहित कुल प्रतिफल दर देहायअनुरुप रहेको छ :

तालिका नं. ५.१.१

**कोष रकममा ब्याज, मुनाफा तथा कुल प्रतिफल दर (प्रतिशत)**

| आर्थिक वर्ष | कोषमा ब्याज (प्रतिशत) | थप मुनाफा (प्रतिशत) | कुल प्रतिफल दर (प्रतिशत) |
|---|---|---|---|
| २०७७/७८ | ७.०० | ०.९० | ७.९० |
| २०७८/७९ | ६.५० | १.२० | ७.७० |
| २०७९/८० | ८.०० | १.१० | ९.१० |
| २०८०/८१ | ७.५० | १.१० | ८.६० |
| २०८१/८२ | ५.५० | १.०० | ६.५० |



### ५.१.२ मुनाफा वितरणको अवस्था

कोषले आर्जन गरेको वार्षिक मुनाफाको रकमबाट अन्य कोषहरुमा आवश्यक रकम छुट्याई बाँकी रहेको रकमबाट सञ्चयकर्ताको कोषकट्टी खातामा जम्मा हुने गरी सञ्चयकर्तालाई मुनाफा वितरण गर्ने गरिएको छ । कोषले सञ्चयकर्ताको आर्थिक वर्षको सुरु मौज्दात रकममा निश्चित प्रतिशतको दरले मुनाफा वितरण गर्ने गरेकोमा विगत पाँच वर्षमा सञ्चयकर्तालाई प्रदान गरेको मुनाफाको विवरण देहायअनुरुप रहेको छ :

तालिका नं.५.१.२

**मुनाफा वितरण**

| आर्थिक वर्ष | मुनाफा वितरण (प्रतिशतमा) |
|---|---|
| २०७७/७८ | ०.९० |
| २०७८/७९ | १.२० |
| २०७९/८० | १.१० |
| २०८०/८१ | १.१० |
| २०८१/८२ | १.०० |

### ५.१.३. कोषबाट प्रदान गरिएको कुल प्रतिफलको तुलनात्मक विवरण

कोषले विगत पाँच वर्षमा प्रदान गरेको कुल प्रतिफल दरलाई मुलुकको मुद्रास्फीतिसँग तुलना गर्दा देहायअनुरुप रहेको छः

तालिका नं.५.१.३

**कोषबाट प्रदान कुल प्रतिफल दर र मुलुकको मुद्रास्फिति दरको तुलनात्मक विवरण**

| आर्थिक वर्ष | व्याज दर | मुनाफा दर | कुल प्रतिफल दर | मुद्रास्फिति दर | वास्तविक प्रतिफल दर |
|---|---|---|---|---|---|
| २०७७/७८ | ७.०० | ०.९० | ७.९० | ३.६० | ४.३० |
| २०७८/७९ | ६.५० | १.२० | ७.७० | ६.३२ | १.३८ |
| २०७९/८० | ८.०० | १.१० | ९.१० | ७.७४ | १.३६ |
| २०८०/८१ | ७.५० | १.१० | ८.६० | ५.४४ | ३.१६ |
| २०८१/८२ | ५.५० | १.०० | ६.५० | ४.०६ | २.४४ |

कोषले सञ्चयकर्तालाई विगत ५ वर्षमा वार्षिक औसत प्रतिफल ७.९६ प्रतिशत उपलब्ध गराउँदै आएको र विगत ५ वर्षको वार्षिक औसत मुद्रास्फिति ५.४३ प्रतिशत रहेको छ । यसरी विगत ५ वर्षमा सञ्चयकर्ताको कोष रकममा वार्षिक औसत २.५३ प्रतिशतका दरले वास्तविक प्रतिफल प्रदान गर्न कोष सफल भएको छ ।

कोषले विगत ५ वर्षमा सञ्चयकर्तालाई प्रदान गरेको कुल प्रतिफल, मुद्रास्फिति र वास्तविक प्रतिफलको तुलनात्मक विवरण देहायअनुरुप रहेको छः




## ५.२ सापटी सुविधा

कोषले सञ्चयकर्ताको सेवाकालीन आर्थिक आवश्यकतालाई परिपूर्ति गर्ने उद्देश्यले विभिन्न प्रकारका सापटी सुविधाहरु उपलब्ध गराउँदै आएको छ । सरल र सहज रुपमा उपलब्ध हुने सापटी सुविधाहरुबाट कोषको सङ्कलित स्रोतलाई सञ्चयकर्ताको हितमा परिचालन गर्नसमेत मद्दत पुगेको छ । यस्ता सापटी सुविधाहरु सञ्चयकर्ता जग्गा/घर खरिद, घर निर्माण तथा मर्मत, सरल सापटी, सञ्चयकर्ताको पति/पत्नी वा छोरा/छोरीको उच्च शिक्षामा लगानी गर्ने लगायत अन्य भैपरी तथा सामाजिक कार्यमा समेत प्रभावकारी भएका छन् । कोषले उपलब्ध गराउँदै आएको सापटीको आर्थिक वर्ष २०८१/८२ सम्मको स्थिति देहायअनुरुप रहेको छ :

### ५.२.१ विशेष सापटी

सञ्चयकर्ताहरुलाई समय समयमा आइपर्ने वित्तीय आवश्यकतालाई दृष्टिगत गरी कोषबाट वि.सं. २०५७ सालदेखि यो सापटी प्रदान गर्न सुरु गरिएको हो । सञ्चयकर्ताले सञ्चय कोष रकमको सुरक्षणमा जम्मा भएको कोष रकमको कोषले तोकेको प्रतिशतसम्म रकम विशेष सापटीको रुपमा उपयोग गर्न सक्ने व्यवस्था रहेको छ । कोषले विगत ५ वर्षमा प्रदान गरेको विशेष सापटी रकम वार्षिक औसतमा ९.६९ प्रतिशतले वृद्धि भएको पाइन्छ । कोषबाट प्रवाह भएको विशेष सापटीको विवरण देहायअनुरुप रहेको छ :

तालिका नं.५.२.१
**विशेष सापटी**

| आर्थिक वर्ष | विशेष सापटी रकम (रु. करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७७/७८ | १६,१९४.०८ | ७.५१ |
| २०७८/७९ | १७,६६९.८० | ९.११ |
| २०७९/८० | १९,५७५.७६ | १०.७९ |
| २०८०/८१ | २१,४६५.२९ | ९.६५ |
| २०८१/८२ | २३,९११.३१ | ११.४० |
| **औसत** | | **९.६९** |




## ५.२.२ सञ्चयकर्ता घर सापटी

सामाजिक सुरक्षाको अवधारणाअनुरुप सञ्चयकर्ताको लागि आवास व्यवस्थापनमा सहयोग गर्ने उद्देश्यले वि.सं. २०५७ साल मार्गदेखि घर सापटी प्रदान गर्न सुरु गरिएको हो । हाल कम्तीमा ६ महिनासम्म नियमित सञ्चय कोष कट्टी गरेका सञ्चयकर्तालाई नयाँ घर निर्माण गर्न, भइरहेको घरमा तला थप गर्न, घर खरिद गर्न यो सापटी प्रदान गरिन्छ । निर्माण वा खरिद गरिने घरजग्गाको धितोमा प्रदान गरिने घर सापटीको सीमा धितो मूल्याङ्कनबाट कायम भएको रकममा नबढ्ने गरी अधिकतम रु. १ करोड ५० लाखसम्म रहेको छ । विगत ५ वर्षमा घर सापटी रकम औसतमा २.३६ प्रतिशतले वृद्धि भएको पाइन्छ । कोषबाट प्रवाह भएको सञ्चयकर्ता घर सापटीको विवरण देहायअनुरुप रहेको छ :

तालिका नं.५.२.२

**सञ्चयकर्ता घर सापटी**

| आर्थिक वर्ष | घर सापटी रकम (रु. करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७७/७८ | ३,६२१.३५ | २.१४ |
| २०७८/७९ | ४,०१२.९९ | १०.८१ |
| २०७९/८० | ४,३६५.२८ | ८.७८ |
| २०८०/८१ | ४,२५५.२० | (२.५२) |
| २०८१/८२ | ३,९३९.९४ | (७.४१) |
| **औसत** | | **२.३६** |



### ५.२.३ शैक्षिक सापटी

सञ्चयकर्ता स्वयम् वा सञ्चयकर्ताको पति/पत्नी/छोरा/छोरीको उच्च शिक्षाको आवश्यकता परिपूर्तिका लागि सरल र सहज रुपमा सापटी सुविधा प्रदान गर्ने उद्देश्यले वि.सं.२०५८ साल मार्गदेखि सञ्चयकर्ता शैक्षिक सापटी प्रदान गर्न सुरु गरिएको हो । कम्तीमा ६ महिना नियमित सञ्चयकोष कट्टी गरेका र अवकाश हुन न्यूनतम ६ महिना सेवा अवधि बाँकी भएको सञ्चयकर्ता स्वयम् वा सञ्चयकर्ताका पति/पत्नी/छोरा/छोरीलाई जुनसुकै विषयमा उच्च शिक्षा अध्ययन गर्न यो सापटी प्रदान गरिन्छ । सञ्चयकर्ता स्वयम् वा निजको पति/पत्नी वा दुवैजनाको संयुक्त नाममा भएको जग्गा/घरजग्गाको धितोको आधारमा प्रदान गरिने यो सापटीको अधिकतम सीमा रु. ५० लाख रहेको छ। विगत ५ वर्षमा कोषबाट प्रवाह भएको शैक्षिक सापटीको विवरण देहायअनुरुप रहेको छ :

तालिका नं.५.२.३

**सञ्चयकर्ता शैक्षिक सापटी**

| आर्थिक वर्ष | शैक्षिक सापटी रकम (रु. करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७७/७८ | ५९.७१ | (१७.१८) |
| २०७८/७९ | ५२.९९ | (११.२५) |
| २०७९/८० | ५९.८३ | १२.९१ |
| २०८०/८१ | ६१.३६ | २.५५ |
| २०८१/८२ | ५१.३६ | (१६.२९) |
| **औसत** | | **(५.८५)** |




### ५.२.४ सञ्चयकर्ता सरल सापटी

सञ्चयकर्ताको सामाजिक कार्य लगायतका भैपरी आउने आवश्यकता पूरा गर्ने उद्देश्यले वि.सं. २०६९ साल वैशाखदेखि सञ्चयकर्ता सरलचक्र कर्जा (हाल सरल सापटी) प्रदान गर्न सुरु गरिएको हो। कम्तीमा ६ महिनासम्म नियमित सञ्चय कोष कट्टी गरेका र अवकाश हुन कम्तीमा ६ महिना सेवा अवधि बाँकी भएका सञ्चयकर्तालाई जग्गा/घरजग्गाको धितोमा बढीमा रु. १ करोडसम्म सरल सापटी प्रदान गरिन्छ। विगत ५ वर्षमा यो सापटी रकममा औसत ४.३९ प्रतिशतले वृद्धि भएको छ। सोको विवरण देहायअनुरुप रहेको छ :

तालिका नं.५.२.४

**सञ्चयकर्ता सरल सापटी**

| आर्थिक वर्ष | सरल सापटी रकम (रु.करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७७/७८ | ४५७.०४ | (३.६०) |
| २०७८/७९ | ५५२.०९ | २०.८० |
| २०७९/८० | ५७९.६० | ४.९८ |
| २०८०/८१ | ५४१.६९ | (६.५४) |
| २०८१/८२ | ५७६.०० | ६.३३ |
| **औसत** | | **४.३९** |




### ५.२.५ सञ्चयकर्ता घर मर्मत सापटी

सामाजिक सुरक्षाको अवधारणाअनुरुप सञ्चयकर्ताको लागि वि.सं. २०७३ सालदेखि घर मर्मत सापटी प्रदान गर्न सुरु गरिएको हो । कम्तीमा ६ महिना नियमित कोषकट्टी रकम जम्मा गरेका र अवकाश हुन न्यूनतम ६ महिना सेवा अवधि बाँकी भएका सञ्चयकर्तालाई घरजग्गाको धितोमा बढीमा रु. ५० लाखसम्म घर मर्मत सापटी प्रदान गरिन्छ । विगत ५ वर्षमा यो सापटी रकममा वार्षिक औसत ३.८६ प्रतिशतले वृद्धि भएको छ । सोको विवरण देहायअनुरुप रहेको छ :

तालिका नं.५.२.५

**सञ्चयकर्ता घर मर्मत सापटी**

| आर्थिक वर्ष | घर मर्मत सापटी रकम (रु. करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७७/७८ | १८२.४७ | ८.०६ |
| २०७८/७९ | २१५.५१ | १८.११ |
| २०७९/८० | २४१.०४ | ११.८५ |
| २०८०/८१ | २२६.५४ | (६.०२) |
| २०८१/८२ | १९७.७६ | (१२.७१) |
| **औसत** | | **३.८६** |



### ५.२.६ सञ्चयकर्ता जग्गा खरिद सापटी

सामाजिक सुरक्षाको अवधारणाअनुरुप सञ्चयकर्ताको लागि वि.सं. २०७८ सालदेखि जग्गा खरिद सापटी प्रदान गर्न सुरु गरिएको हो । कम्तीमा ६ महिना नियमित कोषकट्टी रकम जम्मा गरेका र अवकाश हुन न्यूनतम ६ महिना सेवा अवधि बाँकी भएका सञ्चयकर्तालाई जग्गाको धितोमा बढीमा रु. १ करोडसम्म जग्गा खरिद सापटी प्रदान गरिन्छ । विगत ५ वर्षमा कोषबाट प्रवाह भएको सञ्चयकर्ता जग्गा खरिद सापटीको विवरण देहायअनुरुप रहेको छ :

तालिका नं.५.२.६

**सञ्चयकर्ता जग्गा खरिद सापटी**

| आर्थिक वर्ष | जग्गा खरिद सापटी रकम (रु. करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७८/७९ | ४९.६ | - |
| २०७९/८० | ११०.७७ | १२३.३३ |
| २०८०/८१ | १३६.०६ | २२.८३ |
| २०८१/८२ | १३६.७० | ०.४७ |




### ५.२.७ कुल धितोमा आधारित सञ्चयकर्ता सापटीको अवस्था

आर्थिक वर्ष २०८१/८२ मा १,७३९ जना सञ्चयकर्तालाई कोषबाट प्रदान गरिएको धितोमा आधारित सापटी शीर्षकहरु घर सापटी, शैक्षिक सापटी, सरल सापटी, घर मर्मत सापटी र जग्गा खरिद सापटीमा समेत गरी रु. ६ अर्ब १३ करोड ४३ लाख सापटी प्रवाह गरिएको छ ।

तालिका नं.५.२.७ (क)

**आ.व. २०८१/८२ मा प्रवाह भएको धितोमा आधारित सञ्चयकर्ता सापटी**

| क्र.सं. | धितोमा आधारित सञ्चयकर्ता सापटी | संख्या | रकम (रु.करोड) |
|---|---|---|---|
| १ | घर सापटी | ८३२ | ३४९.०४ |
| २ | शैक्षिक सापटी | १५ | ३.८० |
| ३ | सरल सापटी | ६७६ | २०२.५३ |
| ४ | घर मर्मत सापटी | १२२ | २६.६२ |
| ५ | जग्गा खरिद सापटी | ९४ | ३१.४५ |
| **जम्मा** | | **१,७३९** | **६१३.४३** |

आर्थिक वर्ष २०८१/८२ असार मसान्तसम्ममा सञ्चयकर्ताले कोषबाट प्रदान गरिएको धितोमा आधारित सापटी शीर्षकहरू घर सापटी, शैक्षिक सापटी, सरल सापटी, घर मर्मत सापटी र जग्गा खरिद सापटीमा समेत गरी रु. ४९ अर्ब १ करोड ७६ लाख सापटी उपभोग गरिरहेका छन् ।

तालिका नं. ५.२.७ (ख)

**आ.व. २०८१/८२ असार मसान्तमा कुल धितोमा आधारित सञ्चयकर्ता सापटी**

| क्र.सं. | धितोमा आधारित सञ्चयकर्ता सापटी | रकम (रु.करोड) |
|---|---|---|
| १ | घर सापटी | ३,९३९.९४ |
| २ | शैक्षिक सापटी | ५१.३६ |
| ३ | सरल सापटी | ५७६.०० |
| ४ | घर मर्मत सापटी | १९७.७६ |
| ५ | जग्गा खरिद सापटी | १३६.७० |
| **जम्मा** | | **४,९०१.७६** |

### ५.२.८ कुल सञ्चयकर्ता सापटीको अवस्था

आर्थिक वर्ष २०८१/८२ असार मसान्तसम्ममा सञ्चयकर्ताले कोषबाट प्रदान गरिएको सम्पूर्ण सापटी शीर्षकहरु बिशेष सापटी, घर सापटी, शैक्षिक सापटी, सरल सापटी, घर मर्मत सापटी र जग्गा खरिद सापटीमा समेत गरी रु. २८२ अर्ब ८८ करोड २६ लाख कर्जा तथा सापटी उपभोग गरेका छन् । उक्त रकम कोषको कुल श्रोत परिचालनको ४७.१२ प्रतिशत रहेको छ । सो बमोजिम सञ्चयकर्ता सापटीले कोषको श्रोत परिचालनमा महत्वपूर्ण हिस्सा ओगट्दै आइरहेको देखिन्छ ।

विगत ५ वर्षको तथ्याङ्कका आधारमा कुल सञ्चयकर्ता सापटी रकमको औसत वार्षिक वृद्धिदर ८.३३ प्रतिशत रहेको छ । सोको विवरण देहायअनुरुप रहेको छ :

तालिका नं. ५.२.८

**कुल सञ्चयकर्ता सापटी**

| आर्थिक वर्ष | कुल सञ्चयकर्ता सापटी रकम (रु. करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७७/७८ | २०,५१५.४० | ६.१७ |
| २०७८/७९ | २२,५५३.७३ | ९.९४ |
| २०७९/८० | २४,९३३.०३ | १०.५५ |
| २०८०/८१ | २६,६६०.८५ | ६.९३ |
| २०८१/८२ | २८,८१३.०७ | ८.०७ |
| **औसत** | | **८.३३** |




## ५.३ सामाजिक सुरक्षा सुविधा

कर्मचारी सञ्चय कोषको प्रमुख जिम्मेवारी सञ्चयकर्ताको सञ्चय कोषको सुव्यवस्थापन गरी सेवाबाट अवकाश पश्चात् ब्याज तथा मुनाफासहित एकमुष्ट रकम फिर्ता गर्ने रहेतापनि मुलुकको अग्रणी सामाजिक सुरक्षा प्रदायक संस्थाको हैसियतले कोषले आफ्नै स्रोतबाट सञ्चयकर्तालाई सामाजिक सुरक्षा कार्यक्रमहरु मार्फत विभिन्न सामाजिक सुरक्षा सुविधाहरु प्रदान गरी लाभान्वित तुल्याउँदै आइरहेको छ ।

कोषले आर्जन गरेको प्रत्येक वर्षको मुनाफाको केही प्रतिशत रकम सञ्चयकर्ताको हितको लागि खडा गरिएका विभिन्न कोषहरुमा जम्मा गरी सामाजिक सुरक्षा सुविधाहरु प्रदान गर्दै आएको छ । कोषले उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा सुविधाको आर्थिक वर्ष २०८१/८२ सम्मको स्थिति देहायअनुरुप रहेको छ :

### ५.३.१ काजकिरिया अनुदान योजना

सञ्चयकर्ताको सेवाकालमा नै मृत्यु भएमा निजको हकवालालाई आर्थिक अनुदानस्वरुप प्रदान गरिने यो सुविधाको प्रारम्भ वि.सं. २०४८ सालबाट गरिएको हो । प्रारम्भमा रु. १,५०० आर्थिक अनुदान दिन सुरु गरिएको यो सुविधालाई वृद्धि गरी २०७२/७३ देखि रु.३०,००० र २०७५/७६ देखि रु.४०,००० प्रदान गर्ने व्यवस्था रहेको छ । यस सुविधा अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा ७०६ जना सञ्चयकर्ताका आश्रित परिवारले यो सुविधा लिएका थिए भने आर्थिक वर्ष २०८१/८२ मा ६०५ जना सञ्चयकर्ताका आश्रित परिवारले लिएका छन् । कोषले विगत ५ वर्षमा प्रदान गरेको काजकिरिया अनुदानको विवरण देहायअनुरुप रहेको छ :

तालिका नं.५.३.१

**काजकिरिया अनुदान**

| आर्थिक वर्ष | काजकिरिया अनुदान (रु.करोड) | सङ्ख्या | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २०७७/७८ | ३.८१ | ९५८ | ६७.६५ |
| २०७८/७९ | ४.७५ | ११८९ | २४.७३ |
| २०७९/८० | ३.१६ | ७९० | (३३.५५) |
| २०८०/८१ | २.८२ | ७०६ | (१०.५२) |
| २०८१/८२ | २.४२ | ६०५ | (१४.३१) |
| **औसत** | | | **६.८१** |




## ५.३.२ दुर्घटना क्षतिपूर्ति योजना

दुर्घटनामा परी सेवाकालमा सञ्चयकर्ताको मृत्यु वा पूर्ण अङ्गभङ्ग भएमा निज वा निजको हकवालालाई आर्थिक सहयोगस्वरुप प्रदान गरिने यो सुविधा वि.सं. २०५२ सालबाट सुरु गरिएको हो । प्रारम्भमा रु. ५०,००० बाट आर्थिक सहयोग प्रदान गर्न सुरु गरिएकोमा आर्थिक वर्ष २०७२/७३ देखि रु. १,२५,००० तथा आर्थिक वर्ष २०७५/७६ देखि रु. २,००,००० आर्थिक सहयोग प्रदान हुँदै आएको छ । यस सुविधा अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा १०७ जना सञ्चयकर्ता वा निजका परिवारले रु. २ करोड १४ लाख सुविधा उपभोग गरेकामा आर्थिक वर्ष २०८१/८२ मा १७० जना सञ्चयकर्ता वा निजका परिवारले रु. ३ करोड ३८ लाख २५ हजार रकम सुविधा उपभोग गरेका छन् । कोषले विगत ५ वर्षमा प्रदान गरेको दुर्घटना क्षतिपूर्ति योजना सुविधाको विवरण देहायअनुरुप रहेको छ :

तालिका नं.५.३.२

**दुर्घटना क्षतिपूर्ति योजना**

| आर्थिक वर्ष | दुर्घटना क्षतिपूर्ति रकम (रु. करोडमा) | सङ्ख्या | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २०७७/७८ | १.८९ | ९५ | २८.४५ |
| २०७८/७९ | ८.४७ | ४२४ | ३४९.४७ |
| २०७९/८० | ३.२८ | १६४ | (६१.२९) |
| २०८०/८१ | २.१४ | १०७ | (३४.७६) |
| २०८१/८२ | ३.३८ | १७० | ५८.०६ |
| **औसत** | | | **६७.९९** |



### ५.३.३ सञ्चयकर्ता स्वास्थ्य उपचार योजना

सञ्चयकर्तालाई स्वास्थ्य उपचारमा सहयोग गर्ने हेतुले कोषले २०७० साल बैशाखदेखि सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम कार्यान्वयन गरेको थियो । यस कार्यक्रम अन्तर्गत तोकेको अस्पतालमा उपचार गराउँदा सामान्य उपचारमा अधिकतम रु. २५ हजारसम्म तथा कडा रोगको उपचारका लागि रु. ५० हजारसम्मको सुविधा सोधभर्ना गरिदै आएको थियो । २०७५ मङ्सिर १ देखि  यस सुविधालाई राष्ट्रिय बीमा कम्पनी लिमिटेड मार्फत सञ्चयकर्ता औषधोपचार तथा घातक रोगको उपचार बीमा गरी साधारण रोगको उपचारमा रु. एक लाख तथा घातक रोगको उपचारमा रु. १० लाखसम्म औषधोपचार खर्चको सोधभर्ना दिने गरी व्यवस्था गरिएको थियो । हाल यसलाई परिमार्जन गरी सञ्चयकर्ता र  निजको पति वा पत्नीको स्वास्थ्य उपचार खर्च सोधभर्ना दिने गरी कोषले नै सञ्चयकर्ता स्वास्थ्य उपचार योजना व्यवस्थापन गर्दै आएको छ । सञ्चयकर्ता स्वास्थ्य उपचार योजनाअन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा ५,७३६ जना सञ्चयकर्ताले रु. ३४ करोड ६५ लाख ४ हजार सुविधा प्राप्त गरेकोमा आर्थिक वर्ष २०८१/८२ मा ५,३५५ जना सञ्चयकर्ताले करिब रु. ३३ करोड ९७ लाख रकम सुविधा प्राप्त छन् । कोषले विगत ५ वर्षमा प्रदान गरेको सुविधाको विवरण देहायअनुरुप रहेको छ :

तालिका नं.५.३.३

**सञ्चयकर्ता स्वास्थ्य उपचार योजना**

| आर्थिक वर्ष | स्वास्थ्योपचार सोधभर्ना रकम (रु. करोडमा) | सङ्ख्या | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २०७७/७८ | १३.८८ | १,६३३ | ३६१.१३ |
| २०७८/७९ | १७.१४ | १,८३८ | २३.४९ |
| २०७९/८० | १६.६६ | २,४५७ | (२.८०) |
| २०८०/८१ | ३४.६५ | ५,७३६ | १०७.९९ |
| २०८१/८२ | ३३.९७ | ५,३५५ | (१.९६) |




### ५.३.४ सुत्केरी तथा शिशु स्याहार योजना

कोषले २०७२ साल आश्विनदेखि सञ्चयकर्ता सुत्केरी तथा शिशु स्याहार योजना कार्यान्वयनमा ल्याएको छ । यस कार्यक्रम अन्तर्गत सञ्चयकर्ताले सन्तान प्राप्त गर्दा सुत्केरी तथा शिशु स्याहार गर्न सेवाअवधिमा अधिकतम दुई सन्तानको जन्म हुँदा प्रति प्रसूति रु. ७,५०० का दरले सुविधा प्रदान गर्ने गरी यो योजना लागु गरिएको छ । यस सुविधाअन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा १९,५२५ जना सञ्चयकर्ताले रु १४ करोड ६४ लाख ३७ हजार ५ सय सुविधा उपभोग गरेकामा आर्थिक वर्ष २०८१/८२ मा १९,१११ जना सञ्चयकर्ताले रु.१४ करोड ३३ लाख ३२ हजार ५ सय रकम सुविधा उपभोग गरेका छन् । कोषले विगत वर्षमा प्रदान गरेको सुविधाको विवरण देहायअनुरुप रहेको छ :

तालिका नं.५.३.४

**सुत्केरी तथा शिशु स्याहार योजना**

| आर्थिक वर्ष | सुत्केरी तथा शिशु स्याहार खर्च रकम (रु. करोडमा) | सङ्ख्या | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २०७७/७८ | १२.८० | १७,०६० | ०.७१ |
| २०७८/७९ | १४.४४ | १९,२५४ | १२.८१ |
| २०७९/८० | १४.३२ | १९,०८७ | (०.८३) |
| २०८०/८१ | १४.६४ | १९,५२५ | २.२६ |
| २०८१/८२ | १४.३३ | १९,१११ | (२.१२) |
| **औसत** | | | **२.५७** |




### ५.३.५ सामाजिक सुरक्षा सुविधा वितरणको अवस्था

आर्थिक वर्ष २०८१/८२ मा २६,०७४ जना सञ्चयकर्ताहरुलाई कोषबाट विभिन्न सामाजिक सुरक्षा अनुदान सुविधा स्वरुप काजकिरिया अनुदान, दुर्घटना क्षतिपूर्ति, सुत्केरी तथा शिशु स्याहार योजना र सञ्चयकर्ता स्वास्थ्य उपचार योजना अन्तर्गत करिब रु. ५५ करोड ६४ लाख प्रदान भएको थियो भने आर्थिक वर्ष २०८१/८२ मा २५,२४१ जना सञ्चयकर्तालाई करिब रु. ५६ करोड ७ लाख प्रदान गरिएको छ । कोषको विगत ५ वर्षको सामाजिक सुरक्षा सुविधाको वितरण विवरण देहायअनुरुप रहेको छ :

तालिका नं.५.३.५

**सामाजिक सुरक्षा सुविधा वितरण**

| आर्थिक वर्ष | सामाजिक सुरक्षा सुविधा रकम (रु. करोडमा) | सङ्ख्या | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २०७७/७८ | ३२.३७ | १९,७४६ | ६६.३४ |
| २०७८/७९ | ४४.८० | २२,७०५ | ३८.४० |
| २०७९/८० | ३९.०५ | २२,४९८ | (१२.८३) |
| २०८०/८१ | ५५.६४ | २६,०७४ | ४२.४८ |
| २०८१/८२ | ५६.०७ | २५,२४१ | ०.७७ |
| **औसत** | | | **२७.०३** |




## ५.४ कोषको सेवा प्रभावकारी बनाउन सञ्चालन गरिएका थप सेवा

कोषले सञ्चयकर्तालाई सरल र सहज रुपमा सेवा तथा सुविधा प्रवाह गर्न प्रविधिमैत्री विभिन्न प्रकारका सेवाहरुको समेत व्यवस्थापन गर्दै आएको छ । कोषबाट प्रभावकारी सेवा प्रवाहका लागि देहायअनुसारका थप क्रियाकलापहरु सञ्चालन गरिएको छ :

### ५.४.१ प्रविधिको प्रयोगमार्फत सेवा

कोषले उपत्यका भित्रका ३ वटा र उपत्यका बाहिर रहेका १० वटा शाखा कार्यालय तथा सेवाकेन्द्रहरुबाट सञ्चयकर्तालाई छिटो छरितो तथा सहजरुपमा सेवा प्रदान गर्ने उद्देश्यले सम्पूर्ण कारोबारलाई अनलाइन डाटामा आधारितसेवा सञ्चालन गर्दै आएको छ । कोषले हाल Oracle System मा आधारित Investment Fund Management System (iFunds) प्रयोग गरी सञ्चयकर्तालाई सेवा प्रदान रहेको छ ।

### ५.४.२ ई-सर्भिस (E-service)

कोषले सञ्चयकर्तालाई प्रवाह गरेको सेवा सुविधाहरुलाई प्रभावकारी बनाउन कोषकट्टी विवरण, सबै प्रकारका सञ्चयकर्ता सापटीको सम्पूर्ण विवरण निम्न प्रक्रियाबाट निःशुल्क प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ :

**क. सञ्चयकर्ता ई-सर्भिसः**

- आफ्नो व्यक्तिगत कोष कट्टी विवरणका साथै सबै किसिमका सापटीसम्बन्धी अद्यावधिक विवरण प्राप्त गर्न सकिने,
- दोहोरो खाता एकीकरण र व्यक्तिगत विवरण सच्याउन कोषलाई अनुरोध गर्न सकिने,
- सुझाव दिन सकिने ।

**ख. सञ्चयकर्ता कार्यालय ई-सर्भिस (internet):**

- कार्यालय अन्तर्गतका कर्मचारीको नाम, परिचयपत्र नम्बर तथा अन्य विवरण प्राप्त गर्न सकिने,
- सञ्चय कोष कट्टीको फाँटवारी कोष खातामा जम्मा भए नभएको जानकारी पाउन सकिने,
- फाँटवारी Web posting गर्न सकिने ।

**ग. सञ्चय कोष Mobile Apps:**

- सञ्चयकर्ताले आफ्नो जम्मा रकमको जानकारीको लागि Mobile Application बाट विवरण प्राप्त गर्न सकिने ।

### ५.४.३ सञ्चयकर्ता व्यक्तिगत विवरण/सञ्चयकर्ताको कार्यालय विवरण (KYC/KYCO Service)

कोषले सञ्चयकर्ताको वैयक्तिक विवरणका साथै सञ्चयकर्ता कार्यरत कार्यालयहरूको विवरण अद्यावधिक गर्ने व्यवस्था मिलाई सञ्चयकर्ताको सेवा प्रवाहमा थप गुणस्तरीयता कायम गरेको छ ।

### ५.४.४ Short Code SMS सेवा

कर्मचारी सञ्चय कोषले सञ्चयकर्ता तथा योगदानकर्ताका लागि Short Code SMS प्रणालीमार्फत् आफ्नो कारोबारसम्बन्धी जानकारी सजिलै उपलब्ध गराउन SMS सेवा सञ्चालन गरेको छ । SMS सेवा लिनका लागि नेपाल टेलिकमको प्रयोगकर्ताहरूले KYC मा रहेको मोबाइल नम्बरबाट आफ्नो Message Box मा 'EPF' टाइप गरी 35750 मा SMS गरे पश्चात् देखिने विवरणहरू मध्ये आफूले हेर्न चाहेको विवरणको नम्बर छनौट गरी Send गर्नुपर्दछ । हाल यस सेवामार्फत UCIN, Contribution, Pension, Special Loan, Collateral Loan विवरणहरू हेर्न सकिने व्यवस्था मिलाइएको छ ।

### ५.४.५ वेब सेवा

कोष सम्बन्धी सबै सूचना तथा जानकारी कोषको वेबसाईट epf.org.np बाट प्राप्त गर्न सकिने व्यवस्था रहेको छ ।

### ५.४.६ शाखा सञ्जाल

कोषले सञ्चयकर्तालाई काठमाडौंस्थित ठमेल कार्यालय तथा सिंहदरवार र लगनखेल सेवा केन्द्रबाट सेवा प्रवाह गर्ने व्यवस्था छ । साथै, सञ्चयकर्तालाई स्थानीयस्तरबाटै सेवा उपलब्ध गराउन विराटनगर, जनकपुर, हेटौंडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढीमा शाखा कार्यालय तथा उपत्यका बाहिर धनकुटा र बिर्तामोडमा सेवाकेन्द्र सञ्चालित छन् ।



### ५.४.७ कल सेन्टर

कोषको कल सेन्टर हप्ताको ६ दिन बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म सञ्चालनमा रहेको छ। कोषले प्रदान गरी आएको सेवा सुविधाको सम्बन्धमा सञ्चयकर्ताको जिज्ञासा तथा गुनासो व्यवस्थापन गर्न यसलाई सूचना प्रविधिमा आधारित तुल्याइएको छ। सम्पर्क नम्बरः- ०१-५९७००४१ रहेको छ।

### ५.४.८ सामाजिक सञ्जालमा कोषको उपस्थिति

कोषले सामाजिक सञ्जालहरुका माध्यमबाट कोषले प्रदान गर्ने सेवा तथा अन्य सूचनाहरु जानकारी गराउँदै आइरहेको छ। फेसबुक, भाइबर, युट्युब मार्फत् यस्ता जानकारीहरु अध्यावधिक गर्ने गरिएको छ।

### ५.४.९ अनलाइन सेवा

**(क) विशेष सापटी**

सञ्चयकर्ताले कोषकट्टी रकमको ९५ प्रतिशतसम्म विशेष सापटी प्राप्त गर्न सक्ने सुविधा छ। आफू कार्यरत रहेको कार्यालयको Office KYC तथा आफ्नो व्यक्तिगत KYC विवरण अनिवार्यरूपमा अद्यावधिक रहेको सञ्चयकर्ताले Individual Login गरी कोषको वेबसाईट www.epf.org.np वा EPF Mobile App मार्फत् Online System प्रयोग गरी आवेदन दिन सकिन्छ। सञ्चयकर्ताले सापटी आवेदन गरेपश्चात कार्यालयको Office Login बाट प्रमाणित गरेपछि कोषले सञ्चयकर्ताको बैंक खातामा सापटी रकम रकमान्तर गर्दछ।

**(ख) अनलाइन मार्फत् सापटी तिर्न सक्ने**

KYC Update गरेका सञ्चयकर्ताले कोषबाट लिएका सबै किसिमका सापटीको साँवा तथा ब्याज connect IPS मार्फत् आफ्नो बैंक खाताबाट सोझै सञ्चय कोषमा सापटी रकम तिर्न सक्दछन्। यो प्रणालीबाट साँवा ब्याज जम्मा गर्दा रकम Transfer भएकै समयमा लेखाङ्कन गरी अद्यावधिक हुने व्यवस्था रहेकोले तुरुन्त कर्जा रकम घट्दछ। साथै, कोषको iportal मा individual login गरी QR Payment मार्फत् तथा Internet Banking र Mobile Banking बाट कोषको सम्पूर्ण ऋण तथा सापटी भुक्तानी कारोबारहरु गर्न सकिने व्यवस्था रहेको छ।

**(ग) अनलाइन रोक्का तथा फुकुवा**

कोषबाट धितो आधारित कर्जा लिँदा कोषको प्रतिनिधि तथा सञ्चयकर्ता मालपोत कार्यालयमा गई धितो रोक्का गर्नुपर्ने अवस्थामा सहजता ल्याउन भूमिसुधार व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको अनलाइन प्रणाली प्रयोग गरी Online रोक्का तथा फुकुवाको व्यवस्था मिलाई कर्जा प्रवाह तथा धितो फुकुवा गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।

**घ. नागरिक एपः**

कोष नागरिक एपसँग आवद्ध भई सञ्चयकर्ताको कोष तथा सापटीको विवरण नागरिक एप मार्फत प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको छ।



परिच्छेद ६

# वित्तीय विश्लेषण

कोषको आर्थिक वर्ष २०८१/८२ र विगत वर्षको वित्तीय अवस्था, लेखा र लेखापरीक्षणको तुलनात्मक विवरण देहायअनुरुप रहेको छ :

## ६.१ आर्थिक वर्ष २०८१/८२ को वित्तीय विश्लेषण

**(क) वित्तीय अवस्था:** कोषको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन अनुरुप कुल स्रोत रु.६२४ अर्ब ९७ करोड ३४ लाख रहेको छ। यस मध्ये सञ्चय कोष रु.५६३ अर्ब १४ करोड ५७ लाख, निवृत्तभरण कोष रु.१५ अर्ब ९७ करोड १४ लाख, जगेडा तथा बचत रु. ३९ अर्ब ७९ करोड १० लाख र दायित्व तथा व्यवस्थाहरू रु. ६ अर्ब ६ करोड ५४ लाख रहेको छ।

कोषको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन अनुसार कुल कोष उपयोग रु.६२४ अर्ब ९७ करोड ३४ लाख रहेको छ। जस मध्ये कर्जा तथा लगानीमा रु. ६०० अर्ब ३५ करोड ५ लाख, सम्पत्ति तथा अमूर्त सम्पत्तिमा रु.१ अर्ब १५ करोड ३३ लाख, नगद तथा नगद समानमा रु.१७ अर्ब ९२ करोड ७५ लाख र अन्य सम्पत्तिमा रु.५ अर्ब ५४ करोड २१ लाख रहेको छ।

समग्रमा आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा कोषको कुल स्रोतमा ९.४८ प्रतिशतले वृद्धि भएको छ। सो अवधिमा सञ्चय कोष रकममा ८.६२ प्रतिशत र निवृत्तभरण कोषमा ४२.४३ प्रतिशतले वृद्धि भएको छ भने कर्जा तथा लगानीमा ८.९६ प्रतिशतले वृद्धि भएको छ।

आर्थिक वर्ष २०८१/८२ को कोषको वित्तीय कारोवारको सारांश देहायअनुसार रहेको छ :

तालिका नं.६.१(क)

**कोषको वित्तीय अवस्था**

(रकम रु. करोडमा)

| विवरण | आर्थिक वर्ष २०८१/८२ | आर्थिक वर्ष २०८०/८१ | वृद्धि वा न्यून | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| सञ्चय कोष | ५६,३१५ | ५१,८४८ | ४,४६७ | ८.६२ |
| निवृत्तभरण कोष | १,५९७ | १,१२१ | ४७६ | ४२.४३ |
| जगेडा तथा बचत | ३,९७९ | ३,५३३ | ४४६ | १२.६१ |
| दायित्व तथा व्यवस्था | ६०७ | ५८३ | २४ | ४.०६ |
| **कुल स्रोत** | **६२,४९७** | **५७,०८५** | **५,४१२** | **९.४८** |
| कर्जा तथा लगानी | ६०,०३५ | ५५,०९९ | ४,९३६ | ८.९६ |
| सम्पत्ति तथा अमूर्त सम्पत्ति | ११५ | १०४ | ११ | १०.३८ |
| नगद तथा नगद सामान | १,७९३ | १,५१० | २८३ | १८.७१ |
| अन्य सम्पत्ति | ५५४ | ३७२ | १८३ | ४९.१४ |
| **कुल उपयोग** | **६२,४९७** | **५७,०८५** | **५,४१२** | **९.४८** |







नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप आर्थिक वर्ष २०७४/७५ देखि नै कोषको वित्तीय विवरण तयार गर्दा धेरै लेखा नीतिहरुमा परिवर्तन भएको थियो । यसरी लेखा नीतिहरु परिवर्तन हुँदा खास गरी वित्तीय सम्पत्तिहरुको लेखाङ्कन रकममा ठूलो परिवर्तन भएको छ । नेपाल वित्तीय प्रतिवेदनमानको व्यवस्थाअनुसार कोषले शेयरमा गरेको लगानीलाई आर्थिक वर्षको अन्त्यमा ती शेयरहरुको उचित मूल्य (Fair Value) मा मूल्याङ्कन गरी फरक रकमलाई जगेडा तथा बचतअन्तर्गत उचित मूल्य जगेडामा समायोजन गर्ने गरेको छ ।

कोषमा कोषरहित दायित्व तथा काल्पनिक सम्पत्ति नरहेको र कर्मचारीलाई अवकाशपछि प्रदान गरिने सुविधाको लागि आवश्यक दायित्व व्यवस्था गर्न आवधिक रुपमा बीमाङ्कीय मूल्याङ्कन गर्ने गरिएको छ । सोही अनुरुप आ.व. २०८१/८२ मा समेत बीमाङ्कीय मूल्याङ्कन गरिएको र सोको आधारमा कर्मचारी अवकाश दायित्व व्यवस्था गरिएको छ ।

**(ख) सञ्चालन अवस्था:** कोषको आर्थिक वर्ष २०८१/८२ को कुल आय रु.३९ अर्ब ८७ करोड १८ लाख र खुद मुनाफा रु. ६ अर्ब ६० करोड ५३ लाख रहेको छ । नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम कोषले तयार गरेको आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरणमा आम्दानी र खर्चको विवरण देहायअनुरुप रहेको छ :

तालिका नं.६.१(ख)

**कोषको आम्दानी र खर्चको विवरण**

(रु. करोडमा)

| विवरण | आर्थिक वर्ष २०८१/८२ | आर्थिक वर्ष २०८०/८१ | वृद्धि वा न्यून | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| **कुल आम्दानी** | **३,९८७.१८** | **४,७८१.७८** | **(७९४.६०)** | **(१६.६२)** |
| ब्याज तथा अन्य प्रत्यक्ष खर्च | २,९७८.४२ | ३,६३५.६९ | (६५७.२६) | (१८.०८) |
| कर्मचारी तथा सञ्चालन खर्च | १५४.१० | १३४.७६ | १९.३४ | १४.३५ |
| क्षयीकरण व्यवस्था | १९४.१२ | ४२९.७४ | (२३५.६२) | (५४.८३) |
| **खुद मुनाफा** | **६६०.५३** | **५८१.५८** | **७८.९५** | **१३.५७** |

आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा कोषको कुल आय १६.६२ प्रतिशतले घट्न गएको छ भने खुद मुनाफा १३.५७ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ को कुल ब्याज तथा अन्य प्रत्यक्ष खर्च गत वर्षको तुलनामा १८.०८ प्रतिशतले घटेर रु. २९ अर्ब ७८ करोड ४२ लाख रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा क्षयीकरण व्यवस्था खर्चमा गत वर्षको तुलनामा ५४.८३ प्रतिशत अर्थात रु.२ अर्ब ३५ करोड ६२ लाख घटेको छ भने सो अवधिमा कर्मचारी तथा सञ्चालन खर्चमा १४.३५ प्रतिशतले वृद्धि हुन गएको छ।

## ६.२ कोषको विगत ५ वर्षको तुलनात्मक वित्तीय विवरण

**(क) वित्तीय अवस्थाः** नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम तयार गरिएको आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण र सोहीअनुरुपका नीतिबमोजिम तयार गरिएको विगत ५ वर्षको कोषको वित्तीय स्थितिको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ :

**तालिका नं.६.२ (क)**

(रु. करोडमा)

| विवरण/ आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| सञ्चय कोष | ३९,७५७.३५ | ४१,६३६.११ | ४६,५०२.०२ | ५१,८४७.५३ | ५६,३१४.५७ |
| निवृत्तभरण कोष | १४५.७४ | ३३१.१७ | ६३५.८३ | १,१२१.३८ | १,५९७.१४ |
| जगेडा तथा बचत | ४,०९७.१४ | ३,३९८.०४ | ३,६८२.११ | ३,५३३.३९ | ३,९७९.१० |
| दायित्व तथा व्यवस्था | ५६६.१९ | ५५५.७४ | ६०९.८३ | ५८२.८९ | ६०६.५४ |
| **कुल स्रोत** | **४४,५६६.४२** | **४५,९२१.०६** | **५१,४२९.७९** | **५७,०८५.१९** | **६२,४९७.३४** |
| कर्जा तथा लगानी | ४३,७२९.४६ | ४४,६२५.४४ | ५०,८६२.७३ | ५५,०९८.९५ | ६०,०३५.०५ |
| सम्पत्ति तथा अमूर्त सम्पत्ति | ७०.१७ | ८०.४५ | ९४.४६ | १०४.४९ | ११५.३३ |
| नगद तथा नगद समान | ४४४.४६ | ८४८.३६ | ९७.८९ | १,५१०.१५ | १,७९२.७५ |
| अन्य सम्पत्ति | ३२२.३४ | ३६६.८१ | ३७४.७१ | ३७१.६० | ५५४.२१ |
| **कुल उपयोग** | **४४,५६६.४२** | **४५,९२१.०६** | **५१,४२९.७९** | **५७,०८५.१९** | **६२,४९७.३४** |
| **खुद मुनाफा** | **३९३.४६** | **५५८.१७** | **६०५.६२** | **५८१.५८** | **६६०.५३** |

| | | | | | |
|---|---|---|---|---|---|
| कुल स्रोतमा कर्जा तथा लगानीको अनुपात (प्रतिशत) | ९८.१२ | ९७.१८ | ९८.९० | ९६.५२ | ९६.०६ |
| कुल स्रोतमा सम्पत्ति, उपकरण तथा अमूर्त सम्पत्तिको अनुपात (प्रतिशत) | ०.१६ | ०.१८ | ०.१८ | ०.१८ | ०.१८ |
| कुल स्रोतमा नगद तथा नगद समानको अनुपात (प्रतिशत) | १.०० | १.८५ | ०.१९ | २.६५ | २.८७ |
| कुल स्रोतमा अन्य सम्पत्तिको अनुपात (प्रतिशत) | ०.७२ | ०.८० | ०.७३ | ०.६५ | ०.८९ |

विगत ५ वर्षको अवधिमा कोषको कुल स्रोतमा कर्जा तथा लगानीको अनुपात वार्षिक औसत ९७.३६ प्रतिशत रहेको छ भने कुल स्रोतमा सम्पत्ति, उपकरण तथा अमुर्त सम्पत्तिको अनुपात वार्षिक औसत ०.१८ प्रतिशत र कुल स्रोतमा नगद तथा नगद समानको अनुपात वार्षिक औसत १.७१ प्रतिशत र कुल स्रोतमा अन्य सम्पत्तिको अनुपात वार्षिक औसत ०.७६ प्रतिशत रहेको छ ।

**(ख) सञ्चालन अवस्था:** नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम तयार गरिएको आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण र सोही अनुरुपका नीतिहरू बमोजिम तयार गरिएको विगत ५ वर्षको कोषको सञ्चालन अवस्थाको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ :

तालिका नं.६.२ (ख)

(रु.करोडमा)

| विवरण/ आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| **कुल आम्दानी** | **३,३२८.८६** | **३,४२२.६४** | **४,४४८.८३** | **४,७८१.७८** | **३,९८७.१८** |
| परिवर्तन प्रतिशत | (१.२०) | २.८२ | २९.९८ | ७.४८ | (१६.६२) |
| **खुद मुनाफा** | **३९३.४६** | **५५८.१७** | **६०५.६२** | **५८१.५८** | **६६०.५३** |
| परिवर्तन प्रतिशत | १४.५६ | ४१.८६ | ८.५० | (३.९७) | १३.५७ |
| कुल स्रोतमा कुल आम्दानीको प्रतिशत | ७.४७ | ७.४५ | ८.६५ | ८.३८ | ६.३८ |
| **सञ्चय कोषमा खुद मुनाफाको प्रतिशत** | **०.९९** | **१.२०** | **१.३०** | **१.१२** | **१.१७** |



कोषको कुल आम्दानीको अवस्थालाई विश्लेषण गर्दा विगत ५ वर्षमा वार्षिक औसत ४.४९ प्रतिशतले र खुद मुनाफा तर्फ वार्षिक औसत १४.९१ प्रतिशतले वृद्धि भएको देखिन्छ । सो अवधिमा कोषको कुल स्रोतमा कुल आम्दानीको अनुपात वार्षिक औसत ७.६७ प्रतिशत रहेको छ भने सञ्चय कोषमा खुद मुनाफाको अनुपात वार्षिक औसत १.१६ प्रतिशत रहेको छ ।

**(ग) कोषको क्षेत्रगत लगानीको अवस्था:** कोषको विगत ५ वर्षको क्षेत्रगत लगानीको विवरण देहायबमोजिम रहेको छ :

तालिका नं.६.२ (ग)

(रु.करोडमा)

| विवरण/ आ.व. | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|
| सरकारी वचतपत्र तथा ऋण पत्र | रकम (रु.) | ३२.३४ | ३२.०० | १०५.४७ | १०५.४७ | ३,८३३.४३ |
| | प्रतिशत | ०.०८ | ०.०७ | ०.२१ | ०.१९ | ६.३९ |
| शेयर | रकम (रु.) | ३,४९२.३२ | २,२७४.३८ | २,४५३.१६ | २,५२०.७१ | २,९०३.०७ |
| | प्रतिशत | ७.९७ | ५.३४ | ४.८४ | ४.५७ | ४.८४ |
| डिवेञ्चर | रकम (रु.) | १११.२९ | २२१.०० | ४३८.८० | ६०९.०५ | ६४९.७५ |
| | प्रतिशत | ०.२५ | ०.४८ | ०.८७ | १.११ | १.०८ |
| बैकको मुद्दती निक्षेप | रकम (रु.) | १३,०६४.८९ | १२,१४६.७६ | १४,७२१.३९ | १६,७९०.३१ | १५,५४३.२८ |
| | प्रतिशत | २९.८० | २६.४५ | २९.०४ | ३०.४७ | २५.८९ |
| परियोजना कर्जा | रकम (रु.) | ६,८३२.२६ | ७,५९५.५२ | ८,४३१.९९ | ८,७३२.५० | ८,७२१.५१ |
| | प्रतिशत | १५.५९ | १६.५४ | १६.६३ | १५.८५ | १४.५३ |
| सञ्चयकर्ता सापटी | रकम (रु.) | २०,२१६.१० | २२,१३४.६१ | २४,४५२.९० | २६,२५०.०६ | २८,२८८.२६ |
| | प्रतिशत | ४६.१२ | ४८.२० | ४८.२४ | ४७.६४ | ४७.१२ |
| भवन तथा आवास | रकम (रु.) | ८५.६८ | ८५.१५ | ८७.३५ | ९०.८५ | ९५.७७ |
| | प्रतिशत | ०.२० | ०.१९ | ०.१७ | ०.१६ | ०.१६ |

कोषको लगानीको अवस्थालाई विश्लेषण गर्दा सरकारी बचतपत्र तथा ऋणपत्रमा विगत ५ वर्षमा औसतमा कुल लगानीको १.३९ प्रतिशत लगानी भएको छ । सोही अवधिमा शेयर लगानी वार्षिक औसतमा ५.५१ प्रतिशत रहेको छ । निवृत्तभरण ऐन, २०७५ बमोजिम कोषलाई निवृत्तभरण कोष व्यवस्थापनको समेत जिम्मेवारी प्राप्त भएको हुँदा सो ऐन बमोजिम विभिन्न वाणिज्य बैंकहरुले जारी गरेको डिबेञ्चरमा कोषले लगानी गर्न सुरु गरेकोमा आ.व. २०८०/८१ मा रु.६ अर्ब ९ करोड लगानी रहेकोमा यस आर्थिक वर्ष २०८१/८२ मा रु.६ अर्ब ४९ करोड अर्थात् कुल लगानीको १.०८ प्रतिशत डिबेञ्चरमा लगानी रहेको छ । यसैगरी विगत ५ वर्षको अवधिमा बैंकको मुद्दती निक्षेप, परियोजना कर्जा, सञ्चयकर्ता सापटी र भवन तथा आवास शीर्षकमा कुल लगानीको तुलनामा वार्षिक औसतमा क्रमश: २८.३३, १५.८३, ४७.४६ र ०.१८ प्रतिशत लगानी रहेको छ ।




## ६.३ कोषको लेखा तथा लेखापरीक्षण

कर्मचारी सञ्चय कोष ऐन, २०१९ (संशोधन सहित) को दफा २३ मा भएको व्यवस्थाअनुरुप कोषको वित्तीय विवरणहरुको ढाँचा महालेखापरीक्षकबाट तोकिने व्यवस्था रहेको छ । सोही व्यवस्थाअनुरुप महालेखापरीक्षकबाट मिति २०७५ फाल्गुण १४ मा तोकिएको ढाँचामा कोषको वित्तीय विवरण तयार गरी आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण सम्पन्न गरिएको छ ।

कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा कोषको लेखापरीक्षण कार्य प्रत्येक आर्थिक वर्ष समाप्त भएको ९ महिनाभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था रहेकोले सो समय सीमा ननाघ्ने गरी निश्चित समय तोकी लेखापरीक्षण कार्य सम्पन्न गर्न महालेखापरीक्षकबाट लेखापरीक्षक नियुक्त हुने गरेको छ । आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षणका लागि चार्टर्ड एकाउण्टेण्टद्वय श्री दिलमान सिंह चन्द र श्री टंक प्रसाद पनेरु संयुक्त लेखापरीक्षकका रुपमा नियुक्त भईलेखापरीक्षण सम्बन्धी सम्पूर्ण कार्यहरु महालेखापरीक्षकले तोकेको समयमा नै सम्पन्न गरिएको छ ।

कोषको विगत ५ वर्षमा लेखापरीक्षण कार्य सम्पन्न गर्दा लागेको समयको तुलनात्मक विवरण देहायअनुरुप रहेको छ :

तालिका नं.६.३

| आर्थिक वर्ष | सञ्चालक समितिबाट स्वीकृत | लेखापरीक्षण अवधि (महिनामा) |
|---|---|---|
| २०७७/७८ | २०७९ साल बैशाख | १० |
| २०७८/७९ | २०७९ साल चैत्र | ९ |
| २०७९/८० | २०८० साल चैत्र | ९ |
| २०८०/८१ | २०८१ साल चैत्र | ९ |
| २०८१/८२ | २०८२ साल फाल्गुन | ८ |

कोषको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन वित्तीय विवरणहरु, लेखा नीति तथा टिप्पणी परिच्छेद ७ मा समावेश गरिएको छ । कोषको लेखा नीतिमा उल्लेख भएकोमा बाहेक अन्य नीतिमा कुनै परिवर्तन गरिएको छैन ।

# कोषको लेखापरीक्षण प्रतिवेदन तथा वित्तीय विवरण

# कोषको लेखापरीक्षण प्रतिवेदन तथा वित्तीय विवरण

**कर्मचारी सञ्चय कोष**
**(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)**
**एकीकृत वित्तीय अवस्थाको विवरण**
**२०८२ आषाढ ३२**

*रकम रुपैंयामा*

| विवरण | टिप्पणी | समूह | | कोष | |
|---|---|---|---|---|---|
| | | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ | २०८२ आषाढ ३२ | २०८१ आषाढ ३१ |
| **सम्पत्तिहरु** | | | | | |
| नगद तथा नगद समान | ४.१ | १७,९३६,७८५,२४४ | १५,१०३,७२३,६०३ | १७,९२७,५३५,९८६ | १५,१०१,५३५,३८१ |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात | ४.२ | १५५,५९२,७५५,३५८ | १६८,०८५,९३८,०२५ | १५५,४३२,७५५,३५८ | १६७,९०३,१३८,०२५ |
| व्यापारिक प्रकृतिका सम्पत्तिहरु | ४.३ | - | - | - | - |
| सञ्चयकर्तालाई कर्जा तथा सापटी | ४.४ | २८२,८८२,५५७,०३२ | २६२,५००,६४१,४९७ | २८२,८८२,५५७,०३२ | २६२,५००,६४१,४९७ |
| परियोजना तथा संगठित संस्थाहरुलाई कर्जा तथा सापटी | ४.५ | ८७,२१५,०५५,६४० | ८७,३२४,९७५,८२२ | ८७,२१५,०५५,६४० | ८७,३२४,९७५,८२२ |
| कर्मचारीलाई कर्जा तथा सापटी | | २,४९७,६६३,६०२ | २,३१८,३७२,९२१ | २,४९७,६६३,६०२ | २,३१८,३७२,९२१ |
| धितोपत्रहरुमा लगानी | ४.६ | ७२,२३४,०३५,२४९ | ३०,७३६,८५४,२३६ | ७२,२३४,०३५,२४९ | ३०,७३६,८५४,२३६ |
| सहायक कम्पनीहरुमा लगानी | | - | - | - | - |
| सहायक कम्पनीहरुको शेयर पुँजीको लागि पेश्की | | - | - | - | - |
| सहायक कम्पनीहरुको शेयर पुँजी | | - | - | २००,०००,००० | २००,०००,००० |
| सम्बद्ध कम्पनीहरुमा लगानी | ४.७ | ६३८,२०६,२०४ | ५९२,३९३,७४१ | १,४२८,३९७,६८० | १,४१५,४२१,१६९ |
| सम्पत्तिहरुमा लगानी | ४.८ | ९५७,६९४,८६९ | ९०८,४९८,९३९ | ९५७,६९४,८६९ | ९०८,४९८,९३९ |
| सम्पत्ति र उपकरण | ४.९ | १,१६६,०९६,४३६ | १,०५६,५९४,८८७ | १,१४२,०७५,६९५ | १,०३३,३७४,८१२ |
| अमूर्त सम्पत्ति | ४.१० | ११,३२८,४२६ | ११,५६९,८०५ | ११,२५७,१५० | ११,४७९,७८९ |
| स्थगन कर सम्पत्ति | | १,२५९,९०८ | ९५२,७७५ | - | - |
| अन्य सम्पत्ति | ४.११ | ३,०५५,१७९,२५३ | १,४०५,४९९,७६८ | ३,०४४,३९२,४१४ | १,३९७,५८६,८९३ |
| **जम्मा सम्पत्ति** | | **६२४,१८८,६१७,२२१** | **५७०,०४६,०१६,०१९** | **६२४,९७३,४२०,६७५** | **५७०,८५१,८७९,४८४** |
| **दायित्वहरु** | | | | | |
| कर्मचारी सुविधा दायित्व | ४.१२ | ४,०२३,८५९,१९८ | ४,०७६,८३५,०७७ | ४,०२३,८५९,१९८ | ४,०७६,८३५,०७७ |
| अन्य दायित्व | ४.१३ | २,०५१,१४६,२८७ | १,७७२,११३,७०६ | २,०४१,४९६,२५३ | १,७५२,०५४,४१८ |
| स्थगन कर दायित्व | | - | - | - | - |
| **जम्मा दायित्व** | | **६,०७५,००५,४८५** | **५,८४८,९४८,७८३** | **६,०६५,३५५,४५१** | **५,८२८,८८९,४९५** |
| **कोष तथा जगेडा** | | | | | |
| सञ्चय कोष | ४.१४ | ५६३,१४५,६७२,८३१ | ५१८,४७५,३१८,७०२ | ५६३,१४५,६७२,८३१ | ५१८,४७५,३१८,७०२ |
| निवृत्तभरण कोष | | १५,९७१,३५४,१८३ | ११,२१३,८०४,२२७ | १५,९७१,३५४,१८३ | ११,२१३,८०४,२२७ |
| अन्य कोष | | - | - | - | - |
| जगेडा तथा बचत | ४.१५ | ३८,९९६,५८४,७२२ | ३४,५०७,९४४,३०७ | ३९,७९१,०३८,२१० | ३५,३३३,८६७,०६० |
| **जम्मा कोष तथा जगेडा** | | **६१८,११३,६११,७३६** | **५६४,१९७,०६७,२३६** | **६१८,९०८,०६५,२२४** | **५६५,०२२,९८९,९८९** |
| **जम्मा कोष, जगेडा तथा दायित्व** | | **६२४,१८८,६१७,२२१** | **५७०,०४६,०१६,०१९** | **६२४,९७३,४२०,६७५** | **५७०,८५१,८७९,४८४** |

संलग्न टिप्पणीहरु (१ देखि ४.२७ सम्म) वित्तीय विवरणका अभिन्न अंग रहेका छन् ।

**कर्मचारी सञ्चय कोष**
**(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)**
**एकीकृत नाफा वा नोक्सान विवरण**
**२०८१ श्रावण १ गतदेखि २०८२ आषाढ ३२ गतेसम्म**

*रकम रुपैयामा*

| विवरण | टिप्पणी | समूह | | कोष | |
|---|---|---|---|---|---|
| | | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
| ऋण तथा लगानीबाट आम्दानी | ४.१६ | ३९,३७७,९०१,०७२ | ४७,५६७,३०५,१३९ | ३९,३६८,५३३,३७५ | ४७,५४८,१७५,४८१ |
| ब्याज तथा अन्य प्रत्यक्ष खर्च | ४.१७ | २९,७८४,२४३,५६४ | ३६,३५६,८७७,५०२ | २९,७८४,२४३,५६४ | ३६,३५६,८७७,५०२ |
| **ऋण तथा लगानीबाट खुद आम्दानी** | | **९,५९३,६५७,५०७** | **११,२१०,४२७,६३७** | **९,५८४,२८९,८१०** | **११,१९१,२९७,९७९** |
| शुल्क तथा कमिसन आम्दानी | ४.१८ | १४,९९१,१८० | १९,८७०,८३८ | ७,१७०,९०१ | १७,४१४,०१९ |
| शुल्क तथा कमिसन खर्च | ४.१९ | - | - | - | - |
| **खुद शुल्क तथा कमिसन आम्दानी** | | **१४,९९१,१८०** | **१९,८७०,८३८** | **७,१७०,९०१** | **१७,४१४,०१९** |
| व्यापारिक प्रकृतिका सम्पत्तिहरुबाट भएको खुद आम्दानी | ४.२० | - | - | - | - |
| नाफा नोक्सान मार्फत उचित मूल्य (Fair Value) मा रहेका अन्य वित्तीय उपकरणहरुबाट भएको खुद आम्दानी | ४.२१ | - | - | - | - |
| अन्य आम्दानी | ४.२२ | ४९६,१६३,४७८ | २५२,२०१,७४८ | ४९६,१२५,६०६ | २५२,२०१,७४८ |
| **कुल सञ्चालन आम्दानी** | | **१०,१०४,८१२,१६५** | **११,४८२,५००,२२३** | **१०,०८७,५८६,३१७** | **११,४६०,९१३,७४६** |
| वित्तीय सम्पत्तिहरुको खुद क्षयीकरण नाफा/(नोक्सान) | ४.२३ | १,९४१,२४१,३७२ | ४,२९७,४३७,००० | १,९४१,२४१,३७२ | ४,२९७,४३७,००० |
| कर्मचारी खर्च | ४.२४ | १,२२६,६४१,५८७ | १,०६०,८१५,३९१ | १,२१७,१२२,११२ | १,०५२,७१८,५३९ |
| अन्य सञ्चालन खर्च | ४.२५ | २८४,११७,८१७ | २५१,७५१,५४० | २७८,२३०,९१० | २४६,१२६,६२५ |
| ह्रास कट्टी, परिशोधन तथा गैह्र वित्तीय सम्पत्तिको क्षयीकरण | ४.२६ | ४८,३८३,४६८ | ५१,३५६,४१७ | ४५,६६३,३२५ | ४८,८००,८३४ |
| वित्तीय खर्च | | - | - | - | - |
| **यस वर्षको आय कर अघिको मुनाफा (नोक्सान)** | | **६,६०४,४२७,९२१** | **५,८२१,१३९,८७६** | **६,६०५,३२८,५९७** | **५,८१५,८३०,७४८** |
| **आय कर** | | | | | |
| चालु कर | | - | - | - | - |
| स्थगन कर | | २२३,१६९ | १,३२७,२८१ | - | - |
| **यस वर्षको खुद मुनाफा (नोक्सान)** | | **६,६०४,६५१,०९०** | **५,८१९,८१२,५९५** | **६,६०५,३२८,५९७** | **५,८१५,८३०,७४८** |

संलग्न टिप्पणीहरु (१ देखि ४.२७ सम्म) वित्तीय विवरणका अभिन्न अंग रहेका छन् ।

**कर्मचारी सञ्चय कोष**
**(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)**
**एकीकृत विस्तृत आम्दानी विवरण**
**२०८१ श्रावण १ गतदेखि २०८२ आषाढ ३२ गतेसम्म**

*रकम रुपैयामा*

| विवरण | टिप्पणी | समूह | | कोष | |
|---|---|---|---|---|---|
| | | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
| **यस वर्षको खुद मुनाफा (नोक्सान)** | | ६,६०४,६५१,०९० | ५,८१९,८१२,५९५ | ६,६०५,३२८,५९७ | ५,८१५,८३०,७४८ |
| **अन्य विस्तृत आम्दानी** | | | | | |
| परिभाषित कर्मचारी सुविधाको विमाङ्कीय नाफा/(नोक्सान) | | १८७,९६२,४०८ | २९१,९६८,२१६ | १८७,९६२,४०८ | २९१,९६८,२१६ |
| सम्पत्ति तथा उपकरणको पुनर्मूल्याङ्कन | | | | - | - |
| लगानी धितोपत्रहरुको उचित मूल्य (Fair Value) मा भएको खुद परिवर्तन | | ३,७७३,०७८,७०८ | (२,४३१,८२३,२९५) | ३,७८६,०५५,२२० | (२,३५७,८२४,५०५) |
| **जम्मा अन्य विस्तृत आम्दानी** | | ३,९६१,०४१,११६ | (२,१३९,८५५,०७९) | ३,९७४,०१७,६२८ | (२,०६५,८५६,२८९) |
| **कूल विस्तृत आम्दानी** | | १०,५६५,६९२,२०६ | ३,६७९,९५७,५१६ | १०,५७९,३४६,२२५ | ३,७४९,९७४,४५९ |

संलग्न टिप्पणीहरु (१ देखि ४.२७ सम्म) वित्तीय विवरणका अभिन्न अंग रहेका छन् ।

**कर्मचारी सञ्चय कोष**

**(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)**

**एकीकृत नगद प्रवाह विवरण**

**२०८१ श्रावण १ गतदेखि २०८२ आषाढ ३२ गतेसम्म**

*रकम रुपैयामा*

| | समूह | | कोष | |
|---|---|---|---|---|
| **विवरण** | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
| **सञ्चालनबाट नगद प्रवाह** | | | | |
| यस वर्षको खुद मुनाफा (नोक्सान) | ६,६०४,६५१,०९० | ५,८१९,८१२,५९५ | ६,६०५,३२८,५९७ | ५,८१५,८३०,७४८ |
| **समायोजन** | - | - | | |
| आय कर | (३०७,१३३) | १,३२७,२८१ | - | - |
| ह्रास कट्टी, परिशोधन तथा गैर वित्तीय सम्पत्तिको क्षयीकरण | ४८,३८३,४६८ | ५१,३५६,४१७ | ४५,६६३,३२५ | ४८,८००,८३४ |
| वित्तीय सम्पत्तिहरुको खुद क्षयीकरण | १,९४१,२४१,३७२ | ४,२९७,४३७,००० | १,९४१,२४१,३७२ | ४,२९७,४३७,००० |
| नाफा, नोक्सान मार्फत उचित मूल्य (Fair Value) मा रहेका अन्य वित्तीय उपकरणहरुबाट भएको खुद आम्दानी | - | - | - | - |
| सञ्चय कोषमा व्याज खर्च | २९,७८४,२४३,५६४ | ३६,३५६,८७७,५०२ | २९,७८४,२४३,५६४ | ३६,३५६,८७७,५०२ |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातमा प्राप्त भएको व्याज | (११,४४१,००५,५९८) | (१४,४७३,५७८,१०५) | (११,४३१,६३७,९०१) | (१४,४५४,४४८,४४७) |
| परियोजना तथा संगठित संस्थाहरुलाई कर्जा तथा सापटीमा प्राप्त भएको व्याज | (७,२९४,८०४,९००) | (९,५१५,८२१,३६४) | (७,२९४,८०४,९००) | (९,५१५,८२१,३६४) |
| धितो पत्रहरुमा लगानीमा प्राप्त भएको व्याज तथा लाभांश | (१,०८६,४७८,०४६) | (५१२,४१३,८३४) | (१,०८६,४७८,०४६) | (५१२,४१३,८३४) |
| सम्पत्ति र उपकरण, लगानी सम्पत्ति तथा अमूर्त सम्पत्तिको विक्रिमा भएको लाभ वा नोक्सानी | (७,२७६,३३८) | (५,३८०,६८५) | (७,२७६,३३८) | (५,३८०,६८५) |
| सम्पत्तिहरुमा लगानीमा प्राप्त भएको खुद आम्दानी | (३७८,४४३,८३७) | (४४८,३४९,८६४) | (३७८,४४३,८३७) | (४४८,३४९,८६४) |
| **सञ्चालन गतिविधिसँग सम्बन्धित सम्पत्ति तथा दायित्वहरुमा भएको परिवर्तनहरु** | - | | | |
| व्यापारिक प्रकृतिका सम्पत्तिहरुमा कमी (बृद्धि) | - | - | - | - |
| सञ्चयकर्ताहरुलाई कर्जा तथा सापटीमा कमी (बृद्धि) | (२०,८०५,९४७,४००) | (१७,५४९,५९५,७८२) | (२०,८०५,९४७,४००) | (१७,५४९,५९५,७८२) |
| कर्मचारीहरुलाई कर्जा तथा सापटीमा कमी (बृद्धि) | (१७९,२९०,६८१) | २१,०८१,४१७ | (१७९,२९०,६८१) | २१,०८१,४१७ |
| अन्य सम्पत्तिमा कमी (बृद्धि) | (१,६४९,६७९,४८५) | (३३,८३५,४१३) | (१,६४६,८०५,५२१) | १०,०६६,४५१ |
| कर्मचारी सुबिधा दायित्वमा बृद्धि (कमी) | (५२,९७५,८७९) | (१५९,९५२,८८४) | (५२,९७५,८७९) | (१५९,९५२,८८४) |
| अन्य दायित्वमा बृद्धि (कमी) | २७९,०३२,५८१ | (१०५,५५२,७७५) | २८९,४४१,८३५ | (१०९,४७७,३५८) |
| **सञ्चालन गतिविधिबाट भएको खुद नगद प्रवाह** | **(४,२३८,६५७,२२१)** | **३,७४३,४११,५०५** | **(४,२१७,७४१,८०९)** | **३,७९४,६५३,७३२** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | - | - | | |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातमा भएको लगानी | १२,४९३,१८२,६६६ | (२०,६८८,२४१,०३२) | १२,४७०,३८२,६६७ | (२०,६८९,२०९,०३३) |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातबाट भएको लगानी फिर्ता | - | - | - | - |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातमा प्राप्त भएको व्याज | ११,४४१,००५,५९८ | १४,४७३,५७८,१०५ | ११,४३१,६३७,९०१ | १४,४५४,४४८,४४७ |
| परियोजना तथा संगठित संस्थाहरुलाई कर्जा तथा सापटी प्रवाहमा कमी (बृद्धि) | (१,४०७,२८९,३२५) | (७,७२४,४२६,१४५) | (१,४०७,२८९,३२५) | (७,७२४,४२६,१४५) |
| परियोजना तथा संगठीत संस्थाहरुलाई कर्जा तथा सापटीमा प्राप्त भएको व्याज | ७,२९४,८०४,९०० | ९,५१५,८२१,३६४ | ७,२९४,८०४,९०० | ९,५१५,८२१,३६४ |
| धितोपत्रहरुमा लगानीमा कमी (बृद्धि) | (४१,४९७,१८१,०१३) | (५८७,५२०,३५४) | (४१,४९७,१८१,०१३) | (५८७,५२०,३५४) |
| धितोपत्रहरुमा लगानीमा प्राप्त भएको व्याज तथा लाभांस | १,०८६,४७८,०४६ | ५१२,४१३,८३४ | १,०८६,४७८,०४६ | ५१२,४१३,८३४ |
| सम्बद्ध कम्पनीहरुमा लगानीमा कमी (बृद्धि) | (४५,८१२,४६३) | (१०६,१०१,९९४) | (१२,९७६,५११) | (७३,९९८,७९०) |
| सहायक कम्पनीहरुको शेयर पुँजीको लागि पेश्कीमा कमी (बृद्धि) | - | - | - | - |
| सम्पत्तिहरुमा लगानीमा कमी (बृद्धि) | (५८,०६२,९३१) | (४७,१६३,२८९) | (५८,०६२,९३१) | (४७,१६३,२८९) |
| सम्पत्तिहरुमा लगानीमा प्राप्त भएको खुद आम्दानी | ३७८,४४३,८३७ | ४४८,३४९,८६४ | ३७८,४४३,८३७ | ४४८,३४९,८६४ |
| सम्पत्ति र उपकरणमा कमी (बृद्धि) | (१३८,७७०,७५५) | (१२६,१६८,९३९) | (१३५,२६८,६८४) | (१२६,१५३,०२२) |
| अमूर्त सम्पत्तिमा कमी (बृद्धि) | (२,७२९,५४४) | (५,२३३,१५६) | (२,७२९,५४६) | (५,१८०,१४२) |
| **लगानी गतिविधिबाट भएको खुद नगद प्रवाह** | **(१०,४५५,९३०,९८४)** | **(४,३३४,६९१,७४२)** | **(१०,४५१,७६०,६६०)** | **(४,३२२,६१७,२६५)** |
| **वित्तीय श्रोतवाट नगद प्रवाह** | - | - | | |
| सञ्चय कोषमा बृद्धि (कमी) | ४४,६७०,३५४,१२९ | ५३,४५५,०७२,१११ | ४४,६७०,३५४,१२९ | ५३,४५५,०७२,१११ |
| सञ्चय कोषमा व्याज खर्च | (२९,७८४,२४३,५६४) | (३६,३५६,८७७,५०२) | (२९,७८४,२४३,५६४) | (३६,३५६,८७७,५०२) |
| निवृत्तभरण कोषमा बृद्धि (कमी) | ४,७५७,५४९,९५६ | ४,८५५,५४३,०५४ | ४,७५७,५४९,९५६ | ४,८५५,५४३,०५४ |
| अन्य कोषमा बृद्धि (कमी) | - | - | - | - |
| जगेडा तथा बचतहरूमा बृद्धि (कमी) | (२,११६,०१०,६७५) | (७,२७१,००८,६३१) | (२,१४८,१५७,४४७) | (७,३०३,१११,८३४) |
| **वित्तीय श्रोत सम्बन्धी गतिविधिबाट भएको खुद नगद प्रवाह** | **१७,५२७,६४९,८४६** | **१४,६८२,७२९,०३२** | **१७,४९५,५०३,०७४** | **१४,६५०,६२५,८३०** |
| **सम्पूर्ण गतिविधिबाट भएको खुद नगद प्रवाह** | **२,८३३,०६१,६४१** | **१४,०९१,४४८,७९५** | **२,८२६,०००,६०५** | **१४,१२२,६६२,२९६** |
| **वर्षको शुरुमा भएको नगद तथा नगद समान मौज्दात** | १५,१०३,७२३,६०३ | १,०१२,२७४,८०८ | १५,१०१,५३५,३८१ | ९७८,८७३,०८५ |
| विदेशी मुद्रामा रहेको नगद तथा नगद समान मौज्दातमा पुनर्मूल्यांकनको कारणले भएको समायोजन | - | - | - | - |
| **वर्षको अन्तमा भएको नगद तथा नगद समान मौज्दात** | **१७,९३६,७८५,२४४** | **१५,१०३,७२३,६०३** | **१७,९२७,५३५,९८६** | **१५,१०१,५३५,३८१** |

संलग्न टिप्पणीहरु (१ देखि ४.२७ सम्म) वित्तीय विवरणका अभिन्न अंग रहेका छन् ।

**कर्मचारी सञ्चय कोष**
**कोष तथा जगेडामा भएका परिवर्तनहरु**
**२०८१ श्रावण १ गतदेखि २०८२ आषाढ ३२ गतेसम्म**

*रकम रुपैंयामा*

**समूह**

| विवरण | साधारण जगेडा कोष | सञ्चयकर्ता कल्याणकारी कोष | कर्मचारी कल्याणकारी कोष | मुनाफा वांडफांड (सञ्चय कोष) | मुनाफा वांडफांड (निवृत्तभरण कोष) | सञ्चित मुनाफा (निवृत्तभरण कोष) | उचित मुल्य जगेडा | सञ्चयकर्ता हाईड्रो कोष | सञ्चय कोष | निवृत्तभरण कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **२०८१ श्रावण १ को मौज्दात** | **१,४१४,०४३,१००** | **५,६३१,२८६,३९६** | **४३८,६७९,८५८** | **६,५२४,०६२,४६९** | **७२,७३७,०५७** | **४१,६५४,६८४** | **१२,२८२,७३३,४३६** | **८,१०२,७४७,३०८** | **५१८,४७५,३१८,७०१** | **११,२१३,८०४,२२७** | **५६४,१९७,०६७,२३८** |
| खर्च/भुक्तानी | - | (५६०,६९४,८०६) | (१२३,६४७,७१३) | (५,०८६,८४५,९४१) | (६६,०५२,४९८) | - | - | (८३९,९८९,०१३) | (१८,८७६,५३२,४३६) | (२२६,९५०,८६६) | (२५,७८०,७१३,२७३) |
| रकमान्तर/समायोजन | ४५,३७५,१७८ | ११०,८१९,५४६ | - | - | - | - | - | ४१०,०७३,२०३ | (२०,७९३,७२३,०८२) | (२९२,३७९,२३३) | (२०,५१९,८३४,३८७) |
| ब्याज | - | - | - | - | - | - | - | - | २८,५९४,०७७,९६६ | ७४१,४७८,०६८ | २९,३३५,५५६,०३५ |
| संकलन | - | - | - | - | - | - | - | - | ५०,८०२,८६८,०७८ | ४,४६९,३४९,४८८ | ५५,२७२,२१७,५६६ |
| नाफाबाट थप | - | - | - | - | - | - | - | - | ५,०७५,५३१,०९४ | ६६,०५२,४९८ | ५,१४१,५८३,५९२ |
| शेयरको उचित मूल्यमा समायोजन | - | - | - | - | - | - | ३,७७३,०७८,७०८ | - | - | - | ३,७७३,०७८,७०८ |
| परिभाषित कर्मचारी सुविधाको विमाङ्कीय नाफा/(नोक्सान) | १८७,९६२,४०८ | - | - | - | - | - | - | - | - | - | १८७,९६२,४०८ |
| बेचालु सञ्चय कोष | - | - | - | - | - | - | - | - | (१३१,८६७,४९१) | - | (१३१,८६७,४९१) |
| मूनाफा बाँडफाँट | ४५३,०२०,६९५ | ६४८,१४०,२९१ | १९४,४४२,०८७ | ५,१८५,१२२,३३० | १०५,४५३,४८४ | १८,४७२,२०१ | - | - | - | - | ६,६०४,६५१,०९० |
| विगत बर्षको आम्दानी (खर्च) | ३३,९१०,२५२ | - | - | - | - | - | - | - | - | - | ३३,९१०,२५२ |
| **२०८२ आषाढ ३२ को मौज्दात** | **२,१३४,३११,६३३** | **५,८२९,५५१,४२८** | **५०९,४७४,२३३** | **६,६२२,३३८,८५८** | **११२,१३८,०४३** | **६०,१२६,८८५** | **१६,०५५,८१२,१४४** | **७,६७२,८३१,४९८** | **५६३,१४५,६७२,८३१** | **१५,९७१,३५४,१८३** | **६१८,११३,६११,७३६** |
| **२०८० श्रावण १ को मौज्दात** | **७९८,५०५,७०४** | **५,५५२,४४२,४२३** | **३७९,७७९,५७०** | **६,२३२,९१२,८९५** | **३९,३२८,६२६** | **२७,५३४,०९४** | **१४,७१४,५५६,७३२** | **८,२१४,०८०,३००** | **४६५,०२०,२४६,५९१** | **६,३५८,२६१,१७३** | **५०७,३३७,६४८,१०७** |
| खर्च/भुक्तानी | - | (५५६,४२१,६४४) | (११३,२२१,२०३) | (४,५१९,६०६,४९९) | (३०,९१८,७०३) | - | - | (६८३,५०३,३१८) | (१९,०९०,३४५,७२७) | | (२४,९९४,०१७,०९४) |
| रकमान्तर/समायोजन | - | ६१,५२७,३१५ | - | १०६,१०१,९९४ | - | - | - | ५७२,१७०,३२७ | (१६,९४६,८९४,४७३) | (१८८,१६७,७९८) | (१६,३९५,२६२,६३६) |
| ब्याज | - | - | - | - | - | - | - | - | ३५,१३५,५७०,१३६ | ५८८,४७२,७८१ | ३५,७२४,०४२,९१७ |
| संकलन | - | - | - | - | - | - | - | - | ४९,६७८,५१९,२३१ | ४,४२४,३१९,३६९ | ५४,१०२,८३८,५९९ |
| नाफाबाट थप | - | - | - | - | - | - | - | - | - | ३०,९१८,७०३ | ३०,९१८,७०३ |
| शेयरको उचित मूल्यमा समायोजन | - | - | - | - | - | - | (२,४३१,८२३,२९५) | - | - | - | (२,४३१,८२३,२९५) |
| परिभाषित कर्मचारी सुविधाको विमाङ्कीय नाफा/(नोक्सान) | २९१,९६८,२१६ | - | - | - | - | - | - | - | - | - | २९१,९६८,२१६ |
| बेचालु सञ्चय कोष | - | - | - | - | - | - | - | - | १६९,४६३,०६६ | - | १६९,४६३,०६६ |
| मूनाफा बाँडफाँट | २९०,८५०,९९८ | ५७३,७३८,३०२ | १७२,१२१,४९१ | ४,७०४,६५४,०८० | ६४,३२७,१३३ | १४,१२०,५९० | - | - | ४,५०८,७५९,८७८ | - | १०,३२८,५७२,४७३ |
| विगत बर्षको आम्दानी (खर्च) | ३२,७१८,१८१ | - | - | - | - | - | - | - | - | - | ३२,७१८,१८१ |
| **२०८१ आषाढ ३१ को मौज्दात** | **१,४१४,०४३,१००** | **५,६३१,२८६,३९६** | **४३८,६७९,८५८** | **६,५२४,०६२,४६९** | **७२,७३७,०५७** | **४१,६५४,६८४** | **१२,२८२,७३३,४३६** | **८,१०२,७४७,३०८** | **५१८,४७५,३१८,७०१** | **११,२१३,८०४,२२७** | **५६४,१९७,०६७,२३८** |

संलग्न टिप्पणीहरु (१ देखि ४.२७ सम्म) वित्तीय विवरणका अभिन्न अंग रहेका छन्।

*रकम रुपैंयामा*

**कोष**

| विवरण | साधारण जगेडा कोष | सञ्चयकर्ता कल्याणकारी कोष | कर्मचारी कल्याणकारी कोष | मुनाफा बांडफांड (सञ्चय कोष) | मुनाफा बांडफांड (निवृत्तभरण कोष) | सञ्चित मुनाफा (निवृत्तभरण कोष) | उचित मुल्य जगेडा | सञ्चयकर्ता हाईड्रो कोष | सञ्चय कोष | निवृत्तभरण कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **२०८१ श्रावण १ को मौज्दात** | **१,४१०,०६१,२५३** | **५,६३१,२८६,३९५** | **४३८,६७९,८५७** | **६,२७०,१५३,१४६** | **७२,७३७,०५७** | **४१,६५४,६८४** | **१३,३६६,५४७,३५९** | **८,१०२,७४७,३०८** | **५१८,४७५,३१८,७०२** | **११,२१३,८०४,२२७** | **५६५,०२२,९८९,९८८** |
| खर्च/भुक्तानी | - | (५६०,६९४,८०६) | (१२३,६४७,७१३) | (५,०८६,८४५,९४१) | (६६,०५२,४९८) | - | - | (८३९,९८९,०१३) | (१८,८७६,५३२,४३६) | (२२६,९५०,८६६) | (२५,७८०,७१३,२७३) |
| रकमान्तर/समायोजन | - | ११०,८१९,५४६ | | - | - | - | | ४१०,०७३,२०३ | (२०,७९३,७२३,०८२) | (२९२,३७९,२३३) | (२०,५६५,२०९,५६५) |
| ब्याज | - | - | - | - | - | - | - | - | २८,५९४,०७७,९६६ | ७४१,४७८,०६८ | २९,३३५,५५६,०३५ |
| संकलन | - | - | - | - | - | - | - | - | ५०,८०२,८६८,०७८ | ४,४६९,३४९,४८८ | ५५,२७२,२१७,५६६ |
| नाफाबाट थप | - | - | - | - | - | | - | - | ५,०७५,५३१,०९४ | ६६,०५२,४९८ | ५,१४१,५८३,५९२ |
| शेयरको उचित मूल्यमा समायोजन | - | - | - | - | - | - | ३,७८६,०५५,२२० | - | - | - | ३,७८६,०५५,२२० |
| परिभाषित कर्मचारी सुविधाको विमाङ्कीय नाफा/(नोक्सान) | १८७,९६२,४०८ | - | - | - | - | - | - | - | - | - | १८७,९६२,४०८ |
| बेचालु सञ्चय कोष | - | - | - | - | - | - | - | - | (१३१,८६७,४९१) | - | (१३१,८६७,४९१) |
| मूनाफा बाँडफाँट | ४५३,६९८,२०४ | ६४८,१४०,२९१ | १९४,४४२,०८७ | ५,१८५,१२२,३३० | १०५,४५३,४८४ | १८,४७२,२०१ | - | - | | | ६,६०५,३२८,५९७ |
| विगत बर्षको आम्दानी (खर्च) | ३४,१६२,१४५ | - | - | - | - | - | - | - | - | - | ३४,१६२,१४५ |
| **२०८२ आषाढ ३२ को मौज्दात** | **२,०८५,८८४,०१०** | **५,८२९,५५१,४२७** | **५०९,४७४,२३२** | **६,३६८,४२९,५३५** | **११२,१३८,०४३** | **६०,१२६,८८५** | **१७,१५२,६०२,५७९** | **७,६७२,८३१,४९८** | **५६३,१४५,६७२,८३१** | **१५,९७१,३५४,१८३** | **६१८,९०८,०६५,२२४** |
| **२०८० श्रावण १ को मौज्दात** | **७९८,५०५,७०४** | **५,५५२,४४२,४२२** | **३७९,७७९,५६९** | **६,०८५,१०५,५६६** | **३९,३२८,६२६** | **२७,५३४,०९४** | **१५,७२४,३७१,८६४** | **८,२१४,०८०,३००** | **४६५,०२०,२४६,५९१** | **६,३५८,२६१,१७३** | **५०८,१९९,६५५,९०९** |
| खर्च/भुक्तानी | - | (५५६,४२१,६४४) | (११३,२२१,२०३) | (४,५१९,६०६,४९९) | (३०,९१८,७०३) | - | - | (६८३,५०३,३१८) | (१९,०९०,३४५,७२७) | - | (२४,९९४,०१७,०९४) |
| रकमान्तर/समायोजन | - | ६१,५२७,३१५ | | - | - | - | | ५७२,१७०,३२७ | (१६,९४६,८९४,४७३) | (१८८,१६७,७९८) | (१६,५०१,३६४,६३०) |
| ब्याज | - | - | - | - | - | - | - | - | ३५,१३५,५७०,१३६ | ५८८,४७२,७८१ | ३५,७२४,०४२,९१७ |
| संकलन | - | - | - | - | - | - | - | - | ४९,६७८,५१९,२३१ | ४,४२४,३१९,३६९ | ५४,१०२,८३८,५९९ |
| नाफाबाट थप | - | - | - | - | - | | - | - | - | ३०,९१८,७०३ | ३०,९१८,७०३ |
| शेयरको उचित मूल्यमा समायोजन | - | - | - | - | - | - | (२,३५७,८२४,५०५) | - | - | - | (२,३५७,८२४,५०५) |
| परिभाषित कर्मचारी सुविधाको विमाङ्कीय नाफा/(नोक्सान) | २९१,९६८,२१६ | - | - | - | - | - | - | - | - | - | २९१,९६८,२१६ |
| बेचालु सञ्चय कोष | - | - | - | - | - | - | - | - | १६९,४६३,०६६ | - | १६९,४६३,०६६ |
| मूनाफा बाँडफाँट | २८६,८६९,१५१ | ५७३,७३८,३०२ | १७२,१२१,४९१ | ४,७०४,६५४,०८० | ६४,३२७,१३३ | १४,१२०,५९० | - | - | ४,५०८,७५९,८७८ | | १०,३२४,५९०,६२६ |
| विगत बर्षको आम्दानी (खर्च) | ३२,७१८,१८१ | - | - | - | - | - | - | - | - | - | ३२,७१८,१८१ |
| **२०८१ आषाढ ३१ को मौज्दात** | **१,४१०,०६१,२५३** | **५,६३१,२८६,३९५** | **४३८,६७९,८५७** | **६,२७०,१५३,१४६** | **७२,७३७,०५७** | **४१,६५४,६८४** | **१३,३६६,५४७,३५९** | **८,१०२,७४७,३०८** | **५१८,४७५,३१८,७०२** | **११,२१३,८०४,२२७** | **५६५,०२२,९८९,९८८** |

संलग्न टिप्पणीहरु (१ देखि ४.२७ सम्म) वित्तीय विवरणका अभिन्न अंग रहेका छन् ।

# कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)

# लेखासँग सम्बन्धित नीति तथा टिप्पणी

## आर्थिक वर्ष २०८१/८२

## १. सामान्य जानकारी (General Introduction)

कर्मचारी सञ्चय कोष, कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुरुप स्थापित सामाजिक सुरक्षण संस्थाका साथै गैह्र बैकिङ्ग प्रकृतिको देशकै ठूलो वित्तीय संस्था हो । कोषले सञ्चयकर्ताबाट संकलन भएको सञ्चित रकमको व्यवस्थापन तथा प्रभावकारी परिचालन गरी सञ्चयकर्तालाई उचित प्रतिफल प्रदान गर्नुका साथै बचत रकमबाट विभिन्न सामाजिक सुरक्षण सुविधाहरु समेत प्रदान गर्दै आईरहेको छ । कोषको केन्द्रीय कार्यालय पुल्चोक, ललितपुरमा रहेको छ ।

कोषले ५ लाख ७८ हजार भन्दा बढी सञ्चयकर्ताको सञ्चित रकममा वार्षिक रुपमा व्याज तथा मुनाफा प्रदान गर्नुका अतिरिक्त सञ्चयकर्ताको हितमा विशेष सापटी, घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी, सरल सापटी र जग्गा खरीद सापटी जस्ता कर्जा तथा सापटी सुविधाहरु प्रदान गर्दै आएको छ भने सामाजिक सुरक्षा सुविधा अन्तर्गत सञ्चयकर्ता दुर्घटना क्षतिपूर्ति, सञ्चयकर्ता काजक्रिया अनुदान, सञ्चयकर्ता औषधोपचार योजना र शिशु तथा सुत्केरी हेरचाह सुविधा कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

कोषले विभिन्न जलविद्युत, होटल तथा पर्यटन, उड्डयन क्षेत्रहरुमा शेयर तथा ऋण लगानी गरी नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्दै आएको छ ।

### १.१ सहायक तथा सम्बद्ध कम्पनीहरु

सञ्चय कोष घर जग्गा व्यवस्थापन कम्पनी प्रा.लि. कोषको एकल लगानी भएको सहायक कम्पनी हो । वि.सं २०७६ पौषमा स्थापित सो कम्पनीको उद्देश्य कोषको स्वामित्वमा रहेको जग्गाहरु विकास गरी सञ्चयकर्ता आवास योजना सञ्चालन गर्ने, कोषको स्वामित्वमा रहेको भवनहरुको बाहाल व्यवस्थापन गर्ने लगायत रहेको छ ।

प्रभु इन्स्योरेन्स कम्पनी लिमिटेड कोषको २१.६१ प्रतिशत स्वामित्व रहेको सम्बद्ध कम्पनी हो । २०७८ बैशाख महिनामा उक्त कम्पनीमा कोषले स्वामित्व बढाई सम्बद्ध कम्पनीको हैसियतमा पुगेको हो । सो कम्पनीको उद्देश्य साधारण बिमा व्यवसाय सञ्चालन गर्ने रहेको छ ।

कोष, सहायक तथा सम्बद्ध कम्पनीको लेखाङ्कन अवधि प्रयोजनको लागि आर्थिक वर्ष साउन १ गते देखि सुरु भई अर्को वर्षको असार मसान्तसम्म कायम रहेको छ ।

**१.२** कोष, सहायक तथा सम्बद्ध कम्पनीको कारोवारलाई एकीकृत रुपमा वित्तीय विवरणमा प्रस्तुत गर्दा समूहको रुपमा प्रस्तुत गरिएको छ ।

## २. वित्तीय विवरणहरु तयार र प्रस्तुत गर्ने आधार (Basis of Preparation and Presentation of Financial Statements):

### २.१ नेपाल वितीय प्रतिवेदनमानको अनुपालना (Compliance with Nepal Financial Reporting Standard-NFRS)

लेखामान बोर्ड नेपालले सिफारिस गरे बमोजिम नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्थाबाट जारी गरिएको नेपाल वितीय प्रतिवेदनमानअनुरुप वित्तीय विवरणहरु तयार गरिएका छन् । नेपाल वितीय प्रतिवेदनमानमा अर्न्तराष्ट्रिय लेखामान बोर्डले जारी गरेका विवेचना (IFRIC र SIC) समेत पर्दछन् ।

एकल वित्तीय विवरणहरु महालेखापरीक्षकको कार्यालयबाट मिति २०७५/११/१४ मा स्वीकृत ढाँचा अनुरुप तयार गरिएको छ। साथै, संलग्न वित्तीय विवरणहरु कोषको सञ्चालक समितिबाट अनुमोदन गरिएको छ।

**२.२ कार्यात्मक र प्रस्तुतीकरण मुद्रा (Functional and Presentation Currency)**

वित्तीय विवरणहरु कोषको कार्यात्मक मुद्रा, नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ।

**२.३ नेपाल वित्तीय प्रतिवेदनमानको प्रयोग (Use of Nepal Financial Reporting Standards)**

कोषले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरणहरु तयार गरेको छ।

**२.४ लेखाका मुलभूत मान्यताहरू:**

लेखाका मुलभूत मान्यताहरू प्रमुख र सर्वमान्य हुन्छन् । कोषले आफ्नो कारोबारहरुको लेखाङ्कन, वित्तीय विवरणहरुको तयारी तथा प्रस्तुतीकरण गर्दा निम्न लिखित लेखाका मुलभूत मान्यताहरू आत्मसाथ गर्ने छ। कुनै पनि समयमा यी मान्यताहरुबाट फरक मान्यताको साथ कारोबारहरुको लेखाङ्कन, वित्तीय विवरणहरुको तयारी तथा प्रस्तुतीकरण गर्नु पर्दा आधार तथा कारणहरु सहित सो कुराको खुलासा गरी फरक मान्यता अपनाइएका कारोबारहरुको क्षेत्रगत विवरण समेत उल्लेख गरिनेछ।

**२.४.१ संस्थाको निरन्तरता (Going Concern) :**

कोषको अस्तित्व अविच्छिन्न रुपमा दीर्घकालसम्म रहन्छ भन्ने दृष्टिकोणका साथ कोषको कारोबारहरूको लेखा राखिनेछ र त्यस लेखाको आधारमा वित्तीय विवरणहरू तयार तथा प्रस्तुतीकरण गरिनेछ।

**२.४.२ एकरुपता (Consistency):**

अवलम्बन गरिएको लेखा नीतिलाई निरन्तरता दिइनेछ। लेखा नीति लेखाको आधार हुने हुँदा सामान्यतया यसमा परिवर्तन नगरी निरन्तर प्रयोग गरिनेछ। नेपाल वित्तीय प्रतिवेदनमानमा परिवर्तन भएमा वा कर्मचारी सञ्चय कोष ऐनमा संशोधन भएमा वा कोषको सञ्चालक समितिले परिवर्तन गर्नु औचित्यपूर्ण देखेमा वा त्यस्तो परिवर्तन अत्यन्त उपयोगी वा लेखा प्रणालीमा सुधार वा वित्तीय प्रतिवेदनको तयारी तथा प्रस्तुतीकरणमा गुणात्मक सुधार हुने किसिमको भएमा मात्र लेखा नीतिमा परिवर्तन गरिनेछ । लेखा नीतिमा परिवर्तन गर्दा सो बाट हुने समायोजनलाई पहिलेदेखि पुनर्लेखन (Restrospective Restatement) गरिनेछ । लेखा नीतिमा परिवर्तन गर्दा सोको औचित्य पुष्टि गरिनेछ।

**२.४.३ प्रोदभावी (Accrual) :**

प्रोद्भावीको सिद्धान्त अनुसार कुनै कारोबारको असर कोषको आर्थिक स्रोतमा पर्ने अवधिमा उक्त कारोबारको लेखाङ्कन गरिन्छ । नगद प्राप्ति/भुक्तानी (Cash Basis) ले मात्र ती शर्तहरु पूरा भएको अवस्थालाई नसमेट्ने भएकाले नगद प्राप्ति/भुक्तानी मात्रलाई आधार मानेर सम्पत्ति/दायित्व/ईक्विटी/आम्दानी/खर्च जनाईने छैन। कुनै पनि कारोबारलाई सो वापतको दायित्व वा सम्पत्ति निश्चित भएपछि तुरुन्तै लेखाङ्कन गरिनेछ । यस सिद्धान्त अनुसार कोषको सम्पत्ति, दायित्व, इक्विटी, आम्दानी तथा खर्चहरुको लेखाङ्कन निम्न अनुसार गरिन्छ।

**सम्पत्ति**

सम्पत्तिमा कोषको विगतको कारोबारबाट सिर्जित तथा भविष्यमा आर्थिक लाभ दिने सम्भावना रहेका कोषले नियन्त्रण गर्ने सम्पत्तिहरु पर्दछन्।

निम्न दुबै शर्तहरु पूरा भएमा मात्र कुनै कारोबारलाई कोषको सम्पत्तिको रुपमा लेखाङ्कन गरिनेछ :

क. सो कारोबारसँग जोडिएको कुनै आर्थिक लाभ कोषले प्राप्त गर्ने कुराको प्रवल सम्भावना भएमा तथा

ख. सो कारोबारको लागत वा मूल्य विश्वसनीय ढङ्गमा मापन गर्न सकिने भएमा।

**दायित्व**

दायित्वमा कोषको विगतको कारोबारबाट सिर्जित तथा भविष्यमा आर्थिक स्रोत बाहिरिने सम्भावना रहेका कोषका हालका दायित्वहरू पर्दछन् ।

निम्न दुवै शर्तहरु पुरा भएमा मात्र कुनै कारोबारलाई कोषको दायित्वको रुपमा लेखाङ्कन गरिनेछ :

क. सो कारोबारसँग जोडिएको कुनै आर्थिक लाभ कोषबाट बाहिरिने कुराको प्रवल सम्भावना भएमा तथा

ख. सो कारोबारको लागत वा मूल्य विश्वसनीय ढङ्गमा मापन गर्न सकिने भएमा ।

**ईक्विटी**

कोषको सम्पूर्ण सम्पत्तिबाट दायित्व घटाँउदा बाँकी रहने खुद अवशेष कोषको ईक्विटी हुनेछ ।

**आम्दानी**

आम्दानी भन्नाले सम्पत्तिमा बढोत्तरी हुने वा दायित्व कम भई खुद ईक्विटीमा वृद्धि हुने गरी आर्थिक स्रोतमा भएको बढोत्तरी बुझिनेछ । तर यसले ईक्विटीका सहभागीहरुबाट प्राप्त भएको ईक्विटीमा भएको योगदान समावेस गर्ने छैन ।

**खर्च**

खर्च भन्नाले दायित्वको बढोत्तरी हुने वा सम्पत्ति कम भई खुद ईक्विटीमा कमी हुने गरी आर्थिक स्रोतमा भएको कमी बुझिनेछ । तर यसले ईक्विटीका सहभागीहरुलाई वितरण गरेको रकम समावेस गर्ने छैन ।

## ३. प्रमुख लेखा नीतिहरु (Major Accounting Policies)

### ३.१ सहायक कम्पनीमा लगानी (Investment in subsidiary) :

समूहले नियन्त्रण गर्न सक्ने शक्ति (Power to control) रहेको सबै कम्पनी सहायक कम्पनीहरु हुन् । कुनै संस्थासँगको संलग्नताको कारण समूहलाई परिवर्तनशील प्रतिफलको अधिकार भएमा वा समूह त्यसमा जोडिएमा (Exposed) र समूहसँग रहेको शक्तिको माध्यमबाट संस्थाको त्यस्तो प्रतिफलमा फरक पार्ने क्षमता भएमा समूहसँग नियन्त्रण गर्ने शक्ति रहन्छ । एकीकृत वित्तीय विवरण तयार गर्दा कोषले नियन्त्रण गरेको सहायक कम्पनीहरुको समान परिस्थितिमा भएका एकै किसिमको कारोबारहरु तथा घटनाहरुको लागि समान लेखा नीति प्रयोग गरिनेछ । कोषले लगानी गरेको संस्थामा नियन्त्रण प्राप्त गरेको मितिदेखि एकीकरण सुरु गरिनेछ र कोषले त्यस्तो नियन्त्रण गुमाएको दिनदेखि एकीकरण अन्त्य गरिनेछ ।

**खरिद विधि (Purchase/Acquisition method):** सहायक कम्पनीहरुको एकीकरणमा खरिद विधि (Purchase/Acquisition method) अपनाईनेछ । खरिद विधिमा लगानी गरेको संस्थामा नियन्त्रण प्राप्त गरेको मिति (Acquisition date) देखि एकीकरण सुरु गरी त्यस्तो नियन्त्रण गुमाएको दिनदेखि एकीकरण अन्त्य गरिन्छ । व्यवसायिक एकीकरण (Business combination) को क्रममा प्राप्त गरिएको पहिचान हुने (Identifiable) सम्पत्ति तथा दायित्व र जिम्मेवारी लिइएको सम्भावित दायित्वलाई प्राप्त गरेको मितिको उचित मूल्य (Fair value) मा मापन गरिनेछ । विनिमयको दिनमा प्राप्त गरिएको सम्पत्ति, जारी गरिएको पुँजीगत उपकरण (Equity instruments), भएको वा जिम्मेवारी लिइएको दायित्वको उचित मूल्यमा प्राप्तिसँग सम्बन्धित प्रत्यक्ष खर्च जोडी प्राप्ति लागत (Acquisition cost) मापन गरिनेछ । प्राप्ति मितिमा प्राप्त गरिएको पहिचान हुने खूद सम्पत्ति (Net assets) मा रहेको समूहको भागको उचित मूल्यभन्दा प्राप्ति लागत बढी भएमा सो बढी भएको रकमलाई ख्याति (Goodwill) को रुपमा अङ्गिकार गरिनेछ । यदि प्राप्त गरिएको पहिचान हुने सहायक कम्पनीको खूद सम्पत्ति (Net assets) मा रहेको समूहको भागको उचित मूल्यभन्दा प्राप्ति लागत कम भएमा सो कम भएको रकमलाई सिधै नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ ।

**एकीकरण (Consolidation):** एकीकृत वित्तीय विवरण तयार पार्दा सहायक कम्पनीको सम्पत्ति, दायित्व, आम्दानी, खर्च र नगद प्रवाह कोषको सम्पत्ति, दायित्व, आम्दानी, खर्च र नगद प्रवाहसँग जोडिनेछ । सहायक कम्पनीमा कोषको लगानीको र उक्त कम्पनीको ईक्विटीको अंश पूर्ण रुपमा हटाइनेछ । एकीकृत वित्तीय विवरण

बनाउने बेलामा अन्तर समूह कारोबारसँग सम्बन्धित सम्पत्ति तथा दायित्व, आम्दानी, खर्च र नगद प्रवाहलाई पूर्णरुपमा हटाइनेछ ।

**नियन्त्रण गुमेको अवस्था (Loss of control):** कुनै सहायक कम्पनीमा कोषले नियन्त्रण गुमाएपछि एकीकृत वित्तीय अवस्थाको विवरणबाट सहायक कम्पनीको सम्पत्ति तथा दायित्व डि-रिकग्नाइज गरिने अथवा हटाइनेछ । त्यस्तो सहायक कम्पनीमा बाँकी रहेको लगानीलाई उचित मूल्यमा वित्तीय सम्पत्तिको रुपमा पहिचान गरिनेछ । माथिको लेखाङ्कनको साथै नियन्त्रण गुमेको कारणले प्राप्त भएको उचित रकमलाई पहिचान गरी गैरनियन्त्रित स्वार्थलाई डि-रिकग्नाइज गरेपश्चात बाँकी रहेको फरक रकमलाई नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ । यदि सहायक कम्पनीसँग सम्बन्धित कुनै सम्पत्ति वा दायित्वको रकम अन्य विस्तृत आय विवरणमा लेखाङ्कन गरिएको भएमा त्यस्तो रकमलाई मातृ कम्पनीले आफ्नै सम्पत्ति वा दायित्व सिधै निसर्ग गर्दा गरिने सरह लेखाङ्कन गरिनेछ ।

**गैरनियन्त्रित स्वार्थ (Non controlling interest):** कोषले प्रत्यक्ष वा परोक्ष रुपमा धारण नगरेको सहायक कम्पनीको खूद सम्पत्ति वा नेट वर्थलाई गैरनियन्त्रित स्वार्थ मानिनेछ । गैरनियन्त्रित स्वार्थलाई लगानी गरेको संस्थामा नियन्त्रण प्राप्त गरेको मिति (Acquisition date) देखि सहायक कम्पनीको खूद सम्पत्तिको उचित मूल्यको अंशको रुपमा लेखाङ्कन सुरु गरी सहायक कम्पनीको ईक्विटी (Equity) मा नियन्त्रण कायम नगरेका शेयरधनी (Minority shareholder) को अनुपातमा भएको परिवर्तनलाई समायोजन गर्दै लगिनेछ । सहायक कम्पनीमा नियन्त्रण गुमेको दिनदेखि गैरनियन्त्रित स्वार्थलाई डि-रिकग्नाइज गरिने अथवा हटाइनेछ ।

कोषको छुट्टै वित्तीय विवरण (Separate financial statement) तयार गर्दा सहायक कम्पनीमा भएको लगानीलाई सहायक कम्पनीहरुमा लगानीको रुपमा वित्तीय सम्पत्तिको कुनै एक वर्गमा वर्गिकरण गरी उचित मूल्यमा लेखाङ्कन गरिनेछ ।

### ३.२ सम्बद्ध कम्पनीमा लगानी (Investment in associates) :

समूहको अर्थपूर्ण प्रभाव (Significant influence) भएको संस्थालाई सम्बद्ध कम्पनी मानिन्छ । नियन्त्रण वा सह नियन्त्रण बाहेक लगानी गरिएको संस्थाको वित्तीय तथा सञ्चालन सम्बन्धी नीतिगत निर्णयमा सहभागी हुन पाउने शक्तिलाई नै अर्थपूर्ण प्रभाव मानिन्छ । कोष आफैंले तथा कोषले लगानी गरेको कम्पनीहरु मार्फत कुनै कम्पनीको २० प्रतिशत वा सोभन्दा बढी र ५० प्रतिशत वा सो भन्दा कम शेयर धारण गरेको वा त्यस्तो कम्पनीको सञ्चालक समितिमा कोष वा कोषले लगानी गरेको कम्पनीले प्रतिनिधित्वसमेत प्राप्त गरेमा वा उक्त कम्पनी र कोषबीच कुनै पक्ष आश्रित हुने गरी कारोबार भएमा वा कोषले उक्त कम्पनीको व्यवस्थापन सम्हालेको अवस्थामा उक्त कम्पनीमा कोषको अर्थपूर्ण प्रभाव रहेको मानिनेछ ।

**ईक्विटी विधि (Equity method):** सम्बद्ध कम्पनीहरुमा गरिएको लगानीको लेखाङ्कनमा ईक्विटी विधि अपनाइनेछ र सुरुवाती पहिचान लागत रकममा गरिनेछ । सम्बद्ध कम्पनीको नाफा नोक्सानमा रहेको समूहको अंशलाई समूहको एकीकृत नाफा नोक्सानमा आयको रुपमा समावेस गरी लगानी हिसाबमा समायोजन गरिनेछ । उक्त कम्पनीबाट प्राप्त भएको लाभांशलाई कम्पनीको लगानी रकमबाट घटाइनेछ । कम्पनीको अन्य विस्तृत आम्दानीमा कुनै रकम भएमा सो मा आफ्नो स्वामित्वको अंश समेत कोषको अन्य विस्तृत आय विवरणमा समावेश गरिनेछ ।

लगानी गरेको मितिमा लगानी रकम र उक्त कम्पनीमा कोषको स्वामित्व अंश अनुसार कायम हुने सम्पत्ति तथा दायित्वको उचित मूल्यको खुद रकमबीचको फरकलाई निम्न अनुसार समायोजन गरिनेछ :

क) लगानीको लागत खुद सम्पत्ति भन्दा बढी भएमा बढी रकमलाई ख्याति (Goodwill) को रुपमा मानी उक्त बढी रकम लगानीमा नै समावेश गरिनेछ । ख्यातिलाई परिशोधन (Amortize) गरिने छैन ।

ख) लगानीको लागत खुद सम्पत्ति भन्दा कम भएमा कम भए जति रकमलाई नाफाको अंशको रुपमा लेखाङ्कन गरिनेछ ।

यो विधि लगानी गरेको संस्थामा अर्थपूर्ण प्रभाव प्राप्त गरेको मिति देखि त्यस्तो प्रभाव गुमाएको दिनसम्म प्रयोग गरिनेछ । कुनै सम्बद्ध कम्पनीमा कोष वा समूहले अर्थपूर्ण प्रभाव गुमाएपछि त्यस्तो कम्पनीमा बाँकी रहेको लगानीलाई उचित मूल्यमा सम्बन्धित वित्तीय सम्पत्तिको रुपमा पहिचान गरिनेछ । बाँकी रहेको लगानीको उचित

मूल्यमा बिक्री गरिएको लगानीबाट प्राप्त भएको रकम जोडी र बिक्री अघिको किताबी रकम (Carrying amount) बीचको फरक रकमलाई नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ । यदि सम्बद्ध कम्पनीसँग सम्बन्धित सम्पत्ति वा दायित्वको कुनै रकम अन्य विस्तृत आय विवरणमा लेखाङ्कन गरिएको भएमा त्यस्तो रकमलाई मातृ कम्पनीले आफ्नै सम्पत्ति वा दायित्व सिधै निसर्ग गर्दा गरिने सरह लेखाङ्कन गरिनेछ ।

कोषको छुट्टै वित्तीय विवरण (Separate financial statement) तयार गर्दा सम्बद्ध कम्पनीमा भएको लगानीलाई सम्बद्ध कम्पनीहरुमा लगानीको रुपमा वित्तीय सम्पत्तिको कुनै एक वर्गमा वर्गिकरण गरी उचित मूल्यमा लेखाङ्कन गरिनेछ ।

### ३.३ वित्तीय सम्पत्ति तथा दायित्वहरु (Financial assets and liabilities) :

**१) पहिचान (Recognition)**

कुनै वित्तीय उपकरणको करारजन्य व्यवस्थाको एक पक्षको रुपमा अनुबन्धन भएपछि मात्र सोसँग सम्बन्धित वित्तीय सम्पत्ति तथा दायित्वको लेखामा पहिचान गरिनेछ ।

**२) वर्गिकरण (Classification)**

**क) वित्तीय सम्पत्ति (Financial Assets)**

वित्तीय सम्पत्ति अन्तर्गत नगद, अन्य संस्थाको ईक्विटी उपकरण, अन्य संस्थाबाट नगद वा अन्य वित्तीय सम्पत्ति प्राप्त गर्ने अधिकार तथा कोषलाई लाभ हुने गरी वित्तीय सम्पत्ति वा दायित्वको आदानप्रदानको अधिकार आदि पर्दछन् ।

वित्तीय सम्पत्तिहरुको व्यवस्थापन गर्नका लागि कोषको व्यावसायिक ढाँचा र वित्तीय सम्पत्तिको करारजन्य नगद प्रवाह विशेषताहरुको आधारमा वित्तीय सम्पत्तिलाई परिशोधित लागत (Amortized cost) वा अन्य विस्तृत आय मार्फत् उचित मूल्यमा (Fair value through other comprehensive income)र नाफा वा नोक्सान मार्फत् उचित मूल्य (Fair value through profit or loss) मध्ये कुनै एकमा वर्गिकरण गरिनेछ ।

**परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्ति (Financial assets measured at amortized cost):** करारजन्य नगद प्रवाह प्राप्त गर्न धारण गर्ने उद्देश्य भएको व्यावसायिक ढाँचा अन्तर्गत धारण गरिने तथा करारमा उल्लेखित शर्तहरुले निश्चित मितिमा बाँकी रहेको साँवा रकममा साँवा वा ब्याज वा दुवैको नगद प्रवाह दिने वित्तीय सम्पत्तिहरुलाई परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिमा वर्गिकरण गरिनेछ ।

**अन्य विस्तृत आय मार्फत उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति (Financial assets measured at fair value through other comprehensive income):** करारजन्य नगद प्रवाह प्राप्त गर्न वा बिक्री गर्न धारण गर्ने उद्देश्य भएको व्यावसायिक ढाँचा अन्तर्गत धारण गरिने तथा करारमा उल्लेखित शर्तहरुले साँवा वा ब्याज वा दुवै नगद प्रवाह दिने वित्तीय सम्पत्तिहरुलाई उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्तिमा वर्गिकरण गरिनेछ । सो मध्ये सुरुवाती पहिचानमा नै पुँजीगत उपकरणमा भएको लगानीको उचित मूल्यमा हुने परिवर्तनलाई अन्य विस्तृत आयमार्फत् प्रस्तुत गर्ने गरी निर्धारण गरिएका वित्तीय सम्पत्तिलाई अन्य विस्तृत आयमार्फत् उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्तिमा वर्गिकरण गरिनेछ । यस्ता सम्पत्तिको उचित मूल्यमा भएको पछिल्लो परिवर्तनहरु अन्य विस्तृत आय खातामा समावेस गरिनेछ ।

**नाफा वा नोक्सानमार्फत् उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति (Financial assets measured at fair value through profit or loss):** करारजन्य नगद प्रवाह प्राप्त गर्न वा बिक्री गर्न धारण गर्ने उद्देश्य भएको व्यावसायिक ढाँचाअन्तर्गत धारण गरिने तथा करारमा उल्लेखित शर्तहरुले साँवा वा ब्याज वा दुवै नगद प्रवाह दिने वित्तीय सम्पत्तिहरुलाई उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्तिमा वर्गिकरण गरिनेछ । सो मध्ये व्यापारको लागि धारण गरिएका वित्तीय सम्पत्तिहरु नाफा वा नोक्सानमार्फत् उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति अन्तर्गत वर्गिकरण गरिनेछ । यस्ता सम्पत्तिको उचित मूल्यमा भएको पछिल्लो परिवर्तनहरु नाफा वा नोक्सान खातामा समावेस गरिनेछ ।

**ख)वित्तीय दायित्व (Financial Liabilities)**

वित्तीय दायित्व अन्तर्गत सामान्यतया अन्य संस्थालाई नगद वा अन्य वित्तीय सम्पत्ति प्रदान गर्ने दायित्व, कोषलाई हानी हुने गरी वित्तीय सम्पत्ति वा दायित्वको आदानप्रदानको अधिकार आदि पर्दछन् । सबै वित्तीय दायित्वहरुलाई सामान्यतया परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वमा वर्गिकरण गरिनेछ ।

**(ग) पुनःवर्गिकरण (Reclassification)**

वित्तीय सम्पत्तिहरु व्यवस्थापन गर्ने व्यावसायिक ढाँचा परिवर्तन भएमा मात्र सो परिवर्तनले असर गर्ने सम्पूर्ण वित्तीय सम्पत्तिहरुलाई पुनःवर्गिकरण गरिनेछ । वित्तीय दायित्वलाई पुनःवर्गिकरण गरिनेछैन । पुनःवर्गिकरण गर्दा निम्नअनुसार गरिनेछ :

१. परिशोधित लागतबाट नाफा वा नोक्सान मार्फत उचित मूल्यमा : पुनःवर्गिकरण मितिमा उचित मूल्य मापन गरी फरक रकमलाई नाफा वा नोक्सान विवरणमा लेखाङ्कन गर्ने ।

२. नोक्सान मार्फत उचित मूल्यबाट परिशोधित लागतमाः पुनःवर्गिकरण मितिको उचित मूल्य उक्त सम्पत्तिको अघि सारिएको रकम (Carrying Amount) हुनेछ । तत्पश्चात, उक्त सम्पत्तिको प्रभावकारी व्याज तथा अपेक्षित वित्तीय नोक्सानी (Expectd Credit loss) को हिसाब गर्ने ।

३. परिशोधन लागतबाट अन्य विस्तृत आय मार्फत उचित मूल्यमा : पुनःवर्गिकरण मितिमा उचित मूल्य मापन गरी फरक रकमलाई अन्य विस्तृत आयमा लेखाङ्कन गर्ने, यसले प्रभावकारी व्याज तथा अपेक्षित वित्तीय नोक्सानीमा परिवर्तन नहुने ।

४. अन्य विस्तृत आय मार्फत उचित मूल्यबाट परिशोधन लागतमाः पुनःवर्गिकरण मितिको उचित मूल्यमा सो सम्पत्तिको हालसम्मको संचित उचित मूल्यको असरलाई समायोजन गरी लेखाङ्कन गर्ने ।

५. नाफा वा नोक्सान मार्फत उचित मूल्यबाट अन्य विस्तृत आय मार्फत उचित मूल्यमाः उचित मूल्य कायम नै रहने, अन्य समायोजन आवश्यक नहुने तर यसले प्रभावकारी व्याज तथा अपेक्षित वित्तीय नोक्सानीमा परिवर्तन हुन सक्ने ।

६. अन्य विस्तृत आय मार्फत उचित मूल्यबाट नाफा वा नोक्सान मार्फत उचित मूल्यमाः उचित मूल्य कायम नै रहने, हालसम्मको संचित उचित मूल्यको असरलाई पुनःवर्गीकरणको रुपमा नाफा नोक्सान हिसाबमा समावेश गर्ने ।

**३) मापन (Measurement)**

**प्रारम्भिक पहिचानमा मापन (Measurement at initial recognition):** वित्तीय सम्पत्ति तथा दायित्वहरुको प्रारम्भिक मूल्याङ्कन उचित मूल्यमा गरिनेछ । जुन वित्तीय सम्पत्ति वा दायित्व नाफा वा नोक्सान मार्फत उचित मूल्यमा वर्गिकरण गरिंदैन, त्यस्ता वित्तीय सम्पत्ति वा दायित्वको प्राप्तिसँग प्रत्यक्ष सम्बन्धित कारोबार लागतहरु सो वित्तीय सम्पत्ति वा दायित्वको उचित मुल्यमा समावेश गरिनेछ । वित्तीय सम्पत्ति तथा दायित्वहरुको प्राप्ति, निष्काशन वा निसर्ग आदिसँग प्रत्यक्ष रुपमा सम्बन्धित थप लागतहरुलाई कारोबार लागत मानिनेछ । यस्ता थप लागत सो वित्तीय सम्पत्ति वा दायित्व प्राप्ति, निष्काशन वा निसर्ग नगरेको भए खर्च गरिरहनु नपर्ने हुन्छ ।

**पछिल्लो मापन (Subsequent measurement) :**

**परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्ति वा दायित्व (Financial assets or liabilities measured at amortized cost) :** वित्तीय सम्पत्ति वा दायित्वको प्रारम्भिक मापनको रकममा साँवा फिर्ता रकम घटाई, प्रभावकारी व्याज विधि (Effective interest method) बाट मापन गरिएको प्रारम्भिक रकम र अन्तिम रकम (Maturity amount) को फरकको सञ्चित परिशोधन (Cumulative amortization) जोडी

वा घटाई आउने रकममा व्यवस्था लेखा (Allowance account) मार्फत क्षयीकरण नोक्सानी वा असुल हुन नसक्ने वापतको रकम घटाएपछिको रकम अर्थात वित्तीय सम्पत्ति तथा दायित्वको परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्ति वा दायित्वको रुपमा वर्गिकरण गरिएको वित्तीय सम्पत्ति वा दायित्वको पछिल्लो मापन गरिनेछ । वित्तीय सम्पत्ति वा दायित्वको परिशोधिन तथा डि-रिकग्निसनको क्रममा हुने लाभ वा हानीलाई नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ ।

**उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति (Financial assets measured at fair value):** अन्य विस्तृत आय अथवा नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति उचित मूल्यमा पछिल्लो मापन गरिनेछ । वर्तमान बजारको अवस्थामा मापन गर्ने दिनमा बजारमा सहभागी व्यक्तिहरु बीचको सामान्य कारोबार (Orderly transaction) मा सम्पत्ति बिक्रीबाट प्राप्त हुने रकम वा दायित्व नामसारीमा भुक्तानी गर्नुपर्ने रकम नै उचित मूल्य हो । बजार अभाव भएको अवस्थामा आफ्नो पहुँच भएको सबैभन्दा फाइदाजनक बजारको मूल्य नै उचित मूल्य हो । वित्तीय उपकरणको उचित मूल्यको उत्तम प्रमाण भनेको उक्त उपकरणको कारोबार मूल्य हो । यदि वित्तीय सम्पत्तिको प्रारम्भिक पहिचानको क्रममा कारोबार रकम र उचित मूल्य फरक रहेको छ तथा उचित मूल्यको निर्धारणको लागि सक्रिय बजारमा उद्धृत मूल्य (Quoted price) रहेको वा प्रासंगिक कारकहरु (Observable inputs) लाई मध्यनजर गर्दै अन्य मूल्याङ्कन विधिबाट मूल्याङ्कन गरिएको भएमा सो फरक रकमलाई तत्काल नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ । अन्यथा कारोबार रकम र उचित मूल्य बीचको फरक रकमलाई स्थगन गर्ने गरी उचित मूल्यमा उपकरणको मापन गरिनेछ । उक्त फरक रकमलाई सो वित्तीय उपकरणको अवधिभरमा नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ ।

**प्रभावकारी ब्याज विधि (Effective interest method):**

प्रभावकारी ब्याजदर (Effective interest rate) भन्नाले त्यस्तो ब्याजदरलाई जनाउछ जसले वित्तीय उपकरणको अपेक्षित जीवन वा सो भन्दा छोटो अवधि (जब सही हुन्छ) भित्र हुने भविष्यको अनुमानित नगद भुक्तानी वा प्राप्तिलाई ठ्याक्कै वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको खूद किताबी रकम (Net carrying amount) बराबर हुने गरी वट्टा (Discount) गर्दछ । प्रभावकारी ब्याजदरको गणना गर्दा वित्तीय उपकरणको सबै करारीय व्यवस्थाहरुलाई आधार लिईनेछ तर भविष्यमा हुनसक्ने वित्तीय नोक्सानी (Credit risk) लाई आधार लिईनेछैन । सो गणनामा अर्थपूर्ण (Significant)हुने प्राप्त गरिएको वा भुक्तानी गरिएको शुल्क तथा विन्दुहरु (जुन प्रभावकारी ब्याजदरको अविछिन्न भाग हुन्छ), कारोबार लागत तथा अन्य सबै प्रिमियम वा डिस्काउन्ट समावेश गरिनेछ । वित्तीय उपकरण वा सोको समूहबाट हुने नगद प्रवाह तथा अपेक्षित जीवन विश्वसनीय ढंगबाट अनुमान गर्न सकिएमा सोही आधारमा, अन्यथा सो वित्तीय उपकरण वा सोको समूहको करार अवधिभित्र हुने करारजन्य नगद प्रवाहलाई आधार लिई प्रभावकारी ब्याजदर गणना गरिनेछ ।

सो गणनामा कोषको व्यवस्थापनले निश्चित रकमभन्दा बढीको ऋण रकममा मात्र प्राप्त गरेको शुल्कलाई परिशोधन लागतको हिसाबमा समावेश गर्ने गरी निर्णय लिन सक्नेछ ।

**वित्तीय सम्पत्तिको उचित मूल्याङ्कन (Fair valuation of financial assets):**

उपलब्ध भएसम्म वित्तीय उपकरणको उचित मूल्य सक्रिय बजार (Active market) को उद्धृत (Quoted) मूल्यलाई मानिनेछ । उपकरणको लगातार रुपमा कारोबार हुने बजारलाई सक्रिय बजार मानिनेछ । सक्रिय बजार नभएको अवस्थामा कोषले अवलोकन योग्य कारकहरु (Observable Inputs) को पहिचान तथा प्रयोग गरी उपयुक्त मूल्याङ्कन विधिहरु अबलम्बन गरी उचित मूल्यको निर्धारण गर्नु पर्दछ । यी विधिहरुलाई चाहिने कारकहरु (Inputs) सम्भव भए सम्म अवलोकन गर्न सकिने बजार तथ्याङ्कबाट लिइनेछ । यस प्रकृया अर्न्तगत भविष्यमा अपेक्षित नगद प्रवाह निर्धारण गर्ने र प्रतिवेदन मिति सम्म वट्टा (Discount) गर्नु पर्दछ । भविष्यमा अपेक्षित नगद प्रवाह बजार तथ्याङ्कको मान्यता (assumption) मा भर पर्दछ । त्यसैले उचित मूल्यको अनुमान फरक पर्ने हुन सक्छ र बजारबाट अनुभूत (Realizable) नहुन सक्छ । कोषले निम्न उचित मूल्य पदानुक्रम (Fair value hierarchy) अनुसार उचित मूल्य मापन गर्नेछ ।

स्तर-१ः-समान (Identical)उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्यहरु ।

स्तर-२:-अवलोकन योग्य कारकहरुको आधारमा या त प्रत्यक्ष वा परोक्ष रुपमा मूल्य निर्धारण विधि । यस वर्ग अर्न्तगत उपकरणहरुको मूल्य निम्न तरिकाहरु प्रयोग गरी निर्धारण गरिनेछ -

(क) समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्य वा

(ख) सक्रिय बजार भन्दा कम मानिने बजारहरुमा समान वा उस्तै (Similar)उपकरणका लागि उद्धृत मूल्य वा

(ग) अन्य मूल्य निर्धारण विधिहरु जहाँ सबै महत्वपूर्ण कारकहरु प्रत्यक्ष वा परोक्ष रुपमा बजार तथ्याङ्कबाट निरीक्षण गर्न सकिन्छ ।

स्तर-३:- अवलोकन गर्न नसकिने महत्पूर्ण कारकहरु (Signficant unobservable inputs)प्रयोग गरिने मूल्य निर्धारण विधि ।यस वर्ग अर्न्तगत कोषलाई उपलब्ध आन्तरिक तथा अन्य राम्रो तथ्याङ्कलाई आधार लिएर मूल्य निर्धारण गरिने उपकरणहरु पर्नेछन । यस अन्तर्गत मूल्याङ्कन गर्दा महत्वपूर्ण अवलोकन गर्न नसकिने समायोजन (adjustment) वा मान्यता (assumption) तय गरिनेछ ।

## ४) ब्याज आम्दानी (Interest Income)

वित्तीय सम्पत्तिबाट प्राप्त हुने ब्याज आम्दानीलाई प्रभावकारी ब्याजदर विधिले गणना गरिनेछ । खरिद गरिएको वा सुरुवातमै साख क्षय (Purchased or originated credit impaired) भएको वित्तीय सम्पत्ति र पछिल्लो समयमा साख क्षय (Subsequently credit impaired) भएको वित्तीय सम्पत्तिबाहेकका वित्तीय सम्पत्तिहरुको ब्याज आम्दानी गणना त्यस्तो सम्पत्तिको कुल किताबी रकम(Gross carrying amount) मा प्रभावकारी ब्याजदर प्रयोग गरिनु पर्दछ । खरिद गरिएको वा सुरुवातमै साख क्षय भएको वित्तीय सम्पत्तिको हकमा त्यस्तो सम्पत्तिको परिशोधित लागतमा साख समायोजन गरिएको प्रभावकारी ब्याजदर प्रयोग गरी ब्याज आम्दानी गणना गर्नु पर्दछ । पछिल्लो समयमा साख क्षय भएको वित्तीय सम्पत्तिको हकमा त्यस्तो सम्पत्तिको परिशोधित लागतमा प्रभावकारी ब्याजदर प्रयोग गरी ब्याज आम्दानी गणना गर्नु पर्दछ । त्यसरी ब्याज आम्दानी गणना गरिएपछिको समयमा पछिल्लो समयमा साख क्षयीकरण भएको वित्तीय सम्पत्तिको कर्जा जोखिममा सुधार भई साख क्षयीकरण भएको वित्तीय सम्पत्तिको रुपमा नरहेमा त्यस्तो वित्तीय सम्पत्तिको कुल किताबी रकममा प्रभावकारी ब्याजदर प्रयोग गरी ब्याज आम्दानी गणना गर्नु पर्दछ ।

**५) क्षयीकरण (Impairment) :**

वित्तीय सम्पत्तिमा अपेक्षित कर्जा नोक्सानी (Expected credit loss) विधि अनुसार क्षयीकरण नोक्सानीको हिसाब गरिनेछ । पहिलो मापन पछिको मापनमा वित्तीय सम्पत्तिको गुणस्तरमा भएको परिवर्तन अनुसार तीन तह मोडेलमा क्षयीकरण नोक्सानीको परीक्षण तथा मापन गरिनेछ ।




**तह १:** यस अन्तर्गत त्यस्ता सम्पत्तिहरु पर्दछन् जसको कर्जा जोखिम (Credit risk) पहिलोपल्ट सम्पत्ति मापन गर्दाको अवस्थाबाट अर्थपूर्ण रुपमा वृद्धि (Significant increase) भएको हुँदैन । यस्ता सम्पत्तिहरुको क्षयीकरण नोक्सानीले प्रतिवेदन मितिको १२ महिना भित्रमा हुन सक्ने नोक्सानीलाई प्रतिविम्वित गर्दछ । नोक्सानीको सम्भावना (Probability of default) को समेतको आधारमा यस्तो नोक्सानीको मापन गरिनेछ ।

यस्तो वित्तीय सम्पत्तिमा सम्पत्तिको कुल अघि सारिएको रकम (Gross carrying amount) मा ब्याज आम्दानीको हिसाब गरिनेछ ।

**तह २:** यस अन्तर्गत त्यस्ता सम्पत्तिहरु पर्दछन् जसको कर्जा जोखिम (Credit risk) पहिलोपल्ट सम्पत्ति मापन गर्दाको अवस्थाबाट अर्थपूर्ण रुपमा वृद्धि (Significant increase) भएको हुन्छ, तथापि क्षयीकरण भएको जनाउने वस्तुगत प्रमाण (Objective Evidence) रहेको हुँदैन । यस्ता सम्पत्तिहरुको क्षयीकरण नोक्सानीले सम्पत्तिको जीवन (अवधि) भरमा हुन सक्ने नोक्सानीलाई प्रतिविम्वित गर्दछ । सम्पत्तिको भारित नोक्सानीको सम्भावना समेतको आधारमा यस्तो नोक्सानीको मापन गरिनेछ, जसमा भारको रुपमा नोक्सानीको सम्भावना (Probability of default) लाई समावेश गरिनेछ ।

यस्तो वित्तीय सम्पत्तिमा सम्पत्तिको कुल अघि सारिएको रकम (Gross carrying amount) मा व्याज आम्दानीको हिसाब गरिनेछ ।

**तह३:** यस अन्तर्गत क्षयीकरण भएको जनाउने वस्तुगत प्रमाण (Objective evidence) रहेका सम्पत्तिहरु अर्थात पछिल्लो समययमा साख क्षय भएको वित्तीय सम्पत्तिहरु पर्दछन् । यस्ता सम्पत्तिहरुको क्षयीकरण नोक्सानीले सम्पत्तिको जीवन (अवधि) भरमा हुन सक्ने नोक्सानीलाई प्रतिविम्वित गर्दछ ।

यस्तो वित्तीय सम्पत्तिमा सम्पत्तिको क्षयीकरण नोक्सानी पछिको खुद अघि सारिएको रकम (Net carrying amount after impairment loss) मा व्याज आम्दानीको हिसाब गरिन्छ ।

वित्तीय सम्पत्ति वा सोको समूह क्षय भएको वस्तुगत प्रमाणहरुमा निम्न नोक्सानजन्य घटनाहरु (Loss events) सँग सम्बद्ध अवलोकन गर्न सकिने तथ्यांक (Observale data) समावेश हुन्छन् :

- ऋणपत्रको निष्काशनकर्ता वा कर्जा लिने व्यक्ति उल्लेखनीय रुपमा वित्तीय संकटमा परेमा,
- कोषले विरलै गर्ने किसिमले कुनै कर्जाको पुनर्संरचना गरेमा,
- करारको पालना नभएमा जस्तैः ऋणीले कर्जाको साँवा वा ब्याज भुक्तानी गर्न चुकेमा (Default),
- ऋणी टाट पल्टने देखिएमा,
- वित्तीय संकटको कारणले सम्पत्तिको (जस्तै धितोपत्रको) सक्रिय बजार कायम नरहेमा,
- वित्तीय सम्पत्तिको समूहको भुक्तानीको अवस्थामा प्रतिकुल परिवर्तन भएमा,
- राष्ट्रिय वा क्षेत्रगत आर्थिक वातावरणमा भएको परिवर्तन समूहमा रहेको सम्पत्तिको भुक्तानी चुकाई (Default) सँग सम्बद्ध भएमा ।

यदि पछिल्लो अवधिमा क्षयीकरण नोक्सान कम भई त्यस्तो कमी क्षयीकरण नोक्सानी पहिचान पछिको घटनासँग वस्तुगत रुपमा सम्बन्धित हुन्छ भने पहिले पहिचान गरिएको क्षयीकरण नोक्सानीलाई व्यवस्था खातामा समायोजन गरी फिर्ता गरिनेछ । यसरी फिर्ता गरिएको नोक्सानी फिर्ता सो नोक्सानी फिर्ता गर्न अघि कायम रहेको सम्बन्धित वित्तीय सम्पत्तिको परिशोधित लागतभन्दा बढी किताबी रकम कायम हुने गरी हुने छैन । फिर्ता गरिएको क्षयीकरण नोक्सानीलाई नाफा वा नोक्सान खातामा आम्दानी जनाईनेछ ।

| **नेपाल लेखामानअनुसार गणना गरिएको क्षयीकरण** | **रकम रु** |
|---|---:|
| सञ्चयकर्तालाई कर्जा तथा सापटी | १,५६८,५९५,५४५ |
| परियोजना तथा संगठित संस्थाहरुलाई कर्जा तथा सापटी | २,७९३,६६६,६८६ |
| **जम्मा** | ४,३६२,२६२,२३१ |

| **विगतको लगानी नीति अनुसार गणना गरिएको क्षयीकरण** | **रकम रु** |
|---|---:|
| सञ्चयकर्तालाई कर्जा तथा सापटी | ७,१२६,३४४,३५१ |
| परियोजना तथा संगठित संस्थाहरुलाई कर्जा तथा सापटी | १०,५८०,०६२,५१० |
| **जम्मा** | **१७,७०६,४०६,८६१** |

### ६) डि-रिकग्निसन (De-recognition)

वित्तीय सम्पत्तिबाट हुने नगद प्रवाह प्राप्त गर्ने करारजन्य अधिकार समाप्त भएमा वा त्यस्तो नगद प्रवाह प्रभावकारी रुपमा हस्तान्तरण हुने गरी वित्तीय सम्पत्ति हस्तान्तरण गरिएमा वित्तीय सम्पत्तिलाई डि-रिकग्नाइज गरिनेछ । त्यसैगरी वित्तीय दायित्वको करारमा उल्लेख गरिएको जिम्मेवारी पूरा गरिएमा वा खारेज गरिएमा वा समाप्त भएमा वित्तीय दायित्वलाई डि-रिकग्नाइज गरिनेछ ।

## ३.४ नगद वा नगद समान (Cash and cash equivalents)

नगद र नगद समान भन्नाले नगद, बैंक तथा वित्तीय संस्थामा रहेको चालु/माग (Current/Call) खातामा रहेको निक्षेप तथा तत्काल नगदमा परिणत गर्न सकिने र मूल्य परिवर्तनको अत्यन्त कम जोखिम रहेको छोटो अवधिकोअत्याधिक तरल लगानीलाई जनाउँनेछ । तेस्रो वर्गमा खरिद गरेको अथवा प्लेसमेन्ट (Placement)गरिएको समय पश्चात तीन महिना वा सोभन्दा कम अवधिमा परिपक्व (Mature) हुने मौद्रिक उपकरण (Monetary instruments) अथवा प्लेसमेन्ट पर्दछ । नगद वा नगद समानको लेखा नीति परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिको रुपमा हुनेछ ।

## ३.५ बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात (Balances at Banks and Financial Institutions)

बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात भन्नाले बैंक तथा वित्तीय संस्थामा निश्चित अवधिको लागि मुद्दति (Fixed) खातामा राखिएको निक्षेपलाई जनाउँनेछ । बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातको लेखा नीति परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिको रुपमा हुनेछ ।

## ३.६ व्यापारिक प्रकृतिका सम्पत्तिहरु (Trading assets)

कोषले सैद्धान्तिकरुपमा बिक्री वा निकट भविष्यमा पुनः खरिद गर्ने वा छोटो समयमा नाफा कमाउने उद्देश्यले तय गरिएको पोर्टफोलियो (Portolio) को भागको रुपमा स्थिति लिने (Holding)मनसायले धारण गरेका सम्पत्तिलाई व्यापारिक प्रकृतिका सम्पत्तिहरु अन्तर्गत वर्गिकरणगरिनेछ । यस अन्तर्गत राष्ट्रिय तथा अन्तराष्ट्रिय संगठित संस्थाहरुको शेयर तथा डिबेञ्चर, नेपाल सरकार वा विदेशी सरकारले जारी गरेको ऋणपत्र, बचतपत्र तथा ट्रेजरी बिल्स, नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, बचतपत्र तथा ट्रेजरी बिल्स आदिमा उपर्युक्त उद्देश्यले गरिएको लगानी पर्दछन् ।व्यापारिक प्रकृतिका सम्पत्तिहरु नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्तिको रुपमा लेखाङ्कनहुनेछ ।

## ३.७ कर्जा तथा सापटी (Loans and advances)

निश्चित वा दृश्यात्मक (Determinable)भुक्तानी हुने तथा सक्रिय बजारमा उद्धृत नहुने नन् डेरिभेटिभ (Non derivative) वित्तीय सम्पत्तिलाई कर्जा तथा सापटीमा वर्गिकरणगरिनेछ । यसमा सञ्चयकर्ता, परियोजना तथा संगठित संस्था र कर्मचारीहरुलाई प्रदान गरिएको कर्जा तथा सापटी पर्दछन् । कर्जा तथा सापटीको लेखा नीति परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिको रुपमा हुनेछ ।

## ३.८ धितोपत्रमा लगानी (Investment in securities)

धितोपत्रमा लगानी अन्तर्गत राष्ट्रिय तथा अन्तराष्ट्रिय संगठित संस्थाहरुको शेयर तथा डिबेञ्चर, नेपाल सरकार वा विदेशी सरकारले जारी गरेको ऋणपत्र, बचतपत्र तथा ट्रेजरी बिल्स, नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, बचतपत्र तथा ट्रेजरी बिल्स आदिमा गरिएको दीर्घकालीन लगानीलाई जनाउनेछ । राष्ट्रिय तथा अन्तराष्ट्रिय संगठीत संस्थाहरुको शेयरमा गरिएको दीर्घकालीन  लगानी अन्य विस्तृत आयमार्फत उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्तिको रुपमा लेखाङ्कनहुनेछ । राष्ट्रिय तथा अन्तराष्ट्रिय संगठित संस्थाहरुको डिबेञ्चर, नेपाल सरकार वा विदेशी सरकारले जारी गरेको ऋणपत्र, बचतपत्र तथा ट्रेजरी बिल्स, नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, बचतपत्र तथा ट्रेजरी बिल्स आदिमा गरिएको दीर्घकालीन  लगानी परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिको रुपमा लेखाङ्कनहुनेछ । कोषले शेयरमा लगानी गरेको मध्ये अधिकांश लगानी संस्थापक शेयरमा रहेको छ ।

### ३.९ अन्य वित्तीय सम्पत्ति (Other Financial assets)

आसामी (Sundry debtors), कोषले दिएको पेश्की, धरौटी जस्ता सम्पत्तिहरुलाई अन्य वित्तीय सम्पत्तिको रुपमा वर्गिकरणगरिनेछ । अन्य वित्तीय सम्पत्ति परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिको रुपमा लेखाङ्कन हुनेछ ।

### ३.१० वित्तीय दायित्व (Financial liabilities)

तिर्नुपर्ने हिसाबहरु (Sundry creditors), कोषले लिएको पेश्की, धरौटी जस्ता दायित्वहरुलाई वित्तीय दायित्वको रुपमा वर्गिकरणगरिनेछ । वित्तीय दायित्वको लेखा नीति परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वको रुपमा हुनेछ ।

### ३.११ सम्पत्तिहरुमा लगानी (Investment property)

भाडा प्राप्त गर्न वा पुँजिगत बढोत्तरीको लागि धारण गरिएका जग्गा, भवन, भवन वा जग्गा तथा भवनको भागलाई सम्पत्तिहरुमा लगानीको रुपमा लेखाङ्कन गरिनेछ । लगानी सम्पत्तिको प्रारम्भिक मापन लागत रकममा गरिनेछ । लागत रकममा सम्पत्तिको खरिद मूल्य तथा सोको खरिद वा निर्माणसँग प्रत्यक्ष सम्बन्धित खर्चहरु समावेश गरिनेछ । सम्पत्तिमा पछि गरिएका खर्चहरुले भविष्यमा प्राप्त हुने आयमा बृद्धिहुने भएमा उक्त खर्चलाई पुँजीकरण गरिनेछ । निरन्तर हुने साधारण मर्मत खर्चहरु नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ । यस्ता सम्पत्तिहरुलाई पछिल्लो समयमा लागत रकममा सञ्चित ह्रासकट्टी रकम (Accumulated Depreciation) र सञ्चित हानी भएको रकम (Accumulated impairment loss) घटाई वित्तीय विवरणमा जनाईनेछ ।

यस्ता सम्पत्तिहरुको ह्रासयोग्य रकम (Depreciable amount), उपयोगी आयु (Useful life) तथा ती सम्पत्तिबाट प्राप्त हुने आर्थिक लाभको खपतको अनुमानको आधारमा ह्रासकट्टी विधि (Depreciation method) प्रयोग गरी ह्रासकट्टी खर्चलाई नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ । प्रत्येक आर्थिक वर्षको अन्त्यमा यस्ता सम्पत्तिको अन्तिम मूल्य (Residual value), उपयोगी आयु तथा ह्रासकट्टी तरिका पुनरावलोकन गरिनेछ ।

प्रत्येक प्रतिवेदन अवधिको अन्त्यमा कुनै सम्पत्तिमा हानी (Impaired) भएको संकेत (Indicator)भए वा नभएको जाँच गरिनेछ । यदि त्यस्तो संकेत भएमा त्यस्तो सम्पत्तिको असूल हुने रकम (Recoverable amount)अनुमान गरिनेछ । असूल हुने रकमले कुनै सम्पत्तिको उचित मूल्यमा त्यस्तो सम्पत्ति निसर्ग गर्दा प्रत्यक्ष सम्बन्धित हुने खर्च घटाई आएको रकम (Fair value less cost of disposal)वा सो सम्पत्तिबाट लिन सकिने अपेक्षाकृत भावी नगद प्रवाहको पट्टा (Discount) गरिएको रकम (Value in use)मध्ये जुन बढी हुन्छ त्यही रकमलाई जनाउनेछ । यदि कुनै सम्पत्तिको किताबी रकम सोको असूल हुने रकमभन्दा बढी भएमा त्यस्तो बढी भएको रकमलाई हानी भएको रकम (Impairment loss) मानिनेछ । हानी भएको रकम बराबर सम्पत्तिको किताबी रकम घटाई हानी भएको रकमलाई तत्काल नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ । त्यस्तो हानी भएको रकमको लेखाङ्कन पश्चात सम्बन्धित सम्पत्तिको ह्रासकट्टी रकमलाई सम्पत्तिको नयाँ किताबी रकमको आधारमा समायोजन गरिनेछ । यदि पछिल्लो समयमा असूल हुने रकम अनुमान गर्न प्रयोग भएको अनुमानहरुमा परिवर्तन भई पहिले हानी भएको रकम फिर्ता भएको निर्धारण भएमा त्यस्तो सम्पत्तिको किताबी रकमलाई पहिला हानी भएको रकम लेखाङ्कन भएसम्म नयाँ अनुमान गरिएको असूल हुने रकममा बढाईनेछ । यसरी फिर्ता गरिएको हानी भएको रकमलाई नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ ।

यस्ता सम्पत्तिहरुको निसर्ग गरेपछि वा प्रयोगबाट सधैंको लागि हटाई सो सम्पत्तिबाट भविष्यमा कुनै आर्थिक लाभ प्राप्त नहुने अपेक्षा गरिएमा कोषको लेखाबाट त्यस्तो सम्पत्तिलाई डि-रिकग्नाइज गरिनेछ । त्यस्तो सम्पत्तिको निसर्गबाट प्राप्त भएको खुद रकम र सोको किताबी रकमको फरकलाई नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ ।

### ३.१२ सम्पत्ति तथा उपकरण (Property and equipment)

एक आर्थिक वर्षभन्दा बढी प्रयोग गरिने अपेक्षा गरी सेवा प्रवाह गर्न वा प्रशासनिक प्रयोजनको लागि लिईएको भौतिक प्रकृतिको सम्पत्तिलाई सम्पत्ति तथा उपकरणमा वर्गिकरणगरिनेछ । सम्पत्ति तथा उपकरणको प्रारम्भिक मापन लागत रकममा गरिनेछ । लागत रकममा सम्पत्तिको खरिद मूल्य तथा सोको खरिद वा निर्माणसँग प्रत्यक्ष सम्बन्धित खर्चहरु समावेश गरिनेछ ।प्रारम्भिक मापन पछिको मापन समेत लागतमा र सम्पत्तिमा पछि गरिएका

खर्चहरुले भविष्यमा प्राप्त हुने आयमा बृद्धिहुने भएमा उक्त खर्चलाई पुंजीकरण गरिनेछ । रु.३ हजार भन्दा कम लागत रकम भएको सम्पत्तिलाई पूँजीकृत नगरी खरिद गरिएको वर्षमा नै खर्चको रुपमा लेखाङ्कन गरिनेछ ।सम्पत्तिको प्राप्तिपछि निरन्तर हुने साधारण मर्मत खर्चहरु नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ । यदि कोषको आर्थिक लाभमा बृद्धिहुने गरी सम्पत्तिको कुनै भाग प्रतिस्थापन भएमा त्यस्तो नयाँ भागको लागत रकमलाई सो सम्पत्तिको लागत रकममा जोडिनेछ । तर त्यसरी प्रतिस्थापित भएको भागको किताबी रकम (Carrying amount) डि-रिकग्नाइज गरिनेछ । सम्पत्ति तथा उपकरणलाई पछिल्लो समयमा लागत रकममा सञ्चित ह्रासकट्टी रकम (Accumulated Depreciation) र सञ्चित हानी भएको रकम (Accumulated impairment loss) घटाई वित्तीय विवरणमा जनाईनेछ ।

फरक प्रकृति तथा आयु हुने सम्पत्तिका मुख्य भागहरुलाई फरक रुपमा पहिचान गरी लेखाङ्कन तथा ह्रासकट्टी गरिनेछ । कोषले प्राप्त गरेको सम्पत्तिको प्रकृति तथा प्रयोगको आधारमा सम्पत्ति तथा उपकरणको वर्गिकरणगरी छुट्टाछुट्टै लेखाङ्कन गरिनेछ । जस्तैः जग्गा, भवन, सवारी साधन, कम्प्युटर उपकरण, कार्यालय उपकरण, फर्निचर फिक्स्चर तथा फर्निसिङ्ग, निर्माणाधीन सम्पत्ति आदि ।

यस्ता सम्पत्तिहरुको ह्रासयोग्य रकम (Depreciable amount), उपयोगी आयु (Useful life) तथा ती सम्पत्तिबाट प्राप्त हुने आर्थिक लाभको खपतको अनुमानको आधारमा ह्रासकट्टी विधि (Depreciation method) प्रयोग गरी ह्रासकट्टी खर्चलाई नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ । प्रत्येक आर्थिक वर्षको अन्त्यमा यस्ता सम्पत्तिको अन्तिम मूल्य (Residual value), उपयोगी आयु तथा ह्रासकट्टी तरिका पुनरावलोकन गरिनेछ ।

प्रत्येक प्रतिवेदन अवधिको अन्त्यमा कुनै सम्पत्तिमा हानी (Impaired) भएको संकेत (Indicator)भए वा नभएको जाँच गरिनेछ । यदि त्यस्तो संकेत भएमा त्यस्तो सम्पत्तिको असूल हुने रकम (Recoverable amount) अनुमान गरिनेछ । असूल हुने रकमले कुनै सम्पत्तिको उचित मूल्यमा त्यस्तो सम्पत्ति निसर्ग गर्दा प्रत्यक्ष सम्बन्धित हुने खर्च घटाई आएको रकम (Fair value less cost of disposal)वा सो सम्पत्तिबाट लिन सकिने अपेक्षाकृत भावी नगद प्रवाहको पट्टा (Discount)गरिएको रकम (Value in use)मध्ये जुन बढी हुन्छ त्यही रकमलाई जनाउनेछ । यदि कुनै सम्पत्तिको किताबी रकम सोको असूल हुने रकमभन्दा बढी भएमा त्यस्तो बढी भएको रकमलाई हानी भएको रकम (Impairment loss) मानिनेछ । हानी भएको रकम बराबर सम्पत्तिको किताबी रकम घटाई हानी भएको रकमलाई तत्काल नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ । त्यस्तो हानी भएको रकमको लेखाङ्कन पश्चात सम्बन्धित सम्पत्तिको ह्रासकट्टी रकमलाई सम्पत्तिको नयाँ किताबी रकमको आधारमा समायोजन गरिनेछ । यदि पछिल्लो समयमा असूल हुने रकम अनुमान गर्न प्रयोग भएको अनुमानहरुमा परिवर्तन भई पहिले हानी भएको रकम फिर्ता भएको निर्धारण भएमा त्यस्तो सम्पत्तिको किताबी रकमलाई पहिला हानी भएको रकम लेखाङ्कन भएसम्म नयाँ अनुमान गरिएको असूल हुने रकममा बढाईनेछ । यसरी फिर्ता गरिएको हानी भएको रकमलाई नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ ।

यस्ता सम्पत्तिहरुको निसर्ग गरिपछि वा प्रयोगबाट सधैको लागि हटाई सो सम्पत्तिबाट भविष्यमा कुनै आर्थिक लाभ प्राप्त नहुने अपेक्षा गरिएमा कोषको लेखाबाट त्यस्तो सम्पत्तिलाई डि-रिकग्नाइज गरिनेछ । त्यस्तो सम्पत्तिको निसर्गबाट प्राप्त भएको खूद रकम र सोको किताबी रकमको फरकलाई नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ ।

कोषले आर्थिक वर्ष २०८१/८२ मा सम्पत्ति तथा उपकरणहरुको उपयोगी आयु र अवशिष्ट रकमको पुनर्नुमान गर्दा विगतको अनुमानमा समायोजन गर्नुपर्ने अवस्था देखिएको छैन । आयु र अवशिष्ट प्रतिशत निम्न अनुसार रहेको छ। सोही अनुसार वार्षिक रुपमा समदरमा ह्रासकट्टी गरिन्छ । जग्गाको ह्रासकट्टी गरिँदैन ।

| शीर्षक ASSET CATEGORY | अनुमानित आयु (वर्षमा) ESTIMATED LIFE (YEARS) | अवशिष्ट प्रतिशत RESIDUAL PERCENTAGE |
|---|---|---|
| भवन | ५० | १० |
| सवारी साधन | १० | ५ |
| कम्प्युटर उपकरण | ५ | ० |
| कार्यालय उपकरण | ५ देखि १५ | ३ |
| फर्निचर फिक्स्चर तथा फर्निसिङ | ५ | ३ |

### ३.१३ अमूर्त सम्पत्ति (Intangible asset)

करारजन्य हकहरुको माध्यमबाट प्राप्त भएको भौतिक अवस्थिति नभएको गैह्रमौद्रिक सम्पत्तिलाई अमुर्त सम्पत्तिको रुपमा लेखाङ्कन गरिनेछ । अमूर्त सम्पत्तिको प्रारम्भिक मापन लागत रकममा गरिनेछ । लागत रकममा सम्पत्तिको खरिद मूल्य तथा सोको खरिदसँग प्रत्यक्ष सम्बन्धित खर्चहरु समावेश गरिनेछ । सम्पत्तिमा पछि गरिएका खर्चहरुले भविष्यमा प्राप्त हुने आयमा वृद्धि हुने भएमा उक्त खर्चलाई पुँजिकरण गरिनेछ । सम्पत्तिको प्राप्तिपछि निरन्तर हुने साधारण मर्मत खर्चहरु नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ । अमूर्त सम्पत्तिलाई पछिल्लो समयमा लागत रकममा सञ्चित परिशोधन रकम (Accumulated Amortization) र सञ्चित हानी भएको रकम (Accumulated impairment loss) घटाई वित्तीय विवरणमा जनाईनेछ ।

सामान्यतया निश्चित आयु भएका अमूर्तसम्पत्तिलाई यी सम्पत्तिको अन्तिम मूल्य (Residual value) शून्य मानीकरार अवधि वा सो भन्दा कम अवधिमा ती सम्पत्तिबाट प्राप्त हुने आर्थिक लाभको खपतको अनुमानको आधारमा परिशोधन विधि (Amortization method)अपनाई परिशोधन गरी नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ ।

प्रत्येक प्रतिवेदन अवधिको अन्त्यमा कुनै सम्पत्तिमा हानी (Impaired) भएको संकेत (Indicator)भए वा नभएको जाँच गरिनेछ । यदि त्यस्तो संकेत भएमा त्यस्तो सम्पत्तिको क्षयीकरण सम्पत्ति तथा उपकरणको क्षयीकरण लेखा नीति अवलम्बन गरी निर्धारण र लेखाङ्कन गरिनेछ ।

यस्ता सम्पत्तिहरुको निसर्ग गरिपछि वा प्रयोगबाट सधैंको लागि हटाई सो सम्पत्तिबाट भविष्यमा कुनै आर्थिक लाभ प्राप्त नहुने अपेक्षा गरिएमा कोषको लेखाबाट त्यस्तो सम्पत्तिलाई डि-रिकग्नाइज गरिनेछ । त्यस्तो सम्पत्तिको निसर्गबाट प्राप्त भएको खूद रकम र सोको किताबी रकमको फरकलाई नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिनेछ ।

### ३.१४ जिन्सी सामान (Materials and Supplies)

कोषको सेवा प्रवाहको क्रममा खपत हुने सामानहरुलाई जिन्सी सामानको रुपमा लेखाङ्कन गरिनेछ । जिन्सी सामानको प्रारम्भिक मापन लागत रकममा गरिनेछ । लागत रकममा जिन्सी सामानको खरिद मूल्य तथा सोको खरिदसँग प्रत्यक्ष सम्बन्धित खर्चहरु समावेश गरिनेछ । जिन्सी सामानहरु खपतको लागि जारी गर्दा वा सोको अन्तिम मौज्दातको लागत तय गर्दा First in First out (FIFO)लागत विधिको आधारमा गर्नुपर्दछ । जिन्सी सामानलाई लागत रकम र खुद प्राप्त हुने मूल्य (Net realizable value) मध्ये जुन कम हुन्छ सोही रकम वित्तीय विवरणमा लिईनेछ । जिन्सी सामानको अन्तिम मौज्दातको लागतभन्दा खूद प्राप्त हुने मूल्य (Net realizable value) कम भई फरक भएको रकमलाई नाफा वा नोक्सान खातामा खर्च गरिनेछ । खूद प्राप्त हुने मूल्य भन्नाले सामान्य व्यावसायीक प्रक्रियामा अनुमानित बिक्री मूल्यमा कुनै सामानलाई बिक्रीको लागि तयार गर्न लाग्ने लागत र बिक्री गर्न आवश्यक अनुमानित लागत घटाई आउने रकमलाई बुझिनेछ । खपत भएको जिन्सी सामानको लागत रकमलाई नाफा नोक्सान खातामा खर्च लेखाङ्कन गरिनेछ ।

### ३.१५ सञ्चय कोष (Provident Fund)

सञ्चय कोष ऐन, २०१९ बमोजिम कोषमा प्राप्त भएको सञ्चय कोष योगदान रकममा हरेक वर्ष प्रदान गरिने व्याज तथा मुनाफा रकम जोडी हुन आउने रकम सञ्चय कोषको रुपमा लेखाङ्कन गरिनेछ । सञ्चय कोष योगदान रकमको लेखाङ्कन नगद प्राप्ति (अर्थात कोषको बैंक खातामा प्राप्त भएको) मितिको आधारमा गरिनेछ । कोषमा जम्मा भएको सञ्चय कोषमा व्याज प्रदान गर्दा नेपाली क्यालेण्डर अनुसार नगद प्राप्त मितिदेखि सञ्चय कोष रकम फिर्ता भुक्तानी हुनु भन्दा १ दिन अगाडिसम्मको दिन गन्तिको आधारमा व्याज गणना गरिनेछ । यसरी सञ्चय कोषमा प्रदान गरिएको व्याजलाई नाफा वा नोक्सान खातामा व्याज खर्च गरी सम्बन्धित सञ्चयकर्ताको सञ्चय कोष खातामा जम्मा गरिनेछ । कोषमा जम्मा भएको सञ्चय कोषमा मुनाफा प्रदान गर्दा मुनाफा घोषणा गरिएको आर्थिक वर्षको सुरु रकम (Opening balance) को आधारमा गणना गरिनेछ । सञ्चयकर्ताको सञ्चय कोषमा सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको सुरु मितिले ६ वर्षसम्म फिर्ता लिन नआएका सञ्चयकर्ताको सञ्चित रकम कर्मचारी

संचय कोष ऐन, २०१९ को दफा १५क को उपदफा (३क) बमोजिम छुट्टै खातामा जम्मा गरिनेछ । यस्तो रकममा व्याज तथा मुनाफा प्रदान गरिनेछैन ।

## ३.१६ निवृत्तभरण कोष (Pension Fund)

निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम कोषमा प्राप्त भएको निवृत्तभरण कोष योगदान रकममा हरेक वर्ष प्रदान गरिने व्याज तथा मुनाफा रकम जोडी हुन आउने रकम सञ्चय कोषको रुपमा लेखाङ्कन गरिनेछ । निवृत्तभरण कोष योगदान रकमको लेखाङ्कन नगद प्राप्ति (अर्थात कोषको बैंक खातामा प्राप्त भएको) मितिको आधारमा गरिनेछ । कोषमा जम्मा भएको निवृत्तभरण कोषमा व्याज प्रदान गर्दा नेपाली क्यालेण्डर अनुसार नगद प्राप्त मितिदेखि निवृत्तभरण कोष रकम फिर्ता भुक्तानी हुनु भन्दा १ दिन अगाडिसम्मको दिन गन्तिको आधारमा व्याज व्याज गणना गरिनेछ । यसरी निवृत्तभरण कोषमा प्रदान गरिएको व्याजलाई नाफा वा नोक्सान खातामा व्याज खर्च गरी सम्बन्धित योगदानकर्ताको निवृत्तभरण कोष खातामा जम्मा गरिनेछ । कोषमा जम्मा भएको निवृत्तभरण कोषमा मुनाफा प्रदान गर्दा मुनाफा घोषणा गरिएको आर्थिक वर्षको सुरु रकम (Opening balance) को आधारमा गणना गरिनेछ । निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम निवृत्तभरण कोष नियमावली, २०७६ को नियम ११ को उपनियम (५) बमोजिम योगदानकर्ताको निवृत्तभरण कोषमा सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको सुरु मितिले ६ वर्षसम्म फिर्ता लिन नआएका योगदानकर्ताको सञ्चित रकममा व्याज तथा मुनाफा प्रदान गरिनेछैन ।

## ३.१७ जगेडा तथा बचत (Reserve and Surplus)

मुनाफा रकमबाट विशेष प्रयोजनको लागि बाँडफाँड गरिएको रकम, बाँडफाँड पश्चात बाँकी रहेको रकम, अन्य विस्तृत आय मार्फत लेखाङ्कन गरिएको वित्तीय सम्पत्तिको उचित मूल्यमा भएको परिवर्तन तथा सम्पत्तिको पुनर्मूल्याङ्कन वापतको रकम आदिलाई जगेडा तथा बचतमा प्रकृति तथा उद्देश्य अनुसार वर्गीकरणगरी लेखाङ्कन गरिनेछ । जगेडाबाट हुने सबै प्रकारका खर्चलाई नगद भुक्तानी (Cash Basis)को आधारमा लेखाङ्कन गरिनेछ ।

## ३.१८ कर्मचारी सुविधा (Employee Benefit)

कर्मचारी सुविधा अन्तर्गत अल्पकालीन सुविधा (Short term benefits), सेवा पश्चातका कर्मचारी सुविधाहरु (Post employement benefits), अन्य दीर्घकालीन सुविधाहरु(Other long term benefits) तथा सेवा अन्त्य सुविधाहरु (Termination benefit)पर्दछन् ।

### (क) अल्पकालिन सुविधा

कर्मचारीले सेवा प्रदान गरे वापत प्रतिवेदन मितिको १२ महिना भित्रमा भुक्तानी गरिने तलब, ज्याला, बिदा वापतको भुक्तानी, सामाजिक सुरक्षा वापतको योगदान लगायत अन्य गैह्र नगद सुविधाहरु अल्पकालीन सुविधा अन्तर्गत पर्दछन् । यस्ता सुविधाहरुलाई लागत मूल्यमा प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ ।

### (ख) सेवा पश्चातका कर्मचारी सुविधाहरु

यस अन्तर्गत परिभाषित योगदान योजना (Defined contribution plan) तथा परिभाषित लाभ योजना (Defined benefit plan) पर्दछन् ।

परिभाषित योगदान योजना अन्तर्गतका दायित्व कर्मचारीले सेवा प्रदान गरेको समयमानै नाफा वा नोक्सान खातामा खर्च लेखाङ्कन गरिनेछ । यसमा एकपटक कोषले सम्बन्धित कर्मचारीको नाममा अवकाश कोषमा रकम जम्मा गरेपछि कर्मचारीको तलब बृद्धिलगायत अन्य कुराहरुको कारणबाट हुने लाभ हानी कर्मचारीले नै व्यहोर्ने हुँदा कोषको थप दायित्व रहनेछैन ।

परिभाषित लाभ योजना अन्तर्गत उपदान, निवृत्तिभरण, कर्मचारी जीवन सुरक्षण तथा औषधि उपचार सुविधा आदि पर्दछन् । कोषको परिभाषित लाभ योजना अन्तर्गतको हरेक योजनाको लागि भविष्यमा कोषले व्यहोर्नुपर्ने दायित्वको हिसाबहरेक वर्ष विमांकीय विधिबाट गरी सोको वर्तमान मूल्य निर्धारण गरी दायित्वको मापन गरिनेछ । विमांकीय मूल्यांकन अनुसारकोसेवा लागत (Service cost) र परिभाषित दायित्वको व्याज रकम (Interest on defined benefit liability) लाई नाफा वा नोक्सान खातामा खर्च लेखाङ्कन गरिनेछ । बिमाङ्कीय मूल्याङ्कनको

क्रममा भएको बिमाङ्कीय नाफा वा नोक्सान (Actuarial gain or loss) लाई अन्य विस्तृत आय खातामा लेखाङ्कन गरिनेछ ।

कर्मचारीलाई सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराईएको खण्डमा सो कर्जा प्रवाह गर्दाको समयमा बजार व्याजदर प्रयोग गरी कर्जाको उचित मूल्य निर्धारण गरिनेछ । यसरी निर्धारण गरिएको उचित मूल्य र प्रवाह गरिएको कर्जाको फरक रकमलाई सो कर्जा बाँकी रहेसम्म सो कर्जाको अवधिभर पर सारिएको सम्पत्तिको रुपमा (Deferred Assets) लेखाङ्कन गरी सोही बराबरको रकम कर्जाबाट समायोजन गरी लेखाङ्कन गरिनेछ । उक्त रकमबाट हरेक वर्ष बजार व्याजदर प्रयोग गरी व्याज आम्दानीको लेखाङ्कन गरिन्छ भने व्याज आम्दानी तथा प्राप्त व्याजको फरक रकमलाई पर सारिएको सम्पत्तिबाट कर्मचारी खर्चमा लेखाङ्कन गरिन्छ ।

**(ग) अन्य दीर्घकालीन सुविधाहरु**

यस अन्तर्गत प्रतिवेदन मितिबाट १२ महिना भित्र भुक्तानी नहुने अवकाशको समयमा भुक्तानी हुने विदा, दीर्घकालीन सेवा पुरस्कार, अपाङ्गता सुविधा आदि पर्दछन् । यस्ता सुविधाहरुको लागि कोषले व्यहोर्नुपर्ने दायित्वको हिसाब हरेक वर्ष विमांकीय विधिबाट गरी सोको वर्तमान मूल्य निर्धारण गरी दायित्वको मापन गरिनेछ । मूल्यांकन अनुसार लेखाङ्कन गर्नुपर्ने सम्पूर्ण खर्च रकमलाई नाफा नोक्सान हिसाबमा लेखाङ्कन गरिनेछ ।

**(घ) सेवा अन्त्य सुविधाहरु**

कोषले आव्हान गरेको अवस्थामा उक्त आव्हानमा तोकिएको शर्तहरु अनुसार कर्मचारीले उक्त आव्हान अनुसार रोजगारीको अन्त्य गर्न मन्जुर गरेको अवस्थामा उक्त प्रकृतिका सुविधाहरु निवृत्ति सुविधा अन्तर्गत लेखाङ्कन गरिनेछ । सामान्यतया यस्तो सुविधाहरु एकमुष्ठ भुक्तानी गरिन्छ । कोषको आव्हान कर्मचारीले मन्जुर गरी कोष वा कर्मचारी उक्त कार्यबाट पछि हट्न नसक्ने अवस्था कायम भएपछि कोषले भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम एकैसाथ लेखाङ्कन गरिनेछ ।

**(ङ) कर्मचारी कल्याणकारी कोषबाट हुने खर्च:**

नेपाल सरकार, अर्थ मन्त्रालयबाटस्वीकृत भई आएको कर्मचारीसञ्चय कोषनियमावली, २०८१ र सञ्चालक समितिको मिति २०६८/०५/०७ को नीतिगत निर्णय अनुरुप कोषका कर्मचारीलाई कर्मचारी कल्याणकारी कोषबाटउपलब्ध गराएको सुविधाको रकम वित्तीय विवरणको अभिन्न अंगको रुपमा रहेको कोष तथा जगेडामा भएको परिवर्तनको विवरणमा समावेश गर्ने गरिएको छ ।

## ३.१९ व्यवस्थाहरु (Provisions)

यदि विगतको घटनाको कारणले वर्तमानमा भुक्तानी गर्नुपर्ने कर्तव्य (Present obligation)कायम भई त्यस्तो कर्तव्य अन्त्य गर्न आर्थिकस्रोत कोषबाट बाहिरिने प्रबल सम्भावना समेत भएको र त्यस्तो कर्तव्यको रकम विश्वसनीय ढंगबाट अनुमान गर्न सकिने भएमा तिर्नुपर्ने समय वा रकम अनिश्चित (Uncertain timing oramount) भएको त्यस्तो दायित्वलाई व्यवस्थाको रुपमा लेखाङ्कन गरिनेछ । प्रतिवेदन अवधिको अन्तमा त्यस्तो वर्तमान कर्तव्य अन्त्य गर्न आवश्यक हुने व्ययको उत्कृष्ट अनुमानको रकममा व्यवस्थाको मापन गरिनेछ । यदि पैसाको समय मूल्य (time value of money) को प्रभाव महत्वपूर्ण (Material) भएमा कर्तव्य अन्त्य गर्न आवश्यक हुने अपेक्षा गरिएको व्ययको वर्तमान मूल्यनै व्यवस्थाको रकम हुनेछ । हरेक प्रतिवेदन अवधिको अन्तमा व्यवस्थाहरुको पुनरावलोकन गरी वर्तमान उत्कृष्ट अनुमानको आधारमा समायोजन गरिनेछ । यदि कुनै कर्तव्य अन्त्य गर्न आर्थिक लाभ भएको स्रोत कोषबाट बाहिरिनु आवश्यक नभएको पाईएमा व्यवस्था फिर्ता गरिनेछ ।

## ३.२० आय कर (Income Tax)

आयकर खर्च भनेको चालु कर र स्थगन कर जोडिएर आउने रकम हो । सिधै इक्विटीमा वा अन्य विस्तृत आम्दानीमा पहिचान हुने शीर्षकसँग सम्बन्धित आयकर खर्च क्रमशः इक्विटीमा वा अन्य विस्तृत आम्दानीमा र त्यस बाहेकको आयकर खर्च नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिनेछ ।

**(क) चालु कर**

समीक्षा वर्षको अन्त्यमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रुपमा कार्यान्वयन भएको करको दर तथा कर कानुन अनुसार गणना गरिएको आन्तरिक राजश्व विभागबाट/लाई पाउनु पर्ने/तिर्नु पर्ने यस वर्षको रकम र अघिल्ला वर्षहरुसँग सम्बन्धित कर दायित्वको समायोजन समेत चालु अवधिको कर सम्पत्ति वा दायित्व अन्तर्गत पर्दछ ।

**(ख) स्थगन कर**

वित्तीय प्रतिवेदन तयार गर्ने प्रयोजनको लागि आर्थिक वर्षको अन्त्यमा सम्पत्ति र दायित्वको कर आधार (tax base)र किताबी मूल्यको अस्थायी भिन्नताहरूमा स्थगन कर बापत व्यवस्था गरिनेछ । सम्पूर्ण घटाउनयोग्य अस्थायी भिन्नता, अघिल्ला वर्षबाट ल्याइएको उपयोग नभएको कर क्रेडिट र उपयोग नभएको कर नोक्सानी बापत स्थगनकर सम्पत्ति पहिचान गरिनेछ । सम्पूर्ण करयोग्य अस्थायी भिन्नता बापत स्थगनकर दायित्व पहिचान गरिनेछ ।

स्थगन कर सम्पत्तिको किताबी मूल्य प्रत्येक वर्षान्तमा पुनरावलोकन गरिनेछ र भविष्यमा पर्याप्त नाफा उपलब्ध हुने सम्भावना भएको सीमासम्मस्थगन कर सम्पत्ति घटाइनेछ । पहिचान नगरिएको स्थगन कर सम्पत्ति प्रत्येक वर्षान्तमा पुनः मूल्याङ्कन गरिनेछ र भविष्यको सम्भावित कर योग्य नाफासँग स्थगन कर सम्पत्ति उपयोग गर्न सकिने हदसम्म पहिचान गरिनेछ ।

आर्थिक वर्षको अन्त्यमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रुपमा कार्यान्वयन भएको करको दर र कर कानुनको आधारमा सम्पत्ति विक्रि भएको वा दायित्व समाप्त भएको समयको अपेक्षित करको दर प्रयोग गरी स्थगन कर सम्पत्ति र दायित्वको मूल्याङ्कन गरिनेछ । चालु वा स्थगन कर सम्पत्ति र दायित्व कर हेर्ने एउटै निकायसँग सम्बन्धित भएमा मात्र अफसेट गरिनेछ ।

